◆ **सम्पादकीय-**

- अध्ययनको अभावः दृष्टिकोणमा अन्योल - २

◆ **राष्ट्रिय राजनीति**

- आन्दोलनमा भूगोल र विभाग - **प्रदीप नेपाल** - ३

◆ **विश्लेषण**

- संयुक्त जनआन्दोलनको साझा सहमति .... - **प्रदीप ज्ञवाली** - ५

◆ **आवरण**

- निरङ्कुशताविरुद्ध आमपत्रकारको हुँकार **– सूर्य थापा** - ७
- भाषणमा मात्रै छ शान्तिसुरक्षा - १०
- अन्तर्राष्ट्रिय छवि धूमिल/'मण्डले राष्ट्रवाद' - ११
- राजाको शासनका जनविरोधी कार्यहरु-**कोमल भट्टराई** - १२
- शाही घोषणा र प्रजातन्त्रप्रतिको प्रतिबद्धता- **भानुभक्त ढकाल** - १४

◆ **आन्दोलन**

- जेठ महिनाको आन्दोलन - १५

◆ **अर्थ**

- अर्थतन्त्रले घुँडा टेक्न मात्र बाँकी **– डा. गोविन्दबहादुर थापा** - १७

◆ **बहश**

- माघ '१९' पछिको संवैधानिक स्थिति .... **– टीकाराम भट्टराई** - १९

◆ **दस्तावेज**

- 'असंवैधानिक सरकार विघटन हुनुपर्छ' - २१
- विघटित तेस्रो प्रतिनिधिसभाको पुनःस्थापना हुनुपर्दछ - २३

◆ **संस्मरण**

- सगरमाथाजस्तो उच्च मृत्यु **-शम्भुप्रसाद कट्टेल** - २४

◆ **चिनारी**

- प्रेरणादायी समाजसेवी - **कमला पराजुली** - २५

◆ **कथा**

- कन्जुस **– विमल मित्र** - २७

◆ **कृति**

- अमेरिका बास - मातृभूमिको सम्झना – - २८

◆ **मोफसल**

- तनहुँको कम्युनिष्ट आन्दोलन **– प्रतापलाल श्रेष्ठ** - २९

◆ **स्मृति**

- माओवादी आतंकले चुँडेको लाली गुराँस - **पृथ्वीसुब्बा गुरुङ** - ३१

◆ **अन्तर्वार्ता**

# अध्ययनको अभावः दृष्टिकोणमा अन्योल

लामै समयदेखि हाम्रो पार्टीभित्र खासखास बिमारीहरू जमेर बसेका छन् र तिनलाई स्वात्त बढारेर नमिल्काएसम्म पार्टीको अग्रगति खालि भाषणको विषय मात्र हुनेछ। ती बिमारीहरूमध्येको सबैभन्दा गम्भीर बिमारी हो, सिङ्गो पार्टीपङ्क्तिमा देखापरेको अध्ययनहीनता। गम्भीर सैद्धान्तिक र शास्त्रीय रचनाको अध्ययन त इतिहासकै विषय बनिसकेको छ भने पार्टीका नियमित प्रकाशनहरूप्रतिको अरुचि पनि दिनानुदिन बढ्दो भेटिएको छ। केन्द्रीय कमिटीको बैठकबाट पारित भएका प्रतिवेदनहरू पढ्नयोग्य मात्रै होइन, पढ्नैपर्ने हुन्छन्, *नवयुग मासिक* पत्रिका पार्टीका निर्णय बुझ्न मात्र होइन, समसामयिक मुद्दाहरूप्रति पार्टीको धारणा बुझ्न वा तिनलाई समृद्ध पार्न *नवयुग*को अध्ययन अनिवार्य नै हुन्छ। तर, पार्टी जीवनको यो महत्त्वपूर्ण पक्षप्रति ध्यान पुऱ्याउन अधिकांश जिल्ला कमिटीहरू बिलकुलै निष्क्रिय देखिएका छन्। महिनौदेखि तिनीहरूले एक प्रति पनि *नवयुग* आफ्नो जिल्लामा भित्र्याउने काम गरेका छैनन्, कोसिस पनि गरेका छैनन्।

आन्दोलन सञ्चालनको जिम्मेवारी पूरा गर्न, सङ्गठन परिचालनको दायित्व पूरा गर्न खालि नेताहरूका मौखिक भाषणहरू मात्र पर्याप्त हुँदैनन्। पार्टीका निर्णयको परिष्कार पनि मौखिक भाषणका आधारमा गर्न सकिँदैन। मुलुकमा दिनानुदिन घटिरहेका घटनाहरूको चिरफार, पार्टी कमिटीका गतिविधिको दस्तावेजीकरण पनि भाषणबाट मात्रै हुन सक्दैन। त्यसका लागि लिखित रूपमा केही न केही सामग्री पार्टी कमिटीहरूसँग हुनैपर्छ। यो काम सबैभन्दा प्रभावकारी ढङ्गले गर्ने भनेको *नवयुग*ले नै हो भन्ने प्रस्टै छ।

अध्ययनसमेत नगरी कसरी पार्टीको काम गर्न सकिन्छ ? कसरी आफ्नो दायित्व पूरा गर्न सकिन्छ ? हाम्रा जिल्ला कमिटीका कमरेडहरू समेत पार्टी निर्णयका बारेमा कतिपय सन्दर्भमा रनभुल्लमा परेको देखिएको छ। पार्टीका तात्कालिक निर्णयको जानकारी अन्तरपार्टी निर्देशनले दिन्छन् भने महिनाभरिको गतिविधिको जानकारीका लागि *नवयुग*को अध्ययन नै अनिवार्य हुन्छ। अखबारमा नेताहरूले बोलेका कुराहरूलाई कमिटीमा छलफलको विषय बनाउनु बेकारको कुरा हो। अहिलेको खुला राजनीतिक वातावरणमा प्रत्येक व्यक्तिले आफ्नो योग्यता अथवा अयोग्यता आफैँले प्रदर्शित गर्ने हो। हामी सबैले पालन गर्ने र अरूले ठीक बोले कि बेठीक बोले भनी निर्क्योल गर्ने आधार भनेको पार्टीको निर्णय हो। पार्टीका सामग्रीहरूको अध्ययन गर्ने प्रवृत्तिको विकास गर्नेबित्तिकै अमूक मान्छेले ठीक बोल्यो कि बेठीक बोल्यो भन्ने निर्णय आफैँले गर्न सकिने हुँदा, अध्ययनले कुन नेताले पार्टीलाई सही ढङ्गले अघि बढाउन सक्छ भन्ने योगदानगत आधार पनि आफैँ निर्माण गर्न सकिन्छ।

हामीले *नवयुग* ग्राहक अभियानका बारेमा धेरैपटक लेखेका छौँ। त्यसको प्रतिफल उत्साहजनक छैन। त्यसैले यो आह्वान अन्तिम भइदेओस् भन्ने हाम्रो कामना छ।

# आन्दोलनमा भूगोल र विभाग

' प्रदीप नेपाल

**हा**म्रो केन्द्रीय कमिटीको २०६१ फागुन २१ मा बसेको आठौँ बैठकले अघि सारेको 'निरङ्कुशतन्त्रको अन्त्य गरौँ, पूर्ण प्रजातन्त्र स्थापनाका निम्ति संयुक्त आन्दोलनमा अघि बढौँ' भन्ने नारा व्यवहारमा सार्थक प्रमाणित भएको छ । अहिले मुलुकका सात राजनीतिक पार्टीहरू आन्दोलनमा समाहित भएका छन् । तिनीहरूसँगै नागरिक समाजका विभिन्न अङ्गहरू आ-आफ्नो परिचयसहित आन्दोलनमा समाहित भएका छन् । राजाको प्रत्यक्ष नेतृत्वमा सञ्चालित अहिलेको सरकारले गरेका न्यायविरोधी, प्रजातन्त्रविरोधी, मानवअधिकारविरोधी, सञ्चारविरोधी गतिविधिले नै तत्तत् समुदायलाई आन्दोलनमा उत्रिन बाध्य तुल्याएको हो । त्यसैले अहिले नेपाली जनताको साझा माग भएको छ- निरङ्कुशताको अन्त र पूर्ण प्रजातन्त्रको प्राप्ति ।

आन्दोलन गर्नुपर्छ कि वार्ता गर्नुपर्छ भन्ने एउटा बेकामे बहस मुलुकमा चर्काउन खोजिएको छ । अहिले यस्तो बहसको अर्थै हुनुहुँदैन । वार्ता कोसित ? असवैधानिक सरकारसित ? कि राजासित ? केका लागि वार्ता ? किन वार्ता ?

यथार्थमा अहिले वार्ताको प्रसङ्ग उठाउनु भनेको फरबरी १ तारिखको शाही कदमलाई वैधानिकता दिने र जनताका सबै समुदाय, राजनीतिक पार्टी र स्वाभिमानी बौद्धिक समुदायका साथै ठूलो ग्रामीण भेकका किसानहरूबाट अलग्गिएका राजालाई आडभरोसा दिने काम मात्र हुनेछ । राजाले गोदेको गोद्यै गरेको वर्तमान घडीमा कुटाइ खाइरहेका दलहरूले राजासँग कसरी वार्ता गर्न सक्छन् ? वार्ताको वातावरण बनाउने दलहरूले होइन, त्यो काम सत्तामाथि नियन्त्रण जमाएर बसेको शासक गुटले हो । राजाको तर्फबाट कटुवाल खटाएर, विदेशी झुक्याउन फुकिएको वार्ताको ढ्वाङको त्यतिबेलासम्म महत्त्व हुँदैन, जतिबेलासम्म राजाले दलहरूको मर्यादालाई स्वीकार गर्दैनन् । दलहरू राजाको कृपामा बाँचेका भाटहरू होइनन् ।

नेपालका राजनीतिक दलहरूले राजालाई मानको आसनमा बसाएर सम्मान गर्ने प्रयत्न गरेकै हुन् । तिनले राजामाथि विश्वास पनि गरेकै हुन् । राजाबाटै दलहरूलाई लखेट्ने काम भएको हो ।

अहिले नेपालमा कसैको बोलीमाथि कसैले विश्वास गर्दैन । प्रत्येकले हेर्ने भनेको व्यवहार हो । जनता दलको एकतालाई व्यवहारमै जाँचिरहेका छन् र राजाको प्रजातन्त्रप्रतिको प्रतिबद्धतालाई पनि व्यवहारमै जाँचिरहेका छन् । क्रमिक रूपमा जनता दलहरूमाथि विश्वास गर्ने सिँढीतिर उक्लिइरहेका छन् भने राजाका बोलीहरूको महत्त्व त्यत्तिकै हिसाबले ओरालो लागेको छ । दलहरूले आफूमाथि लागेका अभियोगहरूलाई या त सफाइ दिने काम गरेका छन् र आफूलाई सच्याउने प्रक्रियामा समावेश भएका छन् । तर, सम्पूर्ण असफलताका सय दिनपश्चात् पनि राजाको पक्षबाट देश, जनता र राष्ट्रियताको हित सोचेर मुलुकको गम्भीर समस्या समाधान गर्न कुनै चासो देखाइएको छैन ।

यस्तो स्थितिमा राजाको शासन लामो जान्छ, राजाको शासनमा मुलुकको विकास हुन्छ, राजाको शासनमा मुलुकमा शान्ति छाउँछ भन्नु सबैभन्दा ठूलो राजनीतिक मूर्खता हो ।

अहिलेको मुलुकको समस्या राजाको राजनीतिक महत्त्वाकाङ्क्षा मात्रै हो । अरूलाई दलगत राजनीतिमा लाग्नु हुँदैन भन्नेहरू अहिले धमाधम पार्टी गठन गर्ने, पत्रकारको सङ्गठन बनाउने, नक्कली मजदुर सङ्घहरू बनाउने काममा लागिरहेका छन् । भएका राजनीतिक पार्टीका नेताहरूलाई थुनेर, दलका कार्यालयहरूमा आक्रमण गरेर दलगत राजनीतिलाई आतङ्कित तुल्याउने राजाले बनेका नयाँ सङ्गठनहरू र दलगत गतिविधिहरूका बारेमा चासै नदेखाए जस्तो गर्नुको अर्थ सबैले बुझ्नुपर्छ । राजा तिनै दल र सङ्घसंस्थाहरूको घोडा चढेर मुलुकमा नक्कली प्रजातन्त्रको अभ्यास गर्ने प्रयत्न गरिरहेका छन् ।

राजाको यो प्रयत्नले के प्रस्ट पार्छ भने राजा ९० प्रतिशत जनताको प्रतिनिधित्व गर्ने दलहरूसँग सहमतिको वार्ता गर्न चाहँदैनन् । यस्तो अवस्थामा काठमाडौँ अथवा जिल्ला र अञ्चलका सदरमुकामहरूमा आयोजना गरिने सभा र सानातिना प्रदर्शनले राजाको महत्त्वाकाङ्क्षामा घाउ लगाउन नसक्ने प्रस्टै छ ।

यस्तो अवस्थामा हामीले निरङ्कुशताविरोधी प्रचारलाई व्यापक पार्ने, त्यसलाई विस्तार गर्ने सन्दर्भमा केन्द्रीय कमिटीको आठौँ बैठकले दिएको निर्देशनलाई अक्षरसः कार्यान्वयन गर्नसक्नु पर्छ । प्रचारकार्यका बारेमा त्यसमा भनिएको छ- 'सम्भव तह र पक्रियाबाट राजाको निरङ्कुशताका विरुद्ध स-साना हातेपर्चा, पम्प्लेट र पोस्टरहरू टाँस्ने, छर्ने, जनताका हातहातमा दिने । यस कार्यमा सिङ्गो पार्टी पङ्क्तिलाई परिचालित गर्ने राष्ट्रव्यापी अभियान सृष्टि गर्नुपर्छ । ... देशैभर कहीँका पनि सार्वजनिक महत्त्व राख्ने र जनताका आँखा पुग्ने भित्ताहरू, पर्खालहरू, कल्भर्टहरू, राजमार्गका साइडहरू, फलैंचा, चौतारा र कुनै पनि सार्वजनिक स्थलहरूमा भित्तेलेखनलाई व्यापक बनाउनुपर्छ । ... हामीले जिल्ला, इलाका, नगर, वार्ड र क्षेत्रहरूमा पनि निरङ्कुशताविरोधी साना र छरिता प्रचार दलहरू बनाउने, घरघरमा पर्चाहरू पुऱ्याउने, घरदैलो कार्यक्रम सञ्चालन गर्ने' काम थालिहाल्नुपर्छ ।

तत्कालका लागि उक्त राजनीतिक प्रतिवेदनको पृष्ठ ३९, ४० र ४१ पृष्ठमा उल्लिखित बुँदाहरूको कार्यान्वयन नै सबैभन्दा महत्त्वपूर्ण काम हो ।

अहिलेको आन्दोलन संयुक्त जनआन्दोलन हो । त्यसैले पहिले राजनीतिक पार्टीहरूबीचको एकतालाई सुदृढ तुल्याउने कुरामा सबै दलका स्थानीय नेताहरूको ध्यान जाओस् भन्नका लागि अन्तरक्रियात्मक कार्यक्रमहरू आयोजना गर्ने, निरङ्कुश सत्ताको मारमा परेका पत्रकार, कानुन व्यवसायी, मानवअधिकारकर्मी सबैलाई आफूमाथि लादिएको उत्पीडनको जुवा फुकाएर फ्याँक्ने काममा प्रत्यक्ष सहयोग पुऱ्याउने काम गर्नुपर्छ । सबै राजनीतिक दलहरू सडक आन्दोलनमा छैनन् तर राप्रपा र जनशक्ति पार्टीहरूले वर्तमानको निरङ्कुशताप्रति विरोध जनाइरहेका छन् । त्यसैले ती पार्टीका स्थानीय निकायहरूलाई पनि मुद्दाहरूमा आफूसँगै हिँडाउने प्रयत्न गर्नुपर्छ ।

हामीले यतिबेला सम्पूर्ण रूपले तिरस्कार गर्ने भनेको वर्तमान निरङ्कुश सत्तालाई टेकोभरो दिने व्यक्ति र नक्कली संस्थालाई नै हो । यसका बारेमा आठौँ बैठकले हामीलाई यसरी मार्गदर्शन गरेको छ, 'यो एउटा व्यापक राष्ट्रिय सङ्घर्ष हो र यो आमजनताको आन्दोलन हो । हामीले यस आन्दोलनमा मजदुर, किसान, निम्नपुँजीपति वर्गका जनसमुदायहरू, राष्ट्रिय पुँजीपति वर्ग र सबै प्रजातान्त्रिक तथा देशभक्त शक्तिहरूलाई एकताबद्ध पार्नुपर्छ र सबै वर्ग, तह, जाति र समुदायका जनताको संयुक्त र एकताबद्ध जनआन्दोलनका रूपमा विकास गर्नुपर्छ ।'

अब नेताहरूलाई गाली गरेर दिन गाल्न सकिँदैन । राजनीतिक दलहरूले संयुक्त रूपमा एउटा रोडम्याप मुलुकका सामु प्रस्तुत गरिसकेका छन् । देश र दुनियाँको बौद्धिक समुदायले उक्त रोडम्यापलाई समर्थन पनि गरिसकेको छ । पूर्ण प्रजातन्त्रप्राप्तिको यो लडाइँलाई बीचमा तुहाउन नदिने प्रण सबै दलका नेताहरूले गरिसकेका छन् । हिजो को संसद् पुनःस्थापनाको पक्षमा थियो, को थिएन, हिजो को संविधानसभाको पक्षमा थियो, को थिएन भन्ने बहस अबका लागि निरर्थक भइसकेको छ । राजाको अन्तिम आक्रमणले मुलुकको राजनीतिक परिस्थितिमा ठूलै भुइँचालो ल्याएको छ र यो भुइँचालोमा देशको संहार हुन नदिन दलहरू आपसी मतामतलाई बिर्सिएर देश, प्रजातन्त्र र शान्तिका लागि एकजुट भएका छन् । यो ऐक्यबद्धतालाई हाम्रा आन्दोलनका व्यवहारको आदर्श बनाउनुपर्दछ ।

सामान्यतयाः हामीले १८ महिना पहिले अघि सारेको शान्ति र प्रजातन्त्रसम्बन्धी प्रस्ताव अहिले पनि सही छ । अरू दलहरूसमक्ष हामीले शान्ति स्थापना र निर्वाचन सम्पन्न गराउने उक्त रोडम्यापको समर्थनका लागि छलफल चलाउनुपर्छ । अरू दलहरूले पनि शान्ति स्थापनासम्बन्धी सुझाव या रोडम्यापहरू प्रस्तुत गर्न सक्छन् । त्यस्ता प्रस्तावहरूप्रति हाम्रो सोच सकारात्मक हुनुपर्छ ।

यसको सन्दर्भमा आठौँ बैठकले तत्कालका लागि यसो भनेको छ, 'त्यसरी अघि सारिने प्रस्ताव सबै बहुदलवादीहरूको साझा प्रस्ताव हुनेछ र त्यो आफैँमा नेपाली द्वन्द्व व्यवस्था र शान्ति स्थापनाको मार्गचित्रका रूपमा राष्ट्रका सामु आउनेछ । बहुदलीय प्रजातन्त्रका पक्षधर अन्य सबै राजनीतिक पार्टीहरू यस कुरामा एक भए र त्यस्तो प्रस्ताव अघि सार्नसके भने त्यो यस्तो निर्णायक आधार बन्न सक्नेछ, जसलाई दुवै अतिवादका पक्षधरहरूले पनि स्वीकार गर्ने स्थिति उत्पन्न हुनेछ ।

'असोज १८' बाट आरम्भ भएको प्रतिगमनलाई पराजित गर्न आमजनता आन्दोलित हुने माग, नारा, मुद्दा र परिचालनको व्यवस्था गर्नुपर्छ । 'असोज १८' को कदमपछि मुलुक राजनीतिक, आर्थिक, सामाजिक सबै क्षेत्रमा ओरालो मात्रै लागेको छ । यसबीचमा बढेको भनेको हत्या, आतङ्क र त्रासदी मात्रै हो । यस्तो अवस्थामा राजाको प्रतिगमन स्थायी हुन्छ भनेर कल्पना गर्नुसमेत मूर्खता हुन्छ । तर, सबैले प्रस्ट हुनैपर्छ, केही जुलुस, केही सभा, केही सेमिनार, केही गोष्ठीले राजालाई नैतिक दबाब देला भनेर कहिल्यै सोच्नुहुँदैन । मुलुक कङ्गाल भएसम्म नेपालमा शासन गरिरहने राजाको मार्गचित्र प्रस्ट छ । दलहरूले पनि शासनको लोभलालचमा नपरी जनताको सार्वभौमसत्ता स्थापना गरेरै छाड्ने मार्गचित्र प्रस्तुत गर्नुपर्छ ।

हाम्रो अभीष्ट प्रजातन्त्र हो, शान्ति हो र सबल राष्ट्रियता हो । हामी विश्व रङ्गमञ्चमा टाट पल्टेको देशको भिखारीका रूपमा परिचित हुन चाहँदैनौँ । हाम्रो देश सानो छ तर त्यसलाई समृद्ध बनाउने साधनस्रोत पनि हामीसँग छ । नेपालको स्वाभिमानलाई बचाएर बाँच्नका लागि हामीलाई कुशल राजनीतिक नेतृत्वको मात्र खाँचो छ । बहुदलीय व्यवस्थाका बाह्र वर्षका गल्तीलाई नदोहोऱ्याउने र प्रजातन्त्र भनेको जनताको शासनतन्त्र हो भन्ने सत्य बोध गरेर तदनुरूप काम गर्दै जाने हो भने मुलुकको राजनीतिक प्रणालीमा परिवर्तन गर्ने कामलाई नजिक्याउन सकिन्छ ।

राजनीतिक, सामाजिक, आर्थिक परिवर्तनको एउटै मात्र धुरी हो- काम । काम नगरी फल पाक्छ भन्ने सपना सोम शर्माको सातु मात्र हुन्छ । बलियो सङ्गठन, व्यवस्थिति जनपरिचालन, ठोस मुद्दाको प्रभावकारी उठान, निष्ठायुक्त कार्यकर्ताहरू, त्यागी नेताहरू नै परिवर्तनका बाहक हुन्छन् । हामी सबैले यस्तै नेता हुने प्रयत्न गर्नु आजको मूल आवश्यकता भएको छ ।

पार्टीले कामलाई व्यवस्थित गर्न अञ्चल, जिल्ला तथा स्थानीय कमिटीहरूमा कार्यकर्तालाई आवद्ध गरेको छ । आमजनताको उपस्थितिका लागि त्यसले जनसङ्गठनहरूको निर्माण गरेको छ । पार्टीको राष्ट्रिय/अन्तर्राष्ट्रिय सम्बन्ध परिचालन गर्न त्यसले विभागहरूको निर्माण गरेको छ । यी सबै निकायहरू आफ्ना निर्धारित कामहरूमा मात्रै पूर्णरूपले लागिदिए भने पनि आन्दोलनको राप उठाउन त्यतिगाह्रो छैन ।

अब थोरै बोलौं, धेरै गरौं । अरूको आलोचनालाई आफ्नो काममा प्रमाणित गरौं । खुद्रा-मसिना झमेलामा रमाउनेले सामाजिक परिवर्तनको ठूलो दायित्व बहन गर्न सक्दैन भन्ने सत्यबोध गरौं ।

# संयुक्त जनआन्दोलनको साझा सहमति
# विशेषता, सम्भावना र चुनौतीहरू

**' प्रदीप ज्ञवाली**

**साझा सहमति र प्रतिबद्धताका विशेषताहरू**

गत वैशाख २५ गते नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली काङ्ग्रेस, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चा, नेपालद्वारा निरङ्कुशतन्त्रका विरुद्ध संयुक्त जनआन्दोलनको साझा सहमति र प्रतिबद्धताको घोषणा सार्वजनिक गरिएपछि पूर्ण प्रजातन्त्रका निम्तिको आन्दोलनले नयाँ गति प्राप्त गरेको छ । यो घोषणासँगै 'माघ १९' को शाही 'कू' का विरुद्ध पार्टीहरूद्वारा सञ्चालित विरोध कार्यक्रमले निश्चित लक्ष्य, उद्देश्य र बाटोसहितको संयुक्त आन्दोलनको स्वरूप ग्रहण गरेको छ । यो सहमति र प्रतिबद्धता धेरै अर्थमा ऐतिहासिक महत्त्वको छ ।

**पहिलो**, पूर्ण प्रजातन्त्रका लागि सात राजनीतिक दलहरू एक ठाउँमा उभिनु र संयुक्त आन्दोलनमा उत्रिन सहमत हुनु आफैँमा गम्भीर महत्त्व राख्ने परिघटना हो । यी दलहरू नेपालको प्रजातान्त्रिक आन्दोलनका महत्त्वपूर्ण शक्ति तथा अगुवाहरू हुन् र सातमध्ये छ दलले विघटित प्रतिनिधिसभाको झन्डै ९५ प्रतिशतको प्रतिनिधित्व गर्छन् । २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा देखिएको भन्दा पनि अझ फराकिलो रहेको यो एकताले प्रजातन्त्रलाई पूर्णता दिन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

**दोस्रो**, दलहरू पहिलोचोटि राष्ट्रिय सङ्कट समाधानका लागि साझा सहमतिको मार्गचित्र कोर्न सफल भएका छन् । यद्यपि, यो मार्गचित्रको प्रारम्भिक रूपरेखा मात्र तयार भएको छ तर पनि प्रतिनिधिसभाको पुनःस्थापनाबाट सुरु गरेर संविधानसभासम्म पुग्ने स्वीकारोक्तिले राजनीतिक दलहरू समस्या समाधानमा विगतको सापेक्षतामा बढी गम्भीर र सकारात्मक भएको कुराको स्पष्ट झलक दिएको छ । राष्ट्रिय सङ्कटको समाधानमा आन्दोलनले भूमिका खेल्न सक्छ भन्ने सन्देश दिन र जनताको सक्रिय सहभागिता जुटाउन असफल रहेको अनुभवलाई हेर्दा यो सहमतिलाई सकारात्मक रूपमा लिनुपर्छ । सात दलको आन्दोलन र सहमतिप्रति बौद्धिक समुदाय, नागरिक समाज र आमजनताको सकारात्मक प्रतिक्रियाले यसको महत्त्वलाई उजागर गरेको छ ।

**तेस्रो**, दलहरू ०४६ सालको आन्दोलनले स्थापना गरेको प्रजातन्त्र सीमित, अपूर्ण र अपर्याप्त थियो भन्ने कुरामा सहमत भएका छन् । त्यसैले उनीहरूद्वारा प्रजातन्त्रलाई पूर्णता दिन र यसलाई फेरि खोस्न नसक्ने गरी सुदृढ तुल्याउन अबको संवैधानिक/राजनीतिक संरचनामा राष्ट्रिय महत्त्वका विषयमा जनमतसङ्ग्रहको प्रावधानको व्यवस्था गर्ने, सेनालाई जननिर्वाचित सरकारप्रति उत्तरदायी बनाउने तथा जनतामा निहित सार्वभौमसत्ता र जनता नै राजकीय शक्तिको श्रोत रहने कुराको अक्षुण्णता स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

**चौथो**, आन्दोलनकारी दलहरू ०४६ सालको आन्दोलनले राज्यको पुरानो र अप्रजातान्त्रिक संरचनालाई परिवर्तन गर्न नसकेको र वर्तमान शासन प्रणाली समाजका सबै पक्षलाई आफूभित्र समाहित गर्न तथा जनताको सहभागिताको प्रत्याभूति गर्न सक्षम नभएको कुरामा सहमत भएका छन् । बाह्र वर्षको बहुदलीय व्यवस्थाको अभ्यासका क्रममा हामीले नजिकबाट देखेका छौं- वर्तमान राज्यसंरचना महिलाको दृष्टिकोणबाट हेर्दा पितृसत्तात्मक छ, जनजातीय दृष्टिमा यो 'खस' पक्षीय छ, दलित-उत्पीडित समुदायको सन्दर्भमा यो 'ब्राह्मणवादी' र विभेदकारी छ, धार्मिक परिप्रेक्ष्यमा यो हिन्दूवादी छ भने भाषिक प्रसङ्गमा यो एकाधिकारवादी छ । त्यसरी नै, न त यसले समाजको सांस्कृतिक बहुलताको प्रतिनिधित्व गर्न सकेको छ, न यसले नेपालको भौगोलिक विविधता र विशेषतः मुस्लिम, मधेस र कर्णालीप्रति न्याय गर्न सकेको छ । यसका अलावा, वर्तमान राज्य संरचना अभिजातवर्गीय, मुट्ठीभरका सामन्त, ठूला पुँजीपति, तस्करहरू तथा विदेशी एकाधिकार पुँजीको हितरक्षक छ । त्यसैले यसको प्रजातान्त्रिक पुनर्संरचना गर्नु अनिवार्य छ । त्यसरी नै, हामीले अबलम्बन गर्दै आएको बेलायती ढाँचाको संसदीय प्रणाली खासमा बहुमतको नाममा अल्पमतले शासन गर्ने प्रणाली रहेछ र यस्तो ढाँचाले हाम्रोजस्तो बहुलतायुक्त समाजका जातीय/भाषिक/लैङ्गिक/वर्गीय/धार्मिक/सांस्कृतिक र भौगोलिक विविधताहरूलाई समेट्न तथा राज्यमा सहभागी बनाउन सक्दोरहेनछ भन्ने पनि स्पष्ट भएको छ । यो शासन प्रणालीलाई समावेशी र सहभागितामूलक बनाउन तथा राज्यमा जनताका सबै हिस्साको पहुँचलाई सुनिश्चित गर्न अनिवार्य भइसकेको छ । सात दलहरूले राज्यको प्रजातान्त्रिक पुनर्संरचना तथा सहभागितामूलक/समावेशी शासन प्रणालीको अबलम्बन गर्ने कुराको उद्घोषका साथ सामाजिक द्वन्द्वहरूको व्यवस्थापन गर्ने दिशामा सकारात्मक कदम चाल्न सहमति जनाएका छन् ।

**पाँचौं**, राजनीतिक दलहरूले हिंसा एवम् त्रासबाट मुक्त बहुदलीय प्रतिस्पर्धा, कानुनको शासन एवम् स्वतन्त्र न्यायपालिकाको अवधारणाको पुनर्पुष्टि गरेका छन् । उनीहरूले स्थानीय स्वशासन र असल प्रशासनको सुनिश्चितता, पारदर्शी आर्थिक प्रशासन, भ्रष्टाचारको प्रभावकारी नियन्त्रण, महिला, दलित, पिछडिएका जनजाति/आदिवासीहरू, मधेसी समुदाय तथा पिछडिएका क्षेत्र तथा जनसमुदायका निम्ति न्यायपूर्ण आरक्षणको प्रबन्ध, नागरिकता समस्याको समाधान, प्रगतिशील भूमिसुधार तथा शिक्षा र स्वास्थ्य सेवाको सुलभ उपलब्धताको पनि प्रतिबद्धता गरेका छन् । उनीहरूले राजनीतिक दलहरूको पारदर्शिता, उनीहरूको आन्तरिक प्रजातान्त्रीकरण तथा पार्टीलाई थप उत्तरदायी बनाउने सार्वजनिक प्रतिबद्धता व्यक्त गरेर आफ्नो भूमिकालाई वृद्धि गर्ने सङ्कल्प पनि गरेका छन् ।

**छैटौं**, पार्टीहरूले सामूहिक रूपमा विगतको संक्षिप्त समीक्षा गरेका छन् र आफ्ना प्रमुख कमजोरीहरूलाई औंल्याउने काम गरेका छन् । बहुदलीय व्यवस्थाका बाह्र वर्षमा उल्लेखनीय उपलब्धिहरू प्राप्त हुँदाहुँदै पनि महिला, जनजाति, दलित, मधेसी समुदाय,

पिछडिएका क्षेत्र, गरिब र विपन्न वर्गमाथिको विभेदलाई समाप्त पार्दै उनीहरूसमक्ष प्रजातन्त्रको प्रतिफल पुऱ्याउन नसक्नु, प्रजातन्त्रलाई उन्नत, समावेशी र समावेशी बनाउन नसक्नुलाई पहिलो कमजोरीको रूपमा मूल्याङ्कन गरिएको छ । त्यसरी नै, भ्रष्टाचारको प्रभावकारी नियन्त्रण गर्न नसक्नुलाई अर्को गम्भीर कमजोरीको रूपमा औंल्याइएको छ । त्यसरी नै, प्रतिगमनको खतरालाई समयमै आकलन गरेर यसलाई रोक्न सजगता अपनाउन नसक्नु तथा हिंसात्मक विद्रोहलाई बेलैमाथि व्यवस्थापन गर्न प्रभावकारी कदम चाल्न नसक्नुलाई पनि पार्टीहरूले आफ्नो मुख्य कमजोरीका रूपमा आत्मसात् गरेका छन् ।

**सातौं**, पार्टीहरूले राजाको नेतृत्वमा सञ्चालित दक्षिणपन्थी अतिवाद र माओवादीहरूले अगुवाइ गरिरहेको उग्रवामपन्थी अतिवादको तीव्र विरोध गरेका छन् र आफूहरूलाई कुनै पनि अतिवादी/बन्दुकवादी कित्ताको लहरमा उभ्याउन अस्वीकार गरेका छन् । उनीहरूले प्रजातन्त्रलाई नै सबैको मिलनबिन्दुको रूपमा पुनःपुष्टि गर्दै प्रजातान्त्रिक प्रक्रियामा आउन र संसद्लाई संवादको थलो बनाउन दुवै अतिवादी शक्तिहरूलाई आह्वान गरेका छन् ।

**सीमाहरू**

साझा सहमति र प्रतिबद्धता आफैँमा महत्त्वपूर्ण हुँदाहुँदै पनि यसलाई थप परिमार्जन, परिष्करण र स्पष्ट पार्न गर्नुपर्ने कामहरू भने अझै बाँकी छन् । त्यसरी नै, यो दस्तावेजलाई सम्पूर्ण जनताको आकाङ्क्षा, सपना र एजेन्डाको दस्तावेजमा रूपान्तरित गर्न थप उन्नत बनाउनु पनि आवश्यक देखिएको छ । खास गरी, आन्दोलनको प्रस्थानबिन्दुका रूपमा अघि सारिएको प्रतिनिधिसभाको पुनःस्थापनाको प्रक्रिया, त्यसमा दलहरू, न्यायालय र दरबारको भूमिका, पुनःस्थापित प्रतिनिधिसभाको अभिभारा र समयावधि, प्रतिनिधिसभाको पुनःस्थापनापछि नेपाली काङ्ग्रेस र नेपाल सद्भावना पार्टीका विभाजित हिस्साहरूको अन्तरसम्बन्ध तथा कानुनी हैसियत, त्यो प्रश्नको निपटारा नहुँदा उत्पन्न हुनसक्ने राजनीतिक र कानुनी जटिलता, संविधानभित्रैबाट अघि बढ्दै संविधानसभासम्म पुग्ने प्रक्रियाको अप्ठेरो, पुनःस्थापनाको नाराप्रतिको आकर्षणको मात्रा आदि विषयमा थप छलफल गर्नु, एकीकृत निष्कर्ष निकाल्नु र स्पष्ट पार्नु आवश्यक छ । यो समग्र प्रक्रियामा हिंसात्मक द्वन्द्वमा संलग्न अतिवादी शक्तिहरूको सम्भाव्य भूमिका र प्रतिक्रियाको सम्बन्धमा पनि आवश्यक विश्लेषण गरिनु जरुरी छ । त्यसरी नै, आन्दोलनको उचाइले उत्पन्न गर्नसक्ने विविध सम्भावनाहरू र गन्तव्यमा पुग्ने अन्य वैकल्पिक उपायहरूको सम्बन्धमा पनि पूर्वानुमान गर्नु आवश्यक छ । खास गरी, निरङ्कुशतन्त्रसँगको द्वन्द्वलाई संविधानको क्रियाशीलताबाटै समाधान गर्न सकिने र माओवादीहरूसँगको द्वन्द्वको सन्दर्भमा मात्रै संविधानसभासम्म (त्यो पनि सहमत भएमा मात्र) जान सकिनेजस्ता कुराले अझै पनि द्वन्द्वको जटिलतालाई गहिराइसाथ बुझ्न र सम्बोधन गर्न नसकिएको सङ्केत गर्छ । यो सहमति बाह्य दबाबमा नभएर विगतका अनुभवहरूको प्रकाशमा परिस्थितिको गाम्भीर्यबोधमा उभिएर तयार गरिएको हो भन्ने कुरालाई व्यवहारबाटै स्पष्ट पार्न बाँकी छ । त्यसरी नै, विगतको समीक्षा पनि अझै पर्याप्त हुन सकिरहेको छैन, जसलाई आगामी दिनमा ध्यान दिनु जरुरी छ ।

**चुनौतीहरू**

प्रमुख राजनीतिक दलहरू आन्दोलनका एजेन्डा र समाधानको कार्यसूचीमा सहमत हुनुले जनतालाई उत्साहित बनाउन, द्वन्द्वरत पक्षमाथि नैतिक दबाब सृष्टि गर्न तथा नेपालमा प्रजातन्त्र चाहने विश्वजनमतलाई आश्वस्त तुल्याउन उल्लेख्य भूमिका खेलेको छ । यसले पार्टीहरूलाई राष्ट्रिय राजनीतिको केन्द्रभागमा ल्याउन र समस्या समाधानमा उनीहरूको नेतृत्वदायी भूमिका निर्माण गर्न सघाउने निश्चित छ । राजा झस्किनु र आफूलाई वार्ता र संवादको पक्षमा रहेको ओठे अभिव्यक्ति दिन बाध्य हुनु तथा माओवादीहरूले यो सहमतिलाई सकारात्मक बताउँदै पार्टीहरूसँग सहकार्यको प्रस्ताव राख्नुले यो घोषणाको प्रभाव, सकारात्मकता र यसले दलहरूलाई दिएको अवसरको पुष्टि गर्छ । यति भईकन पनि, यो सहमति र प्रतिबद्धताको घोषणाको व्यावहारिक कार्यान्वयन गर्ने सम्बन्धमा केही गम्भीर चुनौतीहरू विद्यमान छन्, जसलाई सामना नगरिकन आन्दोलनले लक्ष्य भेदन गर्न सक्नेछैन ।

**पहिलो**, सात राजनीतिक दलहरूको एजेन्डा अझै पनि सम्पूर्ण जनताको एजेन्डा बन्न सकिरहेको छैन र पार्टीहरूको आन्दोलनले जनआन्दोलनको स्वरूप लिन सकिरहेको छैन । निरङ्कुशतन्त्र र अतिवादका विरुद्ध र प्रजातन्त्रको पक्षमा हुँदाहुँदै पनि आन्दोलनमा समाहित हुन नसकिरहेको जनताको यो निरपेक्षतालाई पार्टीहरूले गम्भीर अध्ययन गर्नुपर्छ र उनीहरूका आलोचना, टिप्पणी र सुझावहरूलाई ग्रहण गर्दै, आन्दोलनमा उनीहरूका तात्कालिक सरोकारका विषयहरूलाई समावेश गर्दै यसलाई साँचो अर्थमा जनआन्दोलनमा विकसित गर्न अथक प्रयत्न गर्नुपर्छ । यसका लागि बौद्धिक समुदाय, नागरिक समाज, मिडिया र आमजनसमुदायसँग दोहोरो संवाद थाल्नु, उनीहरूका भावनाको अध्ययन गर्नु र उनीहरूसँग सघन अन्तर्सम्बन्ध विकसित गर्नु आवश्यक छ ।

**दोस्रो**, पार्टीहरूको बीचको एकता अझै पनि बाध्यात्मक बढी, हार्दिक कम छ । विगतका कतिपय घटनाक्रमले उत्पन्न गरेका कटुता, तिक्तता र अविश्वासका असरहरू अझै विद्यमान छन् । उनीहरूका बीचमा कयौं सवालमा गम्भीर मतभेदहरू हुनु स्वाभाविक हो तर मतभेदहरूको समाधानका लागि स्वस्थ बहसको प्रजातान्त्रिक संस्कार र सहिष्णुताको विकास भइरहेको छैन । यसलाई सम्बोधन गर्न संयुक्त जनआन्दोलनको आचारसंहितामा 'साझा मञ्चहरूबाट पारस्परिक आलोचना नगर्ने र आफ्ना मञ्चहरूबाट पनि संयुक्त आन्दोलनको भावनामाथि आँच पुऱ्याउने अभिव्यक्ति नदिने' भनेर व्यवस्थित गर्ने प्रयत्न भएको छ तर पनि कतिपय मतभेदहरूका कारण आन्दोलनमा कमरेडली भावनाको विकास गर्न तथा घोषित प्रतिबद्धताको एकीकृत व्याख्या हुनसकेको छैन, जसलाई समयमै समाधान गर्नु आवश्यक छ ।

**तेस्रो**, विगतमा गुमेको पार्टीहरूको विश्वसनीयता राम्रोसँग स्थापित हुन सकिरहेको छैन । खास गरी, प्रजातन्त्र गुम्नुमा र राजाले निरङ्कुश शासन फर्काउन सफल हुनुमा लामो समयसम्म सत्तामा रहेको नेपाली काङ्ग्रेसका दुवै घटकहरूको जिम्मेवारी र केही वर्षअगाडिसम्म सशक्त विकल्पको रूपमा रहेको नेकपा (एमाले) को भूमिकाको सम्बन्धमा जनस्तरमा पर्याप्त आलोचना र प्रश्नहरू विद्यमान छन्, कतिपय नेता-कार्यकर्ताहरू जनतामाझ आलोचित छन् । उनीहरूले विगतका गल्ती-कमजोरीहरूका बारेमा अझ स्पष्टता, व्यापकता र गम्भीरताका साथ समीक्षा गर्न, पाँच वर्षअगाडिसम्म दुई तिहाइभन्दा बढी जनमत र संसदीय शक्ति विद्यमान हुँदाहुँदै पनि गाउँबाट माओवादीहरूले र सहरबाट राजाले कसरी प्रजातन्त्र समाप्त पार्न सफल भए भन्ने कुराको जवाफ खोज्न तथा भविष्यमा यस्ता कमजोरीहरू नदोहोरिने कुराको विश्वसनीय सङ्कल्प गर्नु आवश्यक छ । यसका लागि उनीहरूले विगतका महत्त्वपूर्ण उपलब्धिहरू र गम्भीर कमजोरीहरू दुवैलाई समावेश गर्दै श्वेतपत्र जारी गर्नु आवश्यक देखिन्छ ।

**चौथो,** राजा र माओवादीजस्ता दुवै अतिवादी शक्तिहरूसँगको सम्बन्ध, उनीहरूसँगको वार्ता प्रक्रिया तथा समाधानको बिन्दुका बारेमा पनि थप स्पष्ट हुन आवश्यक छ । यससम्बन्धी अस्पष्टताले दलहरू र एउटै दलका नेताहरूपिच्छे फरक-फरक अभिव्यक्तिहरू आइरहेका छन् र आन्दोलनमा द्विविधा र अन्योल पैदा भइरहेको छ । यतिबेलाको प्रमुख निसाना दरबारिया दक्षिणपन्थी शक्ति हो भन्ने कुरामा कुनै अन्योल रहनुहुँदैन र यथास्थितिमा त्यससँग संवाद, वार्ता या समभ्रुदारीको कुनै गुञ्जाइस छैन भन्ने कुरामा पनि उत्तिकै स्पष्ट हुनु आवश्यक छ। पार्टीहरूले संवादको ढोका बन्द गर्नुहुँदैन तर शक्तिशाली आन्दोलनको धक्काले नहल्लाएसम्म प्रतिक्रियावादीहरूसँग वार्ताको अर्थ आन्दोलनमा तुष्टीकरण, आशामुखी प्रवृत्ति र भुत्तेपन ल्याउनुबाहेक अर्को केही हुनेछैन । आन्दोलनको लक्ष्य गणतन्त्र बनिनसकेको भए पनि आन्दोलनकारीहरूलाई एउटा शक्तिको रूपमा राजाको भूमिका किमार्थ स्वीकार्य छैन, उनीहरू बढीमा साङ्केतिक र सांस्कृतिक राजसंस्थाको सवालमा, कुनै पनि भूमिका र सक्रियतारहितको राजसंस्थाको सवालमा मात्र विचार गर्न सक्छन् भन्ने कुरा स्पष्ट पार्न सक्नुपर्छ। त्यसै गरी, अग्रगमन र शान्तिस्थापनाका लागि माओवादीहरूको सकारात्मक भूमिकालाई स्वीकार्न र यो समस्याको शान्तिपूर्ण समाधान गर्न प्रतिबद्ध भए पनि माओवादीहरूले हिंसात्मक ज्यादतीहरू त्यागेर शान्तिपूर्ण आन्दोलनमा आउन तयार नभएसम्म र व्यक्ति स्वतन्त्रता, कानुनको शासन, आधारभूत मानवअधिकार, बहुदलीय प्रतिस्पर्धा, संविधानको सर्वोच्चता तथा दलहरूको अस्तित्वको सम्मान एवम् समस्याको शान्तिपूर्ण समाधानका लागि तयार नभएसम्म उनीहरूसँग सहकार्य सम्भव छैन भन्ने कुरामा स्पष्ट हुनु जरुरी छ ।

**पाँचौं,** यतिबेला प्रजातन्त्रको पक्षमा अन्तर्राष्ट्रिय जनमत निकै सशक्त ढङ्गले अगाडि आएको छ, जुन सकारात्मक कुरा हो । तर, आन्तरिक शक्तिको बलमा होइन, बाह्य शक्तिको बलमा प्रजातन्त्र फर्काउन खोज्ने जुन प्रवृत्ति आन्दोलनमा देखापरिरहेको छ र दिल्ली, लन्डन या ब्रसेल्सलाई जसरी समाधानको थलो बनाउने प्रयत्न देखिन थालेको छ, यसले पूर्ण प्रजातन्त्रको आन्दोलनलाई सहयोग नपुऱ्याउने कुरा निश्चित छ। बाह्य शक्तिहरूको इच्छा, रुचि र पहलमा हुने नयाँ खालको 'दिल्ली सम्झौता' ले निरङकुशतन्त्रविरुद्धको हाम्रो आन्दोलनलाई निर्णायक बिन्दुमा पुग्नबाट रोक्ने कुरा त निश्चितै छ, यसमार्फत हामीले राष्ट्रिय हितका धेरै प्रश्नमा हात तल पार्नुपर्ने र धेरै मूल्य चुकाउनुपर्ने कुरालाई पनि बोध गर्नैपर्छ ।

**छैटौं,** निरङ्कुशतन्त्र जुन व्यापकता, बेग र उचाइबाट हमला गर्न आइपुगेको छ, राजा 'निर्देशित प्रजातन्त्र' को आवरणमा जुन तानाशाही थोपर्ने प्रयासमा छन्, यसले पूर्ण प्रजातन्त्र निम्तिको यो आन्दोलन निकै जटिल, बलिदानी र लामो हुने कुरा स्पष्ट छ । त्यसैले नयाँ आक्रमणको सामना गर्न आन्दोलनकारी शक्तिहरूले आफूलाई तदनुरूप नै पुनर्गठित गर्नु जरुरी छ । पुरानै नीति, पुरानै शैली र पुरानै तरिकाबाट यो आन्दोलनको सफल सञ्चालन सम्भव छैन । विगतका हाम्रा कतिपय विश्लेषण, सिफारिस र संस्थाहरू असफल प्रमाणित भएका छन्। त्यसैले पार्टीहरूलाई नयाँ चुनौतीलाई सामना गर्नसक्ने गरी वैचारिक/राजनीतिक क्षेत्रमा, सङ्गठनात्मक रूपमा र आचरण/शैली/मूल्यको सन्दर्भमा समग्र पुनर्गठन गर्नुपर्छ र अहिले निष्कृयता, अविश्वास र निरासाले ग्रस्त पार्टी पङ्क्तिलाई नयाँ ढङ्गले ऊर्जावान, विश्वस्त र सक्रिय बनाएर आन्दोलनमा उतार्न सक्नुपर्छ, आफ्नो कमजोर भएको विश्वसनीयता, साख, जुझारु क्षमता, नैतिक मनोबल र लोकप्रियतालाई पुनःस्थापित गर्न सक्नुपर्छ। यसो गरेर मात्रै मुलुकलाई मध्ययुगीन अँध्यारोतिर फर्काउने राजाको प्रयत्नलाई परास्त गर्न सकिनेछ ।

◆

# निरङ्कुशताविरुद्ध आमपत्रकारको हुँकार

**' सूर्य थापा**

**ज**ब कुनै तानाशाहले सैनिक बल वा प्रशासनको प्रयोग गरेर जनताका अधिकारहरूमाथि धावा बोल्छ, तब उसले पत्रपत्रिकाहरूमा सेन्सरसिप लागू गर्छ, सञ्चारमाध्यममा नियन्त्रण गर्न खोज्छ र प्रेस स्वतन्त्रताको अपहरण गर्छ । यसरी के बुझ्न सकिन्छ भने जुनसुकै खाले निरङ्कुशता वा तानाशाही शासन वा शासक सबभन्दा पहिले प्रेससँग डराउँछ र प्रेसलाई नियन्त्रण गरी आफ्नो इच्छाअनुसार चलाउन खोज्छ । यो संसारभरि देखापरेको आम प्रवृत्ति हो ।

दुनियाँमा प्रजातन्त्रको अन्त्य प्रेस स्वतन्त्रताको समाप्ति गरेर आरम्भ हुन्छ । प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतामाथि हमला बोलेर नै प्रजातन्त्र खोस्ने गरेका थुप्रै उदाहरण छन् । नेपालमा यस्तो स्थिति पटकपटक देखापरिसकेको छ । तर, सच्चाइको रूपमा के स्थापित भइसक्यो भने जबजब प्रजातन्त्र र खुला परिवेश वहाली भयो, तबतब आमसञ्चारको विकासले तीव्रता पायो र प्रेसले स्वतन्त्रताको अनुभूति हुन सक्यो। तर, जबजब निरङ्कुशतावादी कदम चालिए, तबतब हुर्कंदो पत्रकारिता र स्थापित सञ्चारमाध्यमको गला निमोठ्ने काम हुँदै आयो। यो क्रम २००७, ०१७, ०४६ र ०६१ सालका प्रत्येक अग्रगामी र प्रतिगामी आकाङ्क्षामा देख्न सकिन्छ। 'माघ १९' को शाही कदम प्रजातन्त्रविरुद्धको 'कू' थियो, जसले अभिव्यक्ति स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई एकसाथ अपहरण गरी कथित आतङ्कवादविरुद्धको लडाइँका नाममा मुलुकमा निरङ्कुश, स्वेच्छाचारी र हुकुमी शासन थोपर्ने कसरत गरेको छ ।

**प्रजातन्त्रमा फस्टाएको सञ्चार उद्योग**

वि.सं. १९५८ सालमा *गोरखापत्र साप्ताहिक*बाट आरम्भ भएको नेपाली पत्रकारिताको इतिहास ०४६ सालसम्म नियन्त्रणकारी पत्रकारिता र सरकारी सञ्चारमाध्यमको बोलवाला हुँदै अघि बढेको देखिन्छ। *रेडियो नेपाल* (००७) र *नेपाल टेलिभिजन* (०४१) *गोरखापत्र* कै प्रवृत्तिमा हुर्केबढेका सञ्चारमाध्यम हुन् । ००७ सालमा जहानियाँ राणा शासनको दमनकारी पञ्जाबाट नेपालीहरू मुक्त हुने स्वतन्त्रता सङ्ग्रामकै क्रममा गैरसरकारी तहमा पत्रकारिताको विकासका प्रारम्भिक झिल्काहरू देखिए । ००७ साल फागुन ४ गते हृदयचन्द्रसिंह प्रधान र केदार न्यौपाने सम्पादक रहनुभएको *जागरण साप्ताहिक* निस्कन थालेदेखि गैरसरकारी तहमा पत्रकारिता आरम्भ भयो। पछि *सही रास्ता, समाज दैनिक, समीक्षा, मातृभूमि*लगायतका थुप्रै पत्रिकाहरू स्थापित भए। ०४६ साल चैत मसान्तसम्म नेपाल अधिराज्यभरि जम्मा चार सय २३ पत्रपत्रिकाहरू दर्ता थिए। जसमा दैनिक ६०, साप्ताहिक तीन सय ३८ र पाक्षिक २५ वटा थिए । पञ्चायतको ३० वर्षमा राजनीतिक आन्दोलनपछि सबभन्दा बढी प्रताडित थियो- पत्रकारिता । राज्यले मन

नपराउने समाचार, टिप्पणी र विचार छापेबापत पत्रपत्रिकाको दर्ता खारेजी हुने, अञ्चलाधीश कार्यालयले पत्रिकामा सेन्सर गर्ने, प्रतिबन्ध थोपरिने, सम्पादकहरूलाई जेलनेल र जरिवाना गरिने दमनकारी रवैया भोग्दै अग्रज पत्रकारहरूले स्वतन्त्रताको पक्षमा निरन्तर सङ्घर्ष गरेकै कारण नेपालमा स्वतन्त्र प्रेसको अवधारणा स्थापित भयो ।

०४६ सालको ऐतिहासिक जनआन्दोलनको सफलतापछि नयाँ संविधान निर्माणको प्रक्रिया अघि बढ्यो । पञ्चायती दमनको तीतो अनुभव गरिसकेका पत्रकारहरू प्रेस स्वतन्त्रताको संवैधानिक ग्यारेन्टी गर्नेपट्टि वातावरण बनाउन जुटे । नेपाल पत्रकार सङ्घका सभापति गोविन्द वियोगीको नेतृत्वमा अग्रज पत्रकारहरू रघु पन्त, हरिहर विरहीलगायतको एक प्रतिनिधि मण्डलले संविधान सुझाव आयोगका अध्यक्ष विश्वनाथ उपाध्याय र सदस्यहरूसँग भेट गरी प्रेस स्वतन्त्रता र सूचनाको हकलाई संविधानमै उल्लेख गर्न अनुरोध गर्‍यो ।

नेपाल अधिराज्यको संविधान, ०४७ को भाग ३ धारा १२ मा स्वतन्त्रताको हक, धारा १३ मा छापाखाना र पत्रपत्रिकासम्बन्धी हक र धारा १६ मा सूचनाको हकको प्रावधान राखिनुमा तत्कालीन नेपाल पत्रकार सङ्घको भूमिकाले काम गरेको थियो भन्दा अत्युक्ति नहोला । संविधानको धारा १३ मा स्पष्ट उल्लेख छ-

*'१. कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्ण प्रतिबन्ध लगाइने छैन । तर, नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूबीचको सु-सम्बन्धमा खलल पर्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।'*

*२. 'कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत गरिने छैन ।'*

*३. 'कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गरेबापत कुनै समाचारपत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन ।'*

संविधानको यस्तो व्यवस्थाले प्रेस स्वतन्त्रताको क्षेत्रमा नयाँ क्षितिज उघार्ने काम गर्‍यो । यो नवस्थापित सीमित प्रजातन्त्रकै देन थियो । पञ्चायतकालको उत्तरार्द्धमा छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, ०३९ को आडमा राज्यले पत्रकारहरूमथि थोपरेको भुक्तमान भोग्नेहरूको हकमा संविधानको उल्लेखित व्यवस्था एउटा ठूलो फड्को थियो । फलस्वरूप ०६२ चैत मसान्तसम्मको आँकडा हेर्दा नेपालमा कुल चार हजार ४९ पत्रपत्रिका दर्ता हुनसकेको देखिन्छ । तीमध्ये दैनिक दुई सय ९८, अर्धसाप्ताहिक नौ, साप्ताहिक एक हजार चार सय १४, पाक्षिक दुई सय ७६, मासिक एक हजार दुई सय ३१, द्वैमासिक दुई सय ५९, त्रैमासिक चार सय सात, चौमासिक २२, अर्धवार्षिक ६० र वार्षिक ७३ को सङ्ख्यामा रहेका छन् । *(स्रोतः सूचना विभाग, ०६२)* । पत्रिका दर्ता भएको यो तथ्याङ्ककै आधारमा मात्रै भन्नुपर्दा पञ्चायतको ३० वर्षमा भएको विकासको तुलनामा नवस्थापित प्रजातन्त्रको १५ वर्षमा छापामाध्यममा करिब एक हजार गुणाले विकास भएको छ । प्रजातन्त्रमै विभिन्न जाति, भाषा, संस्कृति र समुदायको विकास सम्भव हुन्छ भन्ने कुरा पनि जाहेर भएको छ- यस अवधिमा । कुल दर्ता भएका पत्रिकामध्ये भाषागत आधारमा नेपाली दुई हजार आठ सय छ, अङ्ग्रेजी तीन सय ३६, नेपाली/अङ्ग्रेजी छ सय ८६, नेवारी २४, तिब्बती एक, थारु तीन, लिम्बू एक, डोटेली एक र अन्य एक सय ६२ वटा पत्रपत्रिकाहरू रहेको देखिन्छ । *(स्रोतः उही)* । यति मात्र होइन, करिब चार दर्जन स्वतन्त्र रेडियो स्टेसन र आधा दर्जन स्वतन्त्र टेलिभिजन स्टेसनको स्थापनाले यसै अवधिमा सरकारी सञ्चारमाध्यमको एकाधिकार समाप्त हुन पुगेको छ । सरकारी सञ्चारमाध्यममा मात्रै नागरिकको निर्भरता अन्त्य भई वैकल्पिक, गैरसरकारी र सामुदायिक सञ्चारमाध्यमको अभूतपूर्व विकास भयो । यसले सूचनामा राज्यको होइन, जनताको पहुँच र शासकहरूको सट्टा ग्रामीण जनता समाचारको स्रोत बन्ने नयाँ परिप्रेक्ष्य विकसित भएको छ । इमेल र इन्टरनेटले मुलुकलाई सूचना साम्राज्यको एउटा एकाइको रूपमा स्थापित गरिदियो । यो अभूतपूर्व विकास सूचनाक्रान्तिकै एउटा अभिन्न अङ्ग हो ।

**नागरिक सहभागिता र जागरणको लहर**

सुखद अनुभूतिको पक्ष के हो भने बितेको डेढ दशकमा नेपाली पत्रकारिताको सङ्ख्या र गुण दुवैमा उल्लेखनीय विकास भएको छ । अभिजात्य वर्गका होइन, निरक्षर बाबुआमाका पढेलेखेका छोराछोरीहरू नै उल्लेख्य रूपमा पत्रकारिता पेसामा आबद्ध भए । शासकहरूले अशिक्षाकै कारण आफ्नो स्वार्थअनुरूप कज्याउन सकेका जनसमुदायको तहबाट उठेका ती शिक्षित छोराछोरीले आमसञ्चारमाध्यममार्फत शासकको भजनकीर्तन र स्तुति होइन, ग्रामीण क्षेत्र, अल्पसङ्ख्यक, वञ्चित र उपेक्षित समुदायको पक्षमा आवाज बुलन्द गर्ने काम गरे । उनीहरू निरङ्कुशतन्त्र र अधिनायकवादको खिलाफमा स्वतन्त्रताको गीत गुञ्जायमान पार्न कृतसङ्कल्परत थिए र छन्, जो पूर्ण प्रजातन्त्रप्रति प्रतिबद्ध देखिन्छन् । यदि नेपालमा प्रजातन्त्र नहुँदो हो त यी कोही पनि पत्रकारिता क्षेत्रमा स्वाभिमानका साथ सक्रिय हुन पाउँदैनथे । यो शासकहरूको इच्छा र प्रवृत्तिविरुद्धको विकास थियो । आमसञ्चारलाई आफ्नो मुख, इतिहास र प्रशस्तीको माध्यम बनाउन चाहनेहरूका लागि गैरसरकारी पत्रपत्रिका, रेडियो र टेलिभिजनको विकास र तिनको वैकल्पिक नेटवर्क विस्तार कुनै हिसावले पनि सैह्य थिएन । शासकको लच्छेदार भाषण, अभिनन्दन, स्वस्ती र सलामी गर्नुको सट्टा गाउँले जीवनका पीडा र भोगाइहरू, जनताका पौरख र कीर्तिमानहरू तथा तिनैका योग्यता र उपलब्धिहरूको प्रचारप्रसार गरी शासनको सर्वोच्च स्थानदेखि प्रत्येक राजकीय एकाइका गलत नीति, सोच, कार्यशैली र व्यवहारको आलोचना गर्ने गैरसरकारी सञ्चारसाधनको कार्यशैली शासकहरूलाई सैह्य नहुनु स्वाभाविक हो । केन्द्रीकृत सामन्ती र निरङ्कुश शासनसत्ताले त यस्तो स्वतन्त्रता सहन सक्ने कुरै होइन ।

**स्वतन्त्र प्रेसमाथि बज्रेको प्रहार**

०६१ माघ १९ को शाही कदम मुलुकमा निर्देशित प्रजातन्त्र र निर्देशित पत्रकारिता लाद्ने सुनियोजित प्रयत्न थियो । फलतः शाही भाषण सकिँदानसकिँदै राजनीतिक नेताहरूलाई नजरबन्दमा राख्ने, पक्राउ गर्ने र विरोधमा हुने प्रदर्शन रोक्न सेना तैनाथ गर्ने काम भयो । आश्चर्य त के मान्नुपर्छ भने राजाको भाषण रेकर्ड गर्न सरकारी *नेपाल टेलिभिजन*का प्राविधिकहरूलाई समेत संलग्न गरिएको थिएन । भाषणको रेकर्ड लिएर सेनाका छुट्टाछुट्टै टुकडी *नेपाल टेलिभिजन र रेडियो नेपाल*मा पुगी त्यसको प्रसारण नसकिँदासम्म प्रसारणकक्षसमेत नियन्त्रणमा लिएर बसेका थिए ।

उक्त घोषणासँगै देशभरिका पत्रपत्रिका, एफएम र टेलिभिजन स्टेसनहरूमा सुरक्षा तैनाथी भएबाट सिङ्गो आमसञ्चारक्षेत्र आहत हुनपुग्यो । सेनाको उपस्थिति, सिभिल ड्रेसमा सेनाले सेन्सरसिप गरेर पत्रपत्रिकालाई शाही निरङ्कुशताको पक्षमा भजनकीर्तन गर्ने

माध्यममा रूपान्तरण गर्न नखोजेको होइन । करिब एक महिनासम्म चलेको प्रत्यक्ष सेन्सरसिप तथा त्यसयता जारी दबाबले निरङ्कुशतन्त्र प्रेस स्वतन्त्रताको बैरी हो भन्ने तथ्य सावित भइसकेको छ । यसबीचमा राज्यले पत्रकारहरूलाई गिरफ्तार गर्ने, आवतजावतमा थुनछेक गर्ने, स्वतन्त्र रिपोर्टिङमा बन्देज लगाउने, बयान लिनेजस्ता दमनकारी क्रियाकलापहरू मात्र गरेको छैन, सरकारी विज्ञापन रोकेर आर्थिक नाकाबन्दी लगाउने, लोककल्याणकारी विज्ञापन छापेबापतको भुक्तानी रोक्ने र क्रियाशील पत्रकारका मोबाइलहरू छानी-छानी सञ्चालन हुन नदिनेजस्ता पक्षपातपूर्ण काम पनि गरिरहेको छ । यतिले नपुगेर गुपचुपमा सञ्चारसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश तयार गरी सिङ्गो पत्रकारिता क्षेत्रमा नियन्त्रण जमाउने प्रयत्न सार्वजनिक भएको छ । जसमा दण्डको व्यवस्थालाई कडा पार्ने, जरिवानालाई अकल्पनीय रूपमा बढाउने, सञ्चार कानुनहरूको स्वेच्छाचारी संशोधन गरी फौजदारीकरण गर्ने तथा सञ्चारमाध्यमलाई निरङ्कुशताको पक्षमा उभ्याएर भजनमण्डलीमा रूपान्तरण गर्ने प्रपञ्च रचिएको कुरा छर्लङ्गै बुझ्न सकिन्छ ।

राज्यको यस्तो रवैयाका कारण यतिबेला स्वतन्त्र रेडियोहरू समाचार र जानकारी प्रसारण गर्न नपाई अस्तित्वरक्षाको चरणमा छट्पटाइरहेको अवस्था छ । एक हजारभन्दा बढी रेडियो सञ्चारकर्मीहरू बेरोजगार भइसकेका छन् भने करिब एक अर्बको हाराहारीमा तिनमा भएको लगानी डुब्ने स्थितिमा पुगेको छ । अझै केही समय यही स्थिति जारी रहेमा रेडियोहरू चल्नसक्ने अवस्था देखिँदैन ।

देशभर क्रियाशील करिब छ हजार पत्रकारहरूको सङ्ख्या नै राज्यका लागि असैह्य भएको छ भन्ने उसको व्यवहारले देखाउँछ । सञ्चारमन्त्रीले आफ्ना निकटस्थहरूसँग तीन वर्षभित्र पत्रकारहरूको सङ्ख्या एक हजारको हाराहारी मात्रै रहने कुरा त्यसै गरेका होइनन् होला । प्रजातन्त्र र स्वतन्त्रताको निष्ठा बोकेका तमाम पत्रकारहरूलाई यस पेसाबाट पलायन गराउने तथा सञ्चारका साधनलाई आर्थिक नाकाबन्दी गरेर तहसनहस पार्ने षड्यन्त्र सफल पार्न राज्य तल्लीन छ भन्ने कुरा उसले आफ्नो व्यवहारमा पटकपटक देखाइसकेको छ ।

**लुटिएको अधिकार खोसेर लिन सङ्घर्ष**

नेपाल पत्रकार महासङ्घले स्वतन्त्र प्रेसमाथिको राज्यको हस्तक्षेपविरुद्ध सङ्घर्षमा जोड दिँदै आएको छ । जेठ ८ गते महासङ्घको केन्द्रीय कार्यालय, शाखा र एसोसिएट संस्थाका कार्यालयहरूमा कालो झन्डा गाडेर सुरु भएको यस सङ्घर्षमा विभिन्नखाले विरोध प्रदर्शनहरू भइसकेका छन् । पत्रकारहरूलाई नियन्त्रण गर्न ल्याउन खोजिएको कालो अध्यादेशविरुद्ध जेठ १० गते मुखमा कालो पट्टी बाँधेर साङ्केतिक प्रदर्शन, जेठ ११ गते प्रजातन्त्र र प्रेस स्वतन्त्रता विषयक राष्ट्रव्यापी छलफलको आयोजना, जेठ १३ गते एफएम प्रसारणमा अवरोध र त्यसले पारेको नकारात्मक असर तथा रेडियो पत्रकारको अवस्था एवम् श्रमजीवी पत्रकारसम्बन्धी ऐन-नियमको कार्यान्वयन र पेसागत सुरक्षाको सन्दर्भमा केन्द्र तथा जिल्लाहरूमा छलफल कार्यक्रम सम्पन्न भएका छन् । जेठ २२ गते एफएम रेडियो र रेडियो पत्रकारका समस्यालाई लिएर प्लेकार्ड ब्यानर, रेडियोसेट, कार्टुन एवम् अन्य सिर्जनात्मक प्रयोगसहितको साङ्केतिक प्रदर्शन भएका छन् । जेठ २५ गते सञ्चारमाध्यममा सरकारी नियन्त्रणविरुद्ध सम्बन्धित निर्देशिका, सूचना, ऐनको मस्यौदा आदिको प्रदर्शन गर्नुको साथै राज्यले स्वेच्छाचारी रूपमा घोषणा गरेको निषेधित क्षेत्र उल्लंघन गर्नेक्रममा भएको प्रहरी हस्तक्षेपप्रति सिङ्गो संसारको ध्यानाकर्षण भयो । महासङ्घ सभापति विष्णु निष्ठुरी, उपसभापति शिव गाउँले, महासचिव महेन्द्र विष्ट, सचिव बलराम बानियाँ, कोषाध्यक्ष हेमन्त काफ्ले तथा सदस्यहरू सूर्य थापा, नारायण अमृत, रामजी दाहाल र पूर्ण बस्नेतसहित ५१ पत्रकारलाई गिरफ्तार गरी १६ घण्टासम्म प्रहरी हिरासतमा राखेर छाडियो । यो महासङ्घको पहिलो चरणको आन्दोलनको उत्कर्ष थियो ।

जेठ २७ गते स्वतन्त्र सञ्चारमाध्यममा विज्ञापन रोक्का एवम् आर्थिक नाकाबन्दीको कारण परेको अवरोध, असर र पत्रकारको पेसागत सुरक्षामा उत्पन्न सङ्कट झल्किने गरी व्यवस्थापन र प्रभावित पत्रकारको संयुक्त साङ्केतिक प्रदर्शन गर्ने तथा अन्तिममा जेठ ३० गते नेपाली प्रेसका समग्र समस्यालाई लिएर अन्य पेसागत सङ्घ-संस्था, मानवअधिकारवादी र नागरिक समाजको समेत संलग्नतामा ब्यानर-प्लेकार्डसहित बृहत् संयुक्त विरोध प्रदर्शन गर्नेजस्ता कार्यक्रमहरू महासङ्घको आह्वानमा सम्पन्न भएका छन् । स्वतन्त्र रेडियो बचाऊ उभियान र स्वतन्त्र रेडियो पत्रकार सङ्घर्ष समितिले कम्युनिकेसन कर्नर बन्द गराउने सरकारी आदेश तथा रेडियोमाथि राज्यको स्वेच्छाचारी हस्तक्षेपविरुद्ध शङ्खघोष, विरोध सद्बुद्धिका लागि मन्दिरमा प्रार्थना गर्ने, रेडियो सेट र संविधानका सम्बन्धित धारा हुलाकमार्फत पठाउनेजस्ता कार्यक्रमहरू सम्पन्न गरेका छन् । यसप्रकार राज्यको हस्तक्षेत्र र दमनका विरुद्ध आमपत्रकारहरू जुर्मुराएका छन्, अन्तर्राष्ट्रिय क्षेत्रको गम्भीर ध्यानाकर्षण भएको छ ।

आमपत्रकारहरू अपहृत अभिव्यक्ति स्वतन्त्रता र लुटिएको प्रेस स्वतन्त्रताको वहालीका निम्ति सङ्घर्षको मोर्चामा लामबद्ध नभएको भए राज्यको दमन र नियन्त्रण अझै बढ्ने निश्चित थियो । कालो अध्यादेश जारी नहुँदै त्यसको मस्यौदा सार्वजनिक गरेर महासङ्घले सरकारी षड्यन्त्रको पोल खोल्ने र व्यापक विरोध-भण्डाफोर गर्ने गरी सङ्घर्षको अगुवाइ नगरेको भए अहिलेसम्म स्वतन्त्रताको घाँटीमा उक्त अध्यादेशको पासो लागिसक्थ्यो । यसरी आमपत्रकारहरू लुटिएका अधिकार मागेर मात्र होइन, खोसेर लिइछाड्ने जुन सङ्कल्पका साथ सङ्घर्षरत छन्, यसले जनस्तरमा ठूलो उत्साह र ऊर्जाको सञ्चार गरेको छ । यो सङ्घर्षलाई पूर्ण प्रजातन्त्र, शान्ति र पूर्ण प्रेस स्वतन्त्रता वहाली नहोउन्जेल योजनाबद्ध र प्रभावकारी ढङ्गले सञ्चालन गर्नुको अर्को कुनै विकल्प छैन ।

# चालीस वर्षको नक्कल चार महिनामै !

सिङ्गापुरमा लामो समय प्रधानमन्त्री रहेका ली क्वान यूको संस्मरणात्मक कृति *फ्रम थर्ड वर्ल्ड टु फस्ट, द सिङ्गापुर स्टोरी : १९६५-२000* मा एउटा छुट्टै अध्याय रहेको छ-'म्यानेजिङ् द मेडिया' अर्थात् सञ्चारमाध्यमको व्यवस्थापन ।

सन् १९५९ मा सामान्य कानुन व्यवसायीबाट प्रधानमन्त्री चुनिन पुगेका लीले त्यतिखेर शासन व्यवस्था राम्ररी चलाउन सकेनन् । १९६५ मा सिङ्गापुर स्वतन्त्र भएपछि ली पुनः प्रधानमन्त्रीमा चुनिए । तत्पश्चात् उनले घोषणा गरे- 'नयाँ निर्वाचित सरकारको

प्राथमिकतालाई सघाउने गरी मात्र प्रेस स्वतन्त्रताको उपयोग गर्नुपर्छ । किनभने एउटा समाचारपत्रले देशको राजनीतिलाई नै प्रभावित गर्छ ।'

ली क्वान यूको कथन थियो- 'जुन मुलुकले सूचना प्रविधिलाई नियन्त्रण गर्छ, त्यसले सधैँभरि हार्छ । तर, सूचनाको बाढीलाई व्यवस्थापन गर्न सक्नुपर्छ ।' एक सन्दर्भमा उनले यसको औचित्य प्रस्तुत गर्दै भनेका छन्- 'कसैले हाम्रो हात बटारिदिन्छन् भने जवाफमा हामी तिनको नाक नै बटारिदिन्छौँ ।' यो कथन सञ्चारमाध्यममा विदेशी प्रभाव र हस्तक्षेपप्रति लक्षित थियो । त्यतिखेरको कार्यशैलीबारे उनले दम्भपूर्वक भनेका छन्- 'म मेरा आलोचकहरूको आमने-सामने सामना गर्न तयार थिएँ ।' अब हेरौँ यस्ता केही दृष्टान्तहरू, जसको सहारामा लीले सञ्चारमाध्यमलाई आफ्नो विपक्षमा नलेख्ने गरी नियन्त्रण गर्न सके :

- विलियम सफिरले ली क्वान यूलाई धेरै वर्षसम्म सद्दाम हुसेनजस्तो तानाशाह भनेर लेखे । सन् १९९९ को जनवरीमा डेभोसमा दुई जनाको आमने-सामने भयो । सफिरको लीसँग एक घण्टा लामो प्रश्नोत्तर चल्यो । त्यसैमा आधारित भएर उनले लेखेका दुईवटा लेख *न्युयोर्क टाइम्स*मा छापिए भने त्यसको वेबसाइटमा पनि राखिए । साथै सिङ्गापुरका पत्रपत्रिकाले पनि तिनको पुनः प्रकाशन गरे । सफिर किन त्यसरी प्रभावित भए तर लीले यसलाई आफ्नो ठूलो सफलताको रूपमा उल्लेख गरेका छन् ।

- सन् १९९० मा बर्नाड लेभिनले *लन्डन टाइम्स*मा लीको शासनलाई 'कुशासन' भन्दै 'उनको साम्राज्यमा कसैलाई पनि दृढतापूर्वक उभिन दिइन्न' भन्ने टिप्पणी लेखे । ली क्वान यूले त्यस सम्बन्धमा बनार्डसँग लन्डनमा टेलिभिजनमै प्रत्यक्ष बहसको निम्ति प्रस्ताव गरे । तर, त्यसका सम्पादकले 'यहाँका कुनै टीभी स्टेसनले त्यस्तो बहस गराउन रुचि देखाएनन्' भन्ने जवाफ दिए । त्यसपछि लीले *दी इन्डिपेन्डेन्ट*को आधा पेज विज्ञापन प्रयोजनका लागि किने र त्यसमा आफ्नो स्पष्टीकरण छापे । आफ्ना साथी मर्मांडक हेली, जो *बीबीसी*का अध्यक्ष थिए, तीमार्फत त्यसबारेमा *बीबीसी वर्ल्ड सर्भिस*द्वारा पनि आफ्नो जवाफ दिए । यसो नगरेको भए सिङ्गापुरका पत्रकार र प्राज्ञिक व्यक्तिहरूमा आफ्ना नेता तर्कसँग डराउँछन् भन्ने भ्रम पर्दथ्यो, जसले तिनीहरूमा आफ्नो सम्मान गुम्न जान्थ्यो भन्ने लीको धारणा देखिन्छ ।

- सन् १९९३ को जुलाईमा बेलायतको प्रभावशाली साप्ताहिक *दी इकोनोमिस्ट*ले एउटा लेखमा 'गोप्यतासम्बन्धी सरकारी कानुन' अन्तर्गत एक जना सरकारी अधिकारी, सम्पादक र रिपोर्टरलाई कारबाही गरेको भनी आलोचना गऱ्यो । ली क्वान यू भन्छन्- 'हामीले एउटा पत्र पठाएर उक्त लेखको सम्बन्धमा सत्य प्रस्ट्याउन भन्यौँ । तर, पत्रिकाले पत्रको महत्त्वपूर्ण अंश छापेन । त्यही आरोपमा त्यसको सात हजार पाँच सय प्रति नियन्त्रणमा लियौँ र भन्यौँ- त्यसको प्रकाशनलाई क्रमशः नियन्त्रण गर्दै जान्छौँ । पछि उक्त पत्रिकाले चिट्ठीको त्यो अंशसमेत प्रकाशन गऱ्यो । अनि हामीले प्रतिबन्ध हटायौँ ।'

- सन् १९८६ को डिसेम्बरमा *दी एसियन वाल स्ट्रिट जर्नल*ले सिङ्गापुरको सेयर बजारसम्बन्धी समाचार छाप्यो । त्यहाँका मौद्रिक पदाधिकारीले सो समाचार गलत भनी पत्राचार गरे । उक्त पत्रिकाले त्यो पत्र छाप्न अस्वीकार मात्रै गरेन, आफ्नो टिप्पणी सही र तथ्यपूर्ण छ भन्ने दाबी पनि गऱ्यो । मौद्रिक पदाधिकारीले पुनः पत्र पठाएर गल्ती औल्याए । तर, पत्रिकाले त्यसको दोस्रो पत्र पनि छाप्न मानेन । लीले उक्त पत्रिकाको बिक्री-वितरणलाई पाँच हजार प्रतिबाट घटाएर चार सय प्रतिमा सीमित गरिदिए । यस्तै आफूले पठाएको चिट्ठी नछापिदिएको भनी लीले अमेरिकी पत्रिका *टाइम*को वितरणमा नियन्त्रण गरी १८ हजारबाट नौ हजार हुँदै दुई हजारमा सीमित पारे । अमेरिकी स्टेट डिपार्टमेन्टले दुवै पत्रिकामाथि गरेको नियन्त्रणप्रति दुःख व्यक्त गर्दै स्वतन्त्र र हस्तक्षेपरहित प्रेसको वकालत गऱ्यो । तर, ली त्यसको पर्वाह नै नगरेको बताउँदै भन्छन्- 'पछि हाम्रो पत्र छापेपछि *टाइम*को वितरणमा नियन्त्रण कम गऱ्यौँ र आठ महिनापछि पूर्णतः हटायौँ । एवम्रीतले चिट्ठी जस्ताको तस्तै नछापेको भनी *एसिया विक*को वितरण सन् १९८७ को सेप्टेम्बरमा ११ हजार बाट पाँच सय, *फारइस्टर्न इकोनोमिक रिभ्यू*को वितरण नौ हजारबाट पाँच सयमा मात्रै सीमित पारेको पनि उक्त संस्मरणमा उल्लेख छ । एक महिनापछि *एसिया विक*ले चिट्ठी जस्ताको तस्तै छापिदियो तर त्यसको वितरणमाथि लागेको प्रतिबन्ध एक वर्षपछि मात्रै हटाएको ली स्वयम्ले लेखेका छन् ।

- सन् १९८६ मा एउटा कानुनद्वारा नै सिङ्गापुरको आन्तरिक राजनीतिमा संलग्न भएका कुनै पनि विदेशी प्रकाशनहरूको बिक्री-वितरणमा पूर्णतः प्रतिबन्ध लगाउने, पश्चिमा पत्रपत्रिकाका निश्चित प्रति मात्रै बिक्री-वितरण गर्न पाउने गरी नियन्त्रण गरेको पनि लीको उक्त पुस्तकमा उल्लेख छ ।

त्यहाँ सन् १९७७ मा कुनै व्यक्तिले पत्रपत्रिकामा तीन प्रतिशत भन्दा बढी साधारण सेयर लगानी गर्न नपाउने गरी नयाँ कानुन बनाएर पत्रिकाको स्वामित्वमा नियन्त्रण गरेको देखिन्छ । त्यसमा व्यवस्थापन सेयरको छुट्टै व्यवस्था हुनसक्ने तर त्यसको अन्तिम निर्णय मन्त्रीले गर्ने व्यवस्था पनि राखियो । व्यवस्थापन सेयरमा लगानीका लागि मन्त्रीले चारवटा स्थानीय बैंकलाई अधिकार सुम्पे । यसरी बैंकमार्फत समेत नियन्त्रण गर्ने काम भयो । एउटा आश्चर्यजनक पक्ष लीले भनेका छन्- 'हामीले कम्युनिस्टका प्रकाशनमाथि सधैँभरि प्रतिबन्ध लगायौँ । तर, पश्चिमा पत्रिकाहरू कसैले त्यसको विरोध गरेनन्, किनभने पश्चिमा समाचारपत्र र जर्नलमाथि त्यस्तो प्रतिबन्ध लगाएका थिएनौँ ।'

- बेलायतीहरूको लगानीमा रहेको *स्ट्रेटस टाइम्स* ली क्वान यूको पिपुल्स एक्सन पार्टीविरोधी थियो । त्यसले बेलायतीहरूकै पृष्ठपोषण गरेको भन्ने लीको बुझाइ थियो । उनले चिनियाँ महाजनहरूको नियन्त्रणमा रहेका *नाम याङ्ग सियाङ पाओ* र *सिङ्ग चो जित पो*जस्ता पत्रिकाहरूमा अवसरवादी सम्पादक रहेको तथा चिनियाँ कम्युनिस्ट पार्टीका कार्यकर्ता कार्यरत रहेको उल्लेख गरी आफ्नो नियन्त्रणकारी कदमको औचित्य प्रस्तुत गरेका छन् भने *उ तु सान मले यू*जस्ता पत्रिकाले राष्ट्रको पहिचानको होइन, सामुदायिक स्वार्थको मात्रै सेवा गरेको भनी आरोप लगाउँदै भनेका छन्- 'हामी औपनिवेशिक स्वार्थविरुद्ध लाग्नैपर्थ्यो र विदेशीहरू पत्रिकाको मालिक हुनुहुँदैन भन्ने त हाम्रो घोषित नीति नै हो । सन् १९५९ मा लीको पार्टीविरोधी रहेको *स्ट्रेट्स टाइम्स* उनको दमन र नियन्त्रणबाट जोगिन सिंगापुरबाट पलायन भई मलेसियाको क्वालालम्पुर जानसमेत बाध्य भयो । तर, पछि सन् १९६५ मा त्यही पत्रिका ली र उनको पार्टीको पूर्ण समर्थक बनेर सिङ्गापुरमै फर्क्यो र नियमित रूपमा प्रकाशित हुन पायो ।

- सिङ्गापुरका अधिकांश पत्रपत्रिकाहरू बेलायती सम्पादक र संवाददाताहरूबाट प्रभावित रहेको तर त्यहाँको राजनीतिक संस्कार र संस्कृति पश्चिमा देशको भन्दा बिलकुलै भिन्न हो भन्दै लीले विदेशीको स्वामित्व र कम्युनिस्टको विरोध गर्दै पत्रपत्रिकामा नियन्त्रण थालेर अन्तिममा सबैलाई आफ्नो पिछलग्गू बनाउन खोजेका थिए । उनको दाबी छ- 'पश्चिमाहरू खासगरी अमेरिकी पत्रकारहरूको रिपोर्टशैली र उद्देश्य संस्थापनविरोधी हुन्छ । जबकि चीन र मलायाका प्रेसले पश्चिमासँग मिल्दो गरी प्रकाशन गर्दैनन् । उनीहरू संस्थापनको नीतिसँग मिल्दोजुल्दो तथा आफ्नो संस्कृतिअनुकूलको मात्रै प्रकाशन गर्छन् ।' लीले यसप्रकार आफ्ना आलोचक पत्रिकाहरूमाथि मात्र नियन्त्रण गरेनन्, उनले बाहिर छापिएर आउने पत्रपत्रिकाहरू देशभित्र प्रवेश हुन नियन्त्रण गरे, त्यस्ता पत्रिकाहरू एउटा निकायले सेन्सर गरेर पास भए मात्रै बिक्री-वितरण गर्न पाइने बनाए । यसरी उनी ३५ वर्षसम्म सिङ्गापुरको प्रधानमन्त्री भइरहे र मजदुर, जनवर्गीय र पेसागत

सङ्गठनमा रहेको कम्युनिस्ट प्रभाव सिध्याउने काम गरे । सन् १९९० मा आफ्नो जेठा छोरा लुङ्गलाई उपप्रधानमन्त्री बनाई वंशानुगत उत्तराधिकारीका लागि तयार गरेर आफूले आफूलाई बरिष्ठ मन्त्रीमा सीमित गरे ।

यसरी निर्वाचित प्रजातान्त्रिक सत्ताको तानाशाहीकरण भयो र वंशानुगत उत्तराधिकारी तयार पारियो । कम्युनिस्ट खत्तम पार्ने घोषणासहित लीले त्यसो गरेका थिए र उनलाई अमेरिकाको पूर्ण समर्थन थियो । किनभने अमेरिका पनि सिङ्गापुरमा रहेको कम्युनिस्ट प्रभाव खत्तम पार्न चाहन्थ्यो । लीले समृद्धिको तस्बिर देखाएर आफ्नो एकछत्र शासन चलाउन सकेका थिए, त्यसका निम्ति सन् १९५९ मा चार सय अमेरिकी डलर रहेको प्रतिव्यक्ति आय सन् १९९९ मा २२ हजार अमेरिकी डलर पुऱ्याउन सकेको भन्ने उनको दाबी रहेको छ ।

कम्युनिस्टविरोधी ली क्वान यूको सञ्चारमाध्यम व्यवस्थापनसम्बन्धी यही अनुभवको नक्कल नेपालमा गर्न खोजिएको त होइन ? भारतीय टीभी च्यानल नेपाल वानको प्रसारणमा बलपूर्वक रोक गरेलगत्तै आएको शाही घोषणापछि विदेशी पत्रपत्रिकाको बिक्रीमा रोक, विदेशी टीभी च्यानल प्रसारणमा अवरोध, आफ्ना आलोचक पत्रिकाको हकमा विज्ञापनमा रोक, विदेशी पत्रिकाको बिक्री हुने प्रतिको सीमा निर्धारण, कडा र नियन्त्रणमुखी कानुन तर्जुमा गरी लागू गर्नेजस्ता नेपालमा हाल भइरहेका नियन्त्रणकारी काम ली क्वान यूले आफ्नो शासनकालको ४० वर्षमा गरेका थिए । उनी पत्रकारहरूसँग मीठो र नरम शैलीमा प्रस्तुत हुन्थे । तर, आलोचकमाथि नियन्त्रण गर्न कुनै हालतमा छाड्दैनथे । नेपालमा पनि ठीक यही शैली अपनाउन खोजिएको छ । राजमुकुटवादी १६ जना पत्रकारले गुनासो गरेपछि राजाले *कान्तिपुर*को सम्बन्धमा गरेको 'त्यो प्रजातान्त्रिक अभ्यास होला' भन्ने टिप्पणी पढ्दा ली को 'नरमपन' कै नक्कल हो जस्तो लाग्छ ।

तर, ली क्वान यू एक नागरिकबाट कानुन व्यवसायी हुँदै प्रधानमन्त्री चुनिएका व्यक्ति थिए । समृद्ध सिङ्गापुर बनाउने उनको सङ्कल्प थियो र तदनुरूप आर्थिक विकास पनि हासिल भएको थियो । तर, विडम्बना ! नेपालमा न त्यस्तो सङ्कल्प छ, न त जनताको मन जित्ने ठोस योजना नै । केवल निरङ्कुशता र हुकुमीतन्त्रको आकाङ्क्षा कसरी हासिल होला- राजनीतिक पार्टी, स्वतन्त्र प्रेस, मजदुर, जनवर्गीय र पेसागत सङ्गठनमाथि दमन र नियन्त्रण गरेर ? यो त भद्दा नक्कलको प्रवृत्ति मात्रै भएन र !

# भाषणमा मात्रै छ शान्तिसुरक्षा

राजाले शासनसत्ता आफ्नो हातमा लिएपछि मुलुकको शान्तिसुरक्षाको अवस्थामा निकै सुधार आएको प्रचार गरिए पनि तथ्याङ्कहरूले त्यसलाई गलत सावित गरेका छन् । राजाका मन्त्री र दरबारियाहरूको दुष्प्रचारले भ्रम छर्ने दुष्प्रयत्न मात्र गरिरहेको अनुभव आमनागरिकले गरेका छन् । मारिएका व्यक्तिहरूको यथार्थ विवरणसमेत सार्वजनिक गर्ने हिम्मत नगरेर शाही सरकारले आफ्नो कायरता र कथित सफलता एकसाथ प्रदर्शन गरिरहेको छ ।

**मरेपछि पनि अन्याय**

माओवादीसँगको दोहोरो भिडन्तमा मरेका राष्ट्रसेवकहरूको विवरण सरकारले लुकाउने गरेको समाचार प्रकाशमा आएको छ । स्वतन्त्र प्रेसमाथिको बन्देजका कारण सैनिक जनसम्पर्क निर्देशनालयले दिएबाहेकको सुरक्षा मामिलाबारेको समाचार छाप्न प्रतिबन्ध लगाइएको छ । यसले गर्दा दोहोरो भिडन्तमा भएको हताहतको यकिन सङ्ख्या सार्वजनिक जानकारीमा आउन सकेको छैन । सरकारी सञ्चारमाध्यमले एकतर्फी माओवादीतर्फको क्षतिको विवरण मात्र सार्वजनिक गर्ने गरेका छन् । तर, कतिपय सुरक्षाकर्मीका परिवारले गुपचुपमै मृतक सुरक्षाकर्मीको लास बुझ्नुपरेको छ भने कतिपयले त त्यो अवसरसमेत पाएका छैनन् । तथ्याङ्क बङ्ग्याएर र क्षतिको विवरण लुकाएर सरकार आफ्नोतर्फको क्षति कम भएको देखाउने घृणित खेलमा लागेको छ ।

**आफ्नै समर्थक असुरक्षित**

शाही घोषणापछि आमनागरिक र राजनीतिक दलका कार्यकर्ता मात्र होइन, शाही सरकारका समर्थकहरू नै असुरक्षित भएका छन् । सरकारले राजधानीमा बसेर सुरक्षाको स्थिति सप्रेको गुड्डी हाँकिरहेका बेला जिल्लाजिल्लामा भने उसकै समर्थकको विचल्ली भएको छ । यो अवधिमा मात्रै कयौँको ज्यान गएको छ भने कयौँको उठिबास भएको छ ।

धर्मलाई समाजसुधारको पक्षमा प्रयोग गर्ने पण्डित नारायणप्रसाद पोखरेलको रहस्यमय हत्यामा सरकारले मौनता साँधेको छ । कट्टरपन्थी धर्मभीरुहरूका आँखाको तारो बन्दै आएका पोखरेलको हत्यामा तिनीहरूकै हात हुनसक्ने आशङ्का आमरूपमा गरिएको छ । हत्याको बारेमा माओवादीको माथिल्लो निकाय मौन रहेका बेला उनीहरूको भन्दै हत्याबारे बोलिएको टेप सार्वजनिक गरेर सेनाले घटनालाई थप रहस्यमय बनाएको छ ।

आफ्नो निरङ्कुश सञ्जाललाई जिल्लामा संस्थागत गर्न शाही सरकारले गठन गरेका अनुगमन समिति कपिलवस्तु र चितवनका अध्यक्षहरूको हत्या हुँदा पनि सरकार मूकदर्शक भएर बस्नुपऱ्यो । यसले नै मुलुकको शान्तिसुरक्षाको स्थिति कस्तो छ भन्ने स्पष्ट पार्दछ । कतिपय राजपरिषद्का सदस्य र आफूलाई दरबारनिकट भन्नेहरूकै यसबीचमा बिल्लीबाठ भएको छ ।

सर्वसाधारण जनताको कुरै छाडौं, शाही सरकारका खेताला मन्त्री र सैनिक अधिकारीहरूका घरसमेत सुरक्षित रहेनन् । दरबारको नयाँ नोकर बन्न गएका राधाकृष्ण मैनाली र नागरिकता काण्डमा जागिर गएर फेरि मन्त्रीको जागिर पाएका रामनारायण सिंहका घरहरू माओवादीले जलाइदिए । त्यति मात्र होइन, सेनाका प्रवक्ता दीपक गुरुङको घर पनि सुरक्षित रहेन ।

**पीडितमाथि नै दमन**

'अरूले अरूलाई गिज्याउँछ, लाटोले बाउलाई गिज्याउँछ' भन्ने उखान वर्तमान शाही सरकारको कार्यशैलीमा ठ्याक्कै लागू भएको छ । माओवादीको ज्यादतीको सिकार भएर विस्थापित भएका पीडितहरूमाथि सरकारले राजधानीमा देखाएको व्यवहार

हेर्दा यो अलिकति पनि मानवता भएकाहरूको सरकार होइन भन्ने पुष्टि भएको छ । पीडितहरूले आयोजना गरेको शान्तिपूर्ण प्रदर्शनमाथि अमानवीय तवरले हस्तक्षेप र धरपकड गरेर सरकारले आफ्नो 'पुरुषार्थ' देखाएको छ । पीडितहरूले त्यसका विरुद्ध राष्ट्रसङ्घलाई समेत गुहारेका छन् भने दमनकारी गृहमन्त्री दानबहादुर शाहीको राजीनामा माग गरेका छन् ।

**दैनिक सातको हत्या**

शाही सरकार आएपछि मुलुकमा दैनिक औसतमा सात जनाका दरले हत्या भइरहेको छ । अघिल्लो सरकारले शान्तिसुरक्षा वहाल गर्न सकेन भनेर शासन आफ्नो हातमा लिएपछि राजाले दैनिक सात नागरिकको हत्या गरेर आफ्नो सत्ता टिकाइरहेका छन् । फेब्रुअरी १ मा राजाले सत्ता लिएयताको चार महिनामा राज्यले ६ सय ४ जनाको हत्या गरेको छ । माओवादीका नाममा बिनाछानबिन अन्धाधुन्ध नागरिकको हत्या गर्ने जङ्गली प्रवृत्ति यसबीचमा आकाशिएको छ । माओवादीका तर्फबाट ३९ सैनिक र ५९ प्रहरीसहित २ सय १६ जनाको ज्यान गएको छ । अनौचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अनुसार, यो अवधिमा क्रूर र अमानवीय हत्याको शृङ्खला तीव्र बनेको छ ।

त्यसैगरी ठूलो सङ्ख्यामा राजनीतिक कार्यकर्ताहरूलाई बिनाकारण गिरफ्तार गरिएको छ । यस अवधिमा तीन हजारभन्दा बढी राजनीतिक कार्यकर्ता, आठ दर्जन पत्रकार र सयभन्दा बढी मानवअधिकारकर्मीले जङ्गली राजको सिकार हुँदै गिरफ्तारीमा पर्नुपर्‍यो । अदालतले गैरकानुनी थुनाबाट मुक्त गर्न दिएको आदेशको पनि शाही सरकारले पालना गरेन । गृहमन्त्री दानबहादुर शाहीले अदालत परिसरमै निर्लज्जतापूर्वक भने, 'अदालतले छोड्न आदेश दिँदा फेरि नसमात्नु भनेको छैन ।' यसले पनि कानुनी शासनप्रति शाही सरकारको धारणा के रहेछ भन्ने छर्लङ्ग पारेको छ ।

**प्रतिकारको नाममा आमहत्या**

आफ्नो सफलता देखाउन सरकारले यो अवधिमा प्रयोगमा ल्याएको घातक तरिका हो-प्रतिकार । खासगरी कपिलवस्तु र नवलपरासीमा सरकारी संरक्षणमा गरिएको प्रतिकारको हिंसाले निर्दोष र निमुखा नागरिकको ज्यान गएको छ । प्रतिकार समितिमा रहेका भिजिलान्तेहरूलाई सरकारले हतियार र पैसा उपलब्ध गराइरहेको खुलासा उनीहरूले नै गरेका छन् । डकैती हुने सीमावर्ती क्षेत्रमा भएको प्रतिकारले यति हिंस्रक रूप लिएको छ कि डाँका र लुटाहाहरूका विरुद्ध उभिने जो-कसैको पनि ज्यान खतरामा रहेको छ । दिनभरि प्रतिकारका भिजिलान्तेहरूले सास्ती दिने र राती माओवादीले सास्ती दिने भएका कारण त्यस क्षेत्रका जनता ठूलो मात्रामा विस्थापित हुन बाध्य भएका छन् । यो अवधिमा एउटै परिवारका चार जनासम्मको पनि माओवादीले हत्या गरेका छन् । गत महिना नवलपरासीको सोमनी-७ मा बाह्र जनाको माओवादीले हत्या गर्ने वातावरण सरकारी संरक्षणमा हतियारसहित डुलिरहेका कथित प्रतिकार समितिका सदस्यहरूले नै गरेका थिए । प्रतिकार समितिका अध्यक्षसँग पश्चिमाञ्चलका पृतनापति उभिएको तस्वीर सार्वजनिक हुनुले पनि सकारी रवैया स्पष्ट भएको छ ।

# अन्तर्राष्ट्रिय छवि धूमिल

'माघ १९' को शाही 'कू' पछि नेपाल अन्तर्राष्ट्रिय रूपमा निकै बदनाम र कमजोर भएको छ । प्रजातन्त्रको हत्या गरी प्रजातन्त्रकै मन्त्र जप्ने राजाको मूर्खताका कारण नेपालका अन्तर्राष्ट्रिय मित्रहरू रुष्ट र असन्तुष्ट भएका प्रमाणहरू कूटनीतिक क्षेत्रमा देखिन थालेका छन् । यसले अहिलेको निरङ्कुश शाही सत्तालाई मात्र होइन, दीर्घकालीन रूपमा नै नेपालको छविलाई ध्वस्त बनाउने खतरा बढेको छ । देशलाई समाप्त पारेर भए पनि आफ्नो निरङ्कुश चाहनालाई टिकाउने धृष्टता पालेका राजाको स्वेच्छाचारी र जङ्गली शासनको तमासा यतिबेला विदेशी कूटनीतिज्ञहरूले हेरिरहेका छन् ।

**राजदूतसँग स्पष्टीकरण**

निरङ्कुश शाही घोषणाको समर्थन नगर्ने दुई प्रमुख राष्ट्रका राजदूतहरूलाई राजाको सरकारले परराष्ट्र मन्त्रालयमा बोलाई 'सचेत' पारेको छ । आफ्नो नाङ्गो निरङ्कुशताको उनीहरूले समर्थन नगरेपछि आत्तिएको शाही सरकारले गत जेठ ६ गते सो लज्जाजनक हर्कत प्रदर्शन गरेको हो ।

छिमेकी भारत र पच्चीसवटा युरोपेली देशको सङ्गठन युरोपेली सङ्घले औपचारिक रूपमै सात दलका आन्दोलन र एजेन्डाप्रति सहमति जनाएपछि शाही सरकार झन् निराश र क्रुद्ध बनेको हो । सात दलका साझा कार्यक्रम सार्वजनिक हुनेबित्तिकै भारतले ९५ प्रतिशत जनताको प्रतिनिधित्व गर्ने दलहरूले ल्याएको कार्यक्रमले समाधान दिने विश्वास व्यक्त गर्दै स्वागत गरेको थियो भने युरोपेली सङ्घले पनि विघटित प्रतिनिधिसभाको पुनःस्थापनाले समस्याको गाँठो फुकाउने विश्वास प्रकट गरेको थियो । अन्तर्राष्ट्रिय समुदायको यस्तो प्रतिक्रियाबाट आत्तिएको सरकारले गत जेठ ६ गते नेपालका लागि भारतीय राजदूत शिवशङ्कर मुखर्जी र बेलायतका राजदूत किथ ब्लुमफिल्डलाई परराष्ट्र मन्त्रालयमा बोलाई औपचारिक रूपमै सचेतपत्र दिएको छ । आपसी संवाद र छलफलमार्फत सहमत गराउन नसकेपछि कूटनीतिजस्तो संवेदनशील विषयमा पनि शाही सरकारले जङ्गी शैली नै अपनाउनुलाई नेपालको घोर असफलता र निर्लज्जताको रूपमा लिइएको छ ।

**जर्नेलहरूको सहारा**

राजनीतिक चरित्रबिनाको शाही सरकारले आफ्नो चरित्रअनुसार नै कूटनीतिक क्षेत्रमा पनि सैनिकहरूको दबदबालाई प्राथमिकता दिएको छ । मुलुकको सबै क्षेत्र बुझेको, खासगरी राजनीतिलाई केन्द्रबिन्दुमा राखेर कूटनीति अघि बढाउन सक्ने व्यक्तिहरूलाई राजदूत बनाउने विश्वव्यापी परम्परा र मान्यतालाई शाही सरकारले पूर्णतयाः लत्याएको छ । मुलुकमा सैनिकको भरमा तानाशाही लादेझैं विदेशमा पनि सेवानिवृत्त सैनिकको भरमा आफ्नो पक्षमा समर्थन जुटाउने रणनीति राजाले अख्तियार गरेका छन् ।

विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा शाही सरकारले पूर्वजर्नेलहरूलाई राजदूतको पगरी गुथाएको छ। यसक्रममा प्रधानसेनापति हुँदा सर्वाधिक मानवअधिकार उल्लङ्घनको आरोप लागेका प्रज्ज्वल्लशमशेर राणालाई फ्रान्सको राजदूत बनाइएको छ भने पूर्वजर्नेल भिक्ट्री राणालाई म्यान्मारको राजदूत बनाइएको छ। यसैगरी पूर्वजर्नेलहरू ताराबहादुर थापा र कृष्णनारायण थापालाई पनि राजदूत बनाउन सम्बन्धित देशको स्वीकृति (एग्रिमो) का लागि प्रस्ताव पठाइएको समाचार प्रकाशमा आएको छ।

यस घटनाले पनि सरकारका पछाडि कस्ता मान्छे छन् र यसको हविगत के छ भन्ने स्पष्ट पारेको छ। नेपालमा सैनिकको आधारमा टिकेको निरङ्कुश शासन छ भन्ने कुरा राजदूत नियुक्ति प्रकरणले प्रमाणित गरेको छ।

**झूठको खेती**

राजनीतिक रूपले मात्र होइन, कूटनीतिक रूपले समेत शाही सरकार नराम्ररी नाङ्गिएपछि झूठको खेती गर्न तल्लीन भएको छ। बाहिरी मुलुकहरूसँग राम्रो सम्बन्ध भएको नक्कली बक्तव्य दिँदै शाही सरकारले आफ्नो लाचारी छोप्ने असफल प्रयत्न गरिरहेको छ। प्रजातन्त्रविरोधी सरकाहरूसँग शाही सरकारको हिमचिम बढे पनि विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकले 'माघ १९' यता नेपालको निरङ्कुश, अप्रजातान्त्रिक र जनविरोधी शाही सरकारलाई सहयोग गरेका छैनन्। नियमित प्रक्रियामा रहेको केही सहयोग आउँदा हर्षबढाइँ गरेर तिलको पहाड बनाउनुले नै शाही सरकार कति अत्तालिएको रहेछ भन्ने स्पष्ट पारेको छ।

# 'मण्डले राष्ट्रवाद'

**कालापानी बल्झियो**

राजाको शासनको उपहारको रूपमा नेपालले भोग्नुपर्ने अल्पकालीन र दीर्घकालीन क्षतिको सिलसिला आरम्भ भएको छ। राष्ट्रियताजस्तो संवेदनशील र महत्त्वपूर्ण विषयमा समेत राजाको सरकार उदासिन देखिएको छ। राजा महेन्द्रले आफ्नो शासन टिकाउन सन् १९६२ मा भारतीय सेना राख्न अनुमति दिएको कालापानी क्षेत्रबारे पुनः विवाद सिर्जना भएको छ। चिनियाँ र भारतीय प्रधानमन्त्रीबीच नयाँ दिल्लीमा ११ अप्रिल, २००५ मा भएको द्विपक्षीय सम्झौतामा नेपालको पश्चिमी सिमानाका बारेमा उल्लेख भएको जानकारी पाएपछि पनि सरकारको राष्ट्रवाद मस्तनिद्रामा सुतिरहेको छ।

कालापानीलाई चीनले भारतीय सिमानाको मान्यता दिएको समाचार प्रकाशमा आएपछि आमनागरिकमा अनेक आशङ्काहरू उत्पन्न भएका छन्। त्यो विषय भारत र चीनको द्विपक्षीय मामिला मात्रै हो कि त्यसको भित्री खेलमा नेपालको दरबारको पनि हात छ भन्ने प्रश्न स्वाभाविक रूपमा उठेका छन्।

नेपाली छापामा कालापानीका बारेमा महत्त्वका साथ समाचार प्रकाशित भएपछि सरकारले चीन र भारतबीचको सम्झौतामा कालापानी भन्ने शब्द नपरेको प्राविधिक स्पष्टीकरण सार्वजनिक गरेको छ। तर, कालापानीभन्दा पनि महत्त्वपूर्ण लिपुलेकको उल्लेख भएपछि कालापानी स्वतः त्यसभित्र पर्ने सामान्य ज्ञानबाट पनि सरकार विमुख भएको देखिएको छ। नेपालमा जनपक्षधर शक्तिहरू कमजोर भएका बेला राष्ट्रियता खतरामा पर्ने गरेको छ। आफूलाई पर्दा सियोको नाथीभित्र समेत छिर्न पछि नपर्ने राजतन्त्रका कारण नेपालीका सिमानाका घाउहरू कहिलेसम्म दुखिरहने हुन् भन्ने आमप्रश्न उठेको छ।

**अर्को बाँध निर्माण**

सीमावर्ती क्षेत्रमा भारतले निर्माण गरेका बाँधहरूका कारण नेपाली भूमि डुवानमा पर्दै आएका बेला भारतले रूपन्देहीको सिद्धार्थनगर क्षेत्र डुवानमा पर्ने गरी अर्को बाँध निर्माण सुरु गरेको छ। केउलिया-फरेना तटबन्ध नाम दिइएको सो बाँधका कारण नेपाली भूभाग डुवानमा पर्ने भएकाले निर्माणमा रोक लगाउन व्यापक माग गरिए पनि शाही सरकारले भने त्यसबारे मुख खोलेको छैन।

सात मिटर चौडाइ र दुई मिटर उचाइ रहेको सो तटबन्धको तीन किलोमिटर खण्ड निर्माण भइसकेको छ। सो तटबन्धले भारतीय भूभागलाई डुवानबाट जोगाउने र नेपाली भूभागलाई डुवान पार्ने प्राविधिकहरूले बताएका छन्। अनेरास्ववियु, स्थानीय बासिन्दा, पत्रकार, मानवअधिकारकर्मी र नागरिक समाजका प्रतिनिधिहरूले सो क्षेत्रको स्थलगत अध्ययनपछि बाँध निर्माण कार्य तुरुन्त रोक्न माग गरेका छन्। तर, शाही सरकार भने आफ्नै देशको भूभाग डुवानमा पर्ने गरी बाँध निर्माण गर्दासमेत प्रतिक्रियाहीन देखिएको छ।

यसअघि पनि सीमावर्ती क्षेत्रमा निर्माण गरिएका बाँधहरूको जनस्तरबाट कडा विरोध हुँदै आएको छ। बाँकेको लक्ष्मणपुर, रूपन्देहीको रसियावाल खुर्दलोटन र कपिलवस्तुको महलीसागर बाँधका कारण वर्षायाममा नेपाली भूभाग जलमग्न हुँदै आएको छ। यस्तो बेलामा राष्ट्रवादलाई आफ्नो शासनरक्षाको कवज बनाउने मण्डले राष्ट्रवादीहरू कहाँ निदाइरहेका छन् ?
उता कञ्चनपुरको सीमावर्ती क्षेत्रमा नेपाली भूभाग मिचिएको समाचार प्रकाशमा आएको छ। परासन गाविसका ७, ८ र ९ नम्वर वडामा नेपाली सीमा मिचेर नयाँ सीमास्तम्भहरू निर्माण गरिएको कुराले नेपाली नागरिकलाई थप सम्वेदनशील बनाएको छ। मुलुकको सीमाजस्तो नागरिकको भावनासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा हेलचेक्र्याइ गरेर शाही सरकारले आफ्नो सक्कली अनुहार देखाएको छ।

# राजाको शासनका जनविरोधी कार्यहरू

कोमल भट्टराई

माघ १९' मा राजाको टेलिभिजन भाषण सकिएको थिएन, सैनिकहरू काठमाडौंलगायत देशका विभिन्न सदरमुकाममा रहेका कार्यालयहरूमा बन्दुक तेर्स्याउँदै छिरे । कर्मचारी प्रशासनमा उच्च ओहदामा विराजमान भ्रष्ट र जनताका मालिक ठान्ने नोकरशाहहरू सेनाका अघि लम्पसार परे । सोही साता राजाको सरकारको नाममा २१ बुँदे राष्ट्रिय विकासको मार्गचित्रको घोषणा गरियो, जुन घोषणा राजाको नेतृत्वमा बनेको सरकारले तर्जुमा गरेको नभई अन्यत्रैबाट आएको राजाकै मन्त्रिमण्डलका शिक्षामन्त्रीले प्रतिक्रिया दिएका थिए । किनभने राजाले 'माघ १९' बाट जनतालाई परास्त गरी शासन लिएको प्रस्ट सूचना दिन खोजेका थिए ।

राजाका २१ बुँदा जनतालाई भुलाउनका लागि थिए भन्ने आजको दिनमा भनिएको होइन, घोषणा हुनासाथ सर्वसाधारणले बुझेका थिए । तैपनि, 'माघ १९' को राजाको भाषणले शान्ति स्थापना गर्न सक्दछ कि भन्ने सर्वसाधारण जनतामा भ्रम रहेको थियो । खासगरी काङ्ग्रेसद्वारा 'माओवादी निर्मल निवासबाट सञ्चालन भएको' कुराको प्रचारले यस्तो भ्रम पर्न गएको थियो । यसैगरी सरकारी सञ्चारका प्रायोजित समाचारले अब 'रामराज्य स्थापना' हुने प्रचार गर्न थाले । सरकारी सञ्चारमाध्यमबाट शाही घोषणाको एक सातासम्म हरेक मन्त्रालय र कार्यालयहरूका कर्मचारीहरू ठीक समयमा आइपुग्नुपर्ने, जनताको काम फटाफट गर्नुपर्ने र जनताले सरोकार राख्ने कार्यालयहरूमा जनताको वडापत्र टाँगिनुपर्ने उर्दी दिइयो । सरकारका विभिन्न मन्त्रालयहरू, सङ्घसंस्था र कार्यालयहरूमा छड्के टोलीहरू कुदाइयो । नाटकमा रिहर्सल गरे जसरी एक घण्टामा विदेशीलाई भिसा दिइएका दृश्यमूलक समाचार निर्माण गरेर र मालपोत, नापीमा लेखनदास छिर्न नपाउनेजस्ता समाचार दिन सरकारी सञ्चारलाई आदेश दिइयो । यी प्रचारहरूले राजाको सरकारले सुशासन दिने र शान्ति स्थापना दिने भ्रम खडा गरेका थिए । राजा स्वयम्ले अन्तर्राष्ट्रिय जगत्समक्ष तीन महिनामा परिणाम देखिने भ्रमपूर्ण वाचा दिन सके । त्यो वाचाका बारेमा कसैको पनि विश्वास थिएन र अहिले त राजा गलत सावित भई नै सकेका छन् । जुन कुरा बुझ्न राजाको सरकार बनेपछिको एक महिनाका सेन्सरबाट उम्केका समाचारको सूची हेरे पुग्छ । यही फेहरिस्तले स्पष्ट पार्दछ, उनका वाचाहरू के भए ?

- दस करोडको सामान कवाडीमा,
- पशुपति विकास कोषको काम बनाउँदै, भत्काउँदै
- सहुलियतको मट्टीतेल ठप्प
- प्रदूषण नियन्त्रणमा लापरबाही
- मासु पसल व्यवस्थापनसम्बन्धी निर्देशन लागू भएन
- जुम्लाका अधिकांश कार्यालय प्रमुखविहीन
- विकासको रकम कर्मचारीको पोल्टामा
- घूस मागेका कारण रकम निकासामा ढिलाइ
- बीस जिल्लाका निकाय खाली
- कुलोको रकम हिनामिना, कृषकको खेत बाँझै
- क्यान्सर अस्पतालभित्रै क्यान्सर
- त्रिशूली अस्पतालमा भ्रष्टाचार
- एन्टिरेविज भ्याक्सिन ठप्प
- शिक्षा पदक पाउन घूस
- चर्को शिक्षाशुल्कविरुद्ध उच्च माविका विद्यार्थी प्रशासनमा
- मट्टीतेल लिटरको १ सय ३५, गाउँलेले दियालो बाल्न थाले आदि ।

**शान्ति स्थापनाको भ्रम**

राजाको सरकारले देशमा शान्तिसुरक्षामा सुधार आएको खुबै प्रचार गरिरहेको छ । खासगरी माओवादीद्वारा गरिएको बन्दले काठमाडौंमा असर नपर्नुलाई यसको आधार मानिएको छ । तर, दिनदहाडै व्यापारीका गद्दीबाट लाखौं रकम लुटिनु, सोही लुटेराले न्युरोडको बैंकमा तीन घण्टासम्म एक्लै गएर रकम लुट्नुजस्ता कुराहरूले सरकारको दाबीलाई नाङ्गो पारिसकेको छ । शान्ति आउनेमा ढुक्क वर्तमान सरकारका साझेदार वर्गलाई समेत सुरक्षा दिन नसक्नेले जनतालाई सुरक्षा दिएँ भन्न सुहाउने

कुरा होइन । दैनिक अखबारका पानाहरू सानातिना लुट र अपहरणका समाचारले भरिएका छन् तर सुरक्षा निकाय र सरकारले ती अपराधहरूले शान्तिसुरक्षामा खलल पारिरहेको स्वीकार गर्दैनन् । जिल्लाजिल्लामा डकैती र आमहत्याका शृङ्खला चलिरहेका छन् । भर्खरै मात्र राजधानीमा छ वर्षे बालिका अनुष्का ढुङ्गानाको बलात्कार र हत्या भएको छ । यी केही दृष्टान्तहरूले नै वर्तमान सरकारको शान्तिसुरक्षाप्रतिको दाबीलाई खण्डन गर्दछन् ।

'माघ १९' भन्दाअघि नै उपत्यकामा माओवादी सङ्गठन ध्वस्त र अस्तव्यस्त भइसकेका कारणले 'माघ १९' गतेको कदमपछि माओवादीद्वारा घोषित पटकपटकको चक्काजाम असफल भएको हो । यसरी असफल हुनुमा थोरै सेनाको त्रास र बढी जनताको प्रतिरोधका कारणहरू पनि हुन् । यदि राजाको घोषणा हुनासाथ एकाएक सुरक्षा निकाय सक्रिय भएको आधार मान्ने हो भने 'माघ १९' सम्म सुरक्षा निकाय निष्क्रिय थियो भन्न सकिन्छ । यदि त्यस्तो हो भने किन ? निश्चय नै वर्तमान सरकारले आफ्नो साझेदारको स्वार्थको रक्षा गर्न राजधानीमा सुरक्षा निकाय केन्द्रीकृत गरेको छ । यहाँ पनि निश्चित वर्गलाई सुरक्षा निकायले सुरक्षा प्रदान गरेकाले नै हाम्रो देशको एउटा वर्गले शान्तिको सास फेरेको महसुस गरेको होला । तर, अमेरिकी राजदूत मोरियार्टीका भनाइलाई आधार मान्ने हो भने राजाको 'असोज १८' पछिको कदमबाट माओवादी १७ जिल्लाबाट ७० जिल्लामा फैलिएका छन् । यसरी हेर्ने हो भने माओवादीको विस्तारमा राजाको आगमन थप र प्रमुख कारण बन्न पुगेको छ । 'माघ १९' पछि सेनाले बर्दिया र खाराका घटनामा माओवादीलाई पराजय गरेको हो, तापनि माओवादीको धनगढी र दोलखामा बन्दी भगाउने र सिरहाको आक्रमण जस्ता कार्यहरूले माओवादीलाई पराजित गरेर शमन गर्न नसक्ने निश्चित छ ।

शान्ति जनताको एजेन्डा हो, तर, मुर्दाशान्ति होइन । अहिले जनताले माओवादीको आतङ्कबाट मात्र होइन, सरकारबाट भइरहेका आतङ्कहरूबाट पनि मुक्ति चाहेका छन् । तर, 'माघ १९' पछि शान्तिको नाममा पहाडिया र मधेसी अनि मुसलमान र हिन्दूबीच दङ्गा गराउने कुकर्महरूसमेत भएका छन् । यसै कुकर्मका बीजहरू कपिलवस्तुबाट नवलपरासी हुँदै तराईका अधिकांश जिल्लाहरूमा फैलिसकेका छन् । यस्ता कुकर्महरू 'मन्त्रीका गलत आश्वासनले भएको' अन्तर्राष्ट्रिय फोरममा राजाको कदमको वकालत गर्ने विवादास्पद मानवअधिकार आयोगका अध्यक्षले समेत स्वीकार गरेका छन् । यसमा राज्यले चोर, डाकू र हत्याराहरूको जमात बनाएर निर्दोष जनताको ज्यूधन खरानी बनाउनेजस्ता निचतम आतङ्कपूर्ण कारबाहीले राज्य अन्तर्राष्ट्रिय अदालतमा उभिनुपर्ने स्थितिमा पुगेको छ ।

वर्तमान राजासहितको सरकारले एकातिर शान्तिसुरक्षामा सुधार भएको दाबी गरिरहेको छ भने अर्कोतिर अञ्चल सदरमुकामलाई सैनिक पृतना कार्यालयको नजिक सार्ने योजना बनाइरहेको छ । यस कुराले शान्तिसुरक्षामा सुधार भएको सरकारी दाबीलाई हास्यास्पद सावित गर्दछ ।

**राजाको सुशासन कि कुशासन ?**

'माघ १९' पछि सरकारी सञ्चारमाध्यमले सुशासन दिने खुब प्रचार गरेका थिए । भ्रष्टाचार नियन्त्रण शाही आयोग निर्माण गरिएको छ । पुराना कुख्यात पञ्च र प्रशासकहरूलाई क्षेत्रीय र अञ्चल प्रशासक नियुक्त गरिएको छ, जिल्ला अनुगमन समिति बनाइएका छन् । अन्तर्राष्ट्रिय जगत्मा कार्यालय शनिबार र आइतबार बन्द हुने प्रचलनलाई बदल्दै राणाकालीन प्रचलनलाई जगाइएको छ । यी सबै सुशासनका लागि भनिएका छन् तर, सुशासनको नाममा निरङ्कुशताले घर गर्न थालेको छ ।

वर्तमान सरकार राज्ययन्त्र परिचालन गरेर होइन, आतङ्क सिर्जना गरेर केही प्रचारमूलक कार्यहरू गरिरहेको छ । यसका लागि सुरक्षा निकायहरू सरकारी कार्यालयहरूमा प्रवेश गरेर कर्मचारीहरूलाई छिटोछरितो काम गर्न आदेश दिने नाममा दबाबमा नाजायज कामहरू गराइरहेका छन् । सुरक्षाको प्रवेशको कारणले प्रशासन आतङ्ले हल्लिएको छ तर निमुखा जनताका कामहरू भएका छैनन् । त्राहीमाम कर्मचारीहरू कथित शाही आयोगमा उजुर पर्ने डरले निर्णय गर्न छाडेर अदृश्य 'माथिको आदेश' कुर्न विवश पारिएका छन् ।

एकातिर कुख्यात नयाँ-पुराना मण्डलेलाई क्षेत्रीय प्रशासकका रूपमा राजनीतिक नियुक्ति दिइएको छ र प्रशासनका सचिवहरूलाई अतिरिक्त समूहमा जाकिएको छ । यी नयाँ र पुराना मण्डलेहरूको न त जनतासँग निकट हुने चरित्र छ, न त प्रतिष्पर्धामा खारिएका हालका निजामती कर्मचारीलाई नेतृत्व दिने क्षमता नै छ । त्यसैले कर्मचारी प्रशासन पङ्गु बन्न गएको छ । यसरी कर्मचारीको कार्यालय र मन्त्रालयमा उपस्थिति नै भए पनि कामहरू ठप्प हुन पुगेका छन् ।

**विकास-निर्माण ठप्प**

देशमा चलिरहेको द्वन्द्वका कारण विकासका कार्यक्रम कटौती भइरहेका हुन् तर पनि अति आवश्यक विकास र सुविधाहरू पुऱ्याउन नागरिक सरकारहरूले प्रयत्न गरिरहेका थिए । दलका कार्यकर्ताहरूले ज्यानको परवाह नराखी विकास निर्माणमा संलग्न निकाय र व्यक्तिहरूलाई सुरक्षा प्रदान गरिरहेका थिए । तर, 'माघ १९' सँगै दलका कार्यकर्ताहरूमाथि सुरक्षा निकायलाई परिचालन गरिँदा जनताको सरोकारका मुद्दाहरू मात्रै होइन, विकासका कार्यहरू ठप्प भएका छन् । अघिका सरकारको आलोचक, असन्तुष्ट र थोरबहुत विकास र सुविधा प्रदान गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूमा राज्यको आक्रमण हुन थालेको छ । वर्तमान सरकारले निरङ्कुशताका दुस्मन ठानेर जिल्ला कार्यालय, जिल्ला अनुगमन समिति र समाज कल्याण मन्त्रालयले विभिन्न हतकण्डा अपनाउँदै उनीहरूका कार्यहरू र उत्प्रेरणामा आघात पारिरहेका छन् । समाज कल्याण मन्त्रालयले त सहयोग रोक्नका लागि नै प्रत्यक्ष-अप्रत्यक्ष नीति निर्माण गर्नुका साथै विभिन्न क्रियाकलापहरूलाई समेत तेज गर्न थालेको छ । यी सबैको परिणतिले विकास निर्माणमा जनता र गैरसरकारी निकायहरू असंलग्न रहन बाध्य भएका छन् ।

काटिएको चङ्गाझैँ काठमाडौँमा उडिरहेको सरकारले काडमाडौँमा चालू रहेका केही विकास र सडक फराकिला गर्ने कामलाई प्रचार गरे पनि नयाँ योजना ल्याउनुको सट्टा कटौती गरिरहेको छ । कटौती भएको बजेटलाई सुरक्षामा खर्च गर्न थालेको छ । काठमाडौँका काकाकुल बासिन्दालाई बहुदलले दिन लागेको उपहार मेलम्ची खानेपानी योजना बेवारिसे भएको छ । लघुवित्त परियोजना र गरिबी निवारण आयोजना बेपत्ता भएका छन् । कतिपय राष्ट्रिय र स्थानीय योजनाको निर्माणको त कुरै छाडौं, पुराना सरकारद्वारा सञ्चालित कार्यहरूबाट समेत सरकारले हात झिकेको छ ।

**सेवा-सुविधामा हाहाकार**

गरिबले प्रयोग गर्ने मट्टीतेलमा दुई रुपियाँ र काठमाडौँ र सहरका मध्यमवर्गलाई खुसी पार्न ग्यासमा ५० रुपियाँ घटाएर जनतालाई देखाउन र मध्यमवर्गलाई आफ्नो पक्षमा पार्ने प्रयत्न शाही सरकारले गरेको थियो । तर, 'माघ १९' को लगत्तै तरकारी र खाद्यान्नको भाउ आकास छुने गरी बढेको छ । हालै दूधको भाउ बढाइएको छ । सवारी साधनको भाडादर मनपरि छ । रोजगारका कुनै अवसर खुलेका छैनन् । स्कुलमा दुई सयदेखि एक हजार रुपियाँसम्म फिस बढाइएको छ तर आवाजहरू दबिएर बसेका छन् । अस्पतालमा बीसीजी खोपलगायत अत्यावश्यक औषधिहरूको अभाव भएको र स्वास्थ्यकर्मीहरू नपुगेका समाचारहरूले अखबारका पानाहरू भरिएका छन् । पानी छैन ।

दैनिक उपभोग्य सामानहरूको अभाव गर्दै कालोबजारियाहरूको जगजगी बढिरहेको छ । उच्च र उच्च मध्यमवर्गले प्रयोग गरिरहेका पोस्टपेड मोबाइल सञ्चालन भएको दुई महिना भइसक्दा पनि निम्न मध्यमवर्गको पहुँच रहेको प्रिपेड मोबाइल फिर्ता दिन कुनै गृहकार्य भएको छैन । यो कुरामा देखावा रूपमा शान्तिसँग जोडे पनि वर्तमान सरकार जनताका लागि नभई आफ्नो वर्गको स्वार्थसिद्ध गर्न लागिपरेको स्पष्ट हुँदैछ । यस सन्दर्भमा राजाका ज्वाइँ संलग्न भएको फोन कम्पनीको ग्राहक तयार गर्ने योजना समेत रहेको अनुमान गरिँदैछ । यसरी दरबारले आफ्नो व्यापार प्रबर्द्धनका लागि जनताको सेवा काट्ने कामसमेत गरिरहेको छ ।

यसरी शान्ति र सुशासन दिन आएको राजाको सरकार मुलुकमा व्यापक अराजकता र भ्रष्टाचारको दलदलमा फसेको छ । यस कुरालाई जनताले बुझ्न थालेका छन् र अन्तर्राष्ट्रिय समुदायले पनि बुझ्नु जरुरी छ ।

# शाही घोषणा र प्रजातन्त्रप्रतिको प्रतिबद्धता

## ' भानुभक्त ढकाल

**प्रजातान्त्रिक लडाइँ किन ?**

मुलुकमा विद्यमान निरङ्कुशताको अन्त्य गरी प्रजातन्त्र प्राप्त गर्नु र त्यसलाई दिगो एवम् जनमुखी बनाउँदै जनताप्रति उत्तरदायी बनाउनु नै अहिलेको मूल विषय हो । प्रजातन्त्र भन्नाले नेपाली बृहत् शब्दकोशमा भनिएको छ- 'प्रजातन्त्र (१) प्रजा वा जनताद्वारा निर्वाचित जनप्रतिनिधिद्वारा चलाइने शासन व्यवस्था, जनप्रतिनिधिका हातमा शासनसत्ता भएको राज्य व्यवस्था; (२) जनताद्वारा जनताका लागि जनताकै राय सल्लाहबाट चलाइने शासन ।' यसर्थ, अहिले शासनाधिकार कसको हातमा छ भन्ने विषय नै लडाइँको मूल चुरो हो । नेपालको प्रधानमन्त्रीको पदमा आसीन राजाबाट समेत सिद्धान्ततः त्यसलाई स्वीकार गरिएको छ भने दलहरू त्यसकै लागि जीवनमरणको सङ्घर्षमा मोर्चाबन्दी गरी लागिसकेको तथ्य विदितै छ । सवाल यति मात्र हो- राजाले जनता र विदेशी मित्रहरूको आँखामा छारो हाल्नका लागि मात्र प्रजातन्त्र भनिरहेका छन् तर व्यवहार भने निरङ्कुश एकदलीय तानाशाहको जस्तो गरिरहेका छन् । राजनीतिक दलहरू भने सही अर्थमा विगतका कमी-कमजोरीबाट समेत शिक्षा लिँदै जनतालाई साँचो अर्थमा सार्वभौमसत्तासम्पन्न र राजकीय सत्तासमेत प्रयोग गर्न पाउने परिपाटीको ग्यारेन्टी दिलाउने लागेका छन् । शाही सरकार मुलुकलाई प्रजातन्त्रप्रतिको ओठेभाव देखाउँदै अन्धकारमय युगतिर हुकुमी शासन चलाउन चाहन्छ तर दलहरू भने निरङ्कुशतन्त्रको समूल अन्त्य गरी जनताको पूर्ण प्रजातन्त्र प्राप्त आन्दोलन गर्दै अग्रगमनतर्फ जान चाहन्छन् ।

**सरकार न संवैधानिक न प्रजातान्त्रिक**

दलहरूलाई नियन्त्रण गरेर बहुदलीय प्रजातन्त्र संस्थागत हुनसक्दैन ।

- संविधानले राजालाई मन्त्रिपरिषद्को सल्लाह र सहमतिबाहिर गएर काम गर्ने अनुमति दिएको छैन ।
- प्रतिनिधिसभा सदस्य निर्वाचित नभएको व्यक्तिले मन्त्रिमण्डलको अध्यक्षता ग्रहण गर्ने परिकल्पना नै गरेको छैन । यस्तो पदमा संवैधानिक राजतन्त्रको सम्मानमा बस्नुपर्ने राजा आफैँ बस्नु घोर असंवैधानिक छ ।
- राजाको कामबारे अदालतमा मुद्दा हाल्न नपाइने संवैधानिक व्यवस्था भएकोमा राजा स्वयम् मन्त्रिपरिषद्को अध्यक्ष भएपछि सो प्रावधान प्रयोजनहीन भएको छ ।
- सिंहदरबारबाट जनप्रतिनिधि र पार्टीहरूको दलीय सरकार सैन्य शक्तिको भरमा अपदस्त गरी शाही सरकार बनाउनु नै अपारदर्शी एवम् अप्रजातान्त्रिक छ । जुन सरकारमा जनताको त कुरै छाडौं, सरकारका नाममा झन्डासहित राजनीतिक नियुक्ति पाएका व्यक्तिहरूको पहुँच नै दयनीय छ ।
- विगतमा बनेका कार्यदल वा आयोगहरू सम्बन्धित निकायका प्रमुखको नामले परिचित हुनेमा अहिले अख्तियार र अदालतको अधिकारसमेत दिई बनाइएको असंवैधानिक आयोगलाई शाही आयोगको नामकरण गर्नु असंवैधानिक र

अप्रजातान्त्रिक छ । यस्ता व्यक्तिहरू नियुक्ति गर्ने व्यक्तिप्रति नै जवाफदेही हुनेछन् । यसले पुष्टि गर्दछ कि प्रजातन्त्रको रट केवल भ्रमका लागि मात्र हो ।

- 'एक वर्षभित्र मुलुकमा स्थानीय निकायको निर्वाचन गर्न निर्वाचन आयोगलाई हुकुम बक्सेका छौँ,' सरकार प्रमुखका तर्फबाट एउटा संवैधानिक निकायलाई यसो भन्नु नै अप्रजातान्त्रिक र विधिको शासनविपरीत हो भन्ने कखरा पढ्ने जोसुकै नेपालीले पनि प्रस्ट बुझ्ने विषय हो ।

**बहुदलप्रतिको प्रतिबद्धता : असंवैधानिक कार्यको निरन्तरता**

'दलहरूकै भूमिका बढी हुनुपर्दछ । प्रजातन्त्र भनेकै त्यही हो ।' 'हाम्रो समस्या राजनीतिक दल र नेता होइन, शान्तिवहाली गर्ने नै ठूलो समस्या हो । दलहरू आफैं प्रजातान्त्रिक ढङ्गले चलून् भन्ने हाम्रो चाहना हो ।' मन्त्रिपरिषद्को अध्यक्षको जिम्मेवारीसमेत सम्हालेका व्यक्तिबाट यस्तो अभिव्यक्ति आउनु आफैँमा नराम्रो विषय नहोला तर स्वयम् अध्यक्ष आफ्नो जीवनमा कुन निर्वाचनको प्रक्रियामा सहभागी बनेका छन् ? जीवनमा नै निर्वाचनको अनुभव नभएका, बहुदलीय व्यवस्थामा पार्टीभन्दा बाहिर रहेका व्यक्तिबाट जनताको प्रजातन्त्रको चीरहरण गरी सैन्य बलको आधारमा पार्टीहरूको सरकारलाई अपदस्त गरी यस्तो उपदेश दिनु आफैँमा मेल नखाने कुरा दिनको घामजति नै छर्लङ्ग छ । 'नेपाली जनताको चाहना नै प्रजातान्त्रिक र पारदर्शी समाज हो । एकदलीय अधिनायकवादी अप्रजातान्त्रिक व्यवस्थाप्रति नेपाली जनताको विश्वास छैन,' यो 'महान् वाणी'ले 'माघ १९' को शाही कदमसँग कति मेल खान्छ ? 'प्रजातन्त्रको विकल्प प्रजातन्त्र हो, आतङ्कवाद होइन', 'बहुदलीय प्रजातन्त्र मानवअधिकार तथा कानुनको शासनप्रतिको हाम्रो प्रतिबद्धता पूर्ण र अटल छ ।' 'संवैधानिक राजतन्त्र भनेकै राजाले संविधानबाहिर गएर शासन नगर्ने, संविधानले जे भनेको छ मैले त्यही गरेको छु' भन्ने अभिव्यक्ति राजाले दिने गरेका छन् । नेपाल अधिराज्यको संविधान, ०४७ को प्रस्तावनामा 'स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता नै हो भन्ने तथ्यलाई हृदयङ्गमन गरी' संविधानको धारा ३ मा नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने छ, जसको प्रयोग यस संविधानमा व्यवस्था भएबमोजिम हुनेछ भनी उल्लेख गरेको छ । जसमा संवैधानिक राजाले संविधानतः मन्त्रिपरिषद्को सल्लाह र सहमतिबाहेकका कुनै पनि काम गर्ने संवैधानिक व्यवस्था छैन । संविधानमा व्यवस्था नभएको मन्त्रिपरिषद्को अध्यक्ष पद सिर्जना गरी सो पदमा आफैँ आसीन भई मैले संविधानले भनेबमोजिम गरेको छु भन्नु आफैँमा हास्यास्पद छ । संविधानको धारा १२ (२) 'ख' बिनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, (घ) अधिराज्यभरि आवतजावत र बसोबास गर्ने स्वतन्त्रताबाट राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरूलाई बन्देज गरी संविधानको बर्खिलाफ गएिको छ । 'आतङ्कवाद समाप्त पार्ने यस अभियानमा क्रियाशील शाही नेपाली सेना आफ्नो आवश्यकताअनुसार कारबाही प्रक्रिया अगाडि बढाउँछ' भन्नुले मूलधारका राजनीतिक पार्टीहरूलाई किनारा लगाई सैन्य बलको आधारमा राष्ट्रिय समस्याको समाधान गर्ने अभिव्यक्तिले प्रजातन्त्रको प्रतिबद्धता आफैँमा उपहास मात्र हो भन्न सकिन्छ । सैन्यबलको आधारमा माओवादी समस्या समाधान गर्ने र शान्तिसुरक्षा कायम गरी नगरपालिकाको निर्वाचन गराउने घोषणा पनि काम नगर्नका निम्ति गरिएको औपचारिकता मात्र हो । हालको राष्ट्रिय समस्या नगर, गाउँ वा कुनै टोलमा निर्वाचन गराउँछु भनेर समाधान हुँदैन । राजा भन्छन्- 'एक्काइसौं शताब्दी भन्नु नै बहुदलीय प्रजातन्त्रको शताब्दी हो ।' तर, राजनीतिक पार्टीका नेता-कार्यकर्ताहरूलाई नजरबन्द गर्नु, हिरासतमा लिनु, टेलिफोन बन्द गर्नु, सूचनामाथि नियन्त्रण गर्नु, मानवअधिकारको उल्लङ्घन गर्नु, देशभित्र र बाहिर घुमफिर गर्न प्रतिबन्ध लाउनु, पार्टी तथा जनवर्गीय सङ्गठनको कार्यालय तोडफोड वा कब्जा गर्नु, पार्टीहरूको सरकार अपदस्थ गरेर सिंहदरबारबाट सरकारसमेत नारायणहिटीमा कैद गर्नु, मुलुकमा सङ्कटकालको घोषणा, शान्तिपूर्वक जनताका बीचमा काम गर्ने राजनीतिक पार्टीहरूको भूमिका सीमित गरेर २१ औं शताब्दीलाई बहुदलीय प्रजातन्त्रको शताब्दी भन्नु आफैँमा एउटा रोचक ठट्टाजस्तो बनेको छ ।

२१ बुँदे सरकारी कार्यक्रममा बहुदलीय प्रजातन्त्रबारे केही उल्लेख छैन । केवल 'शासकीय सुधारलगायतका सुधारका प्रतिबद्धताहरू समयमै पूरा गरिने' भन्नु र कर्मचारीतन्त्रमा भएको फेरबदल र पजनी, क्षेत्रीय एवम् अञ्चल प्रशासकहरूको नियुक्तिबाट कसका हितमा सुधार गरिन लागेको हो भन्ने कुरा नियुक्त गरिएका व्यक्तिहरूबाट नै प्रस्ट भएको छ ।

दुईकित्ते माओवादीको राजनीतिमा सबैभन्दा पहिले समर्थन गर्ने काम मुलुकमा प्रजातान्त्रिक एवम् असंवैधानिक रूपमा बनेको शाही सरकारबाट भएको छ । जसले प्रजातन्त्रको मर्म र भावनाभन्दा पनि दुवै अतिवादी शक्तिहरू जनताबाट तिरष्कृत र केवल सैन्य उन्मादीका बन्दुके कित्तामा उभिन पुगेका छन् । जुन कुरा आमजनताको भावना र अभिमतविपरीत भएकाले राजनीतिक पार्टीहरू शान्तिपूर्ण जनआन्दोलनको आफ्नै कित्तामा खडा भई सबै प्रकारका सैन्य उन्मादीका एकदलीय निरङ्कुशताका विपक्षमा खडा भएका छन् ।

संविधानतः जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्तालाई आफूमा छ भन्नु नै जनविरोधी मात्र होइन कि ०४६ सालको जनआन्दोलनको उपलब्धिलाई लत्याएर त्रिपक्षीय सम्झौताको उल्लङ्घन गर्नु हो । यसले जनताको प्रजातन्त्र अपहृत मात्र नभई 'हाम्रा पूजनीय जिजुबुबाज्यूहरूबाट स्थापित प्रजातन्त्रलाई संस्थागत गर्न आतङ्कवाद चुनौती बनेको छ, राजनीतिक दलहरू कुन रूपमा आउने स्पष्ट हुनुपर्दछ' भन्ने राजाको सम्बोधनले तत्कालीन राजा श्री ५ वीरेन्द्रले जनतासामु सहमति गरेको बहुदलीय प्रजातन्त्रभन्दा पनि पञ्चायती प्रेतात्मालाई जगाउने शाही सरकारको नियत हो भन्ने स्पष्ट पारेको छ ।

**अभियुक्त न्यायाधीश : सांसद हिरासतमा**

तीन वर्षयता निर्वाचनको प्रक्रिया अवरुद्ध भई शान्तिवहाली गरी निर्वाचनको माध्यमबाट दलहरूको भूमिका अभिवृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । तर, शाही घोषणामार्फत 'माघ १९' मा राजनीतिक पार्टी एवम् नेतृत्वमाथि गरिएको अवान्छित

दोषारोपण, व्यक्तिका कमजोरीहरूलाई व्यवस्थाको दोषका रूपमा चित्रण गर्न खोज्ने प्रवृत्तिले राजाको नियत के हो भन्ने देखाएको छ । ०५९ असोज १८ पछिको स्थितिमा संवैधानिक ढङ्गले राष्ट्रियसभाको बैठक आयोजना गरी राष्ट्रिय समस्याको सामाधन गर्न गरेको पहललाई लत्याएर वहालवाला सांसदलाई समेत हिरासतमा राखी शासनसत्ताको अङ्कुश हिजोका कट्टरपन्थी पञ्च, बदनाम र जनताबाट तिरस्कृत पूर्वप्रशासकहरूको भरमा बहुदलीय प्रजातन्त्रको दिव्योपदेशले कुनै सार्थक महत्त्व नराख्ने विषयमा आन्दोलनरत सात राजनीतिक दल एवम् नागरिक समाज र समस्त नेपाली जनता प्रस्ट छन् । ०४६ को जनआन्दोलनमाथि दमन गरेका कारण मल्लिक आयोगले कारबाहीको किटानी गरेका भक्तबहादुर कोइराला अहिले कथित शाही आयोगको 'न्यायाधीश' बनाइएका छन् भने वहालवाला सांसदलाई प्रजातन्त्रको माग गरेबापत जेल हालिएको छ ।

# जेठ महिनाको आन्दोलन

नेपालको प्रजातान्त्रिक आन्दोलनसँग जेठ महिना परिचित छ । ०३६ सालको आन्दोलनको उत्कर्षले राजा जनमत सङ्ग्रहको घोषणा गर्न बाध्य भएका थिए । निरङ्कुशतन्त्रको संरक्षणमा हुर्किएको एकदलीय पञ्चायती व्यवस्था पनि जनताको कठघरामा उभिन बाध्य भएको थियो । भलै धाँधलीका कारण यो जनमतसङ्ग्रहमा जनताको अभिमत विजयी बन्नसकेन । यद्यपि, राजनीतिक जागरण ल्याउन यसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । जसको समेत फलस्वरूप १० वर्षपछि ०४६ को आन्दोलनबाट देशमा प्रजातन्त्र स्थापित भएरै छाड्यो ।

प्रजातान्त्रिक आन्दोलनमा अपूरणीय क्षतिका दुर्घटनाहरू पनि हामी जेठ महिनामा नै भोग्न बाध्य भएका छौँ । नेपालको वाम तथा प्रजातान्त्रिक आन्दोलनका नक्षत्र जननेता मदन भण्डारीको सुनियोजित रूपमा ०५० साल जेठ ३ गते नै हत्या गरियो । जननेता मदन भण्डारीको अवसानले मुलुक क्रमशः दिशाविहीन बन्दै गयो र आज हामी यति तलसम्म ओर्लन बाध्य भएका छौँ । यति मात्र होइन, ०४६ सालको जनआन्दोलनको कदर गर्दै पार्टीका प्रतिनिधिहरूसँग वार्ता गरी मुलुकमा निर्दलीय पञ्चायती व्यवस्थाको खारेजी गरी बहुदलीय प्रजातन्त्रलाई स्वीकार गर्ने राजा वीरेन्द्र र उनको सम्पूर्ण परिवारको संहार गर्ने हत्याकाण्ड पनि २०५८ जेठ १९ गते भएको थियो । बहुदलीय व्यवस्थाको आगमनपछि अधिकांश समय सत्तामा बसेको काङ्ग्रेसको आन्तरिक सत्तासङ्घर्षका कारण तत्कालीन प्रम शेरबहादुर देउवाले संसद् विघटन गर्ने सिफारिस पनि ०५९ जेठ ८ गते गरेका थिए । यसपछि जनअधिकार खोस्दै जाने दरबारिया षड्यन्त्र एकातिर जारी छ भने अर्कातिर गुमेका अधिकार प्राप्त गर्दै थप अधिकार प्राप्तिका लागि जनताको यात्रा पनि जारी छ ।

**अग्रमोर्चामा युवा–विद्यार्थी**

अनेरास्ववियुले विद्यार्थी दिवसको सन्दर्भ पारेर जेठ १ गते शाही सरकारको निषेधाज्ञा उल्लङ्घन गर्दै रत्नपार्कलाई केन्द्रबिन्दु बनाएर जुझारु प्रदर्शन गऱ्यो । आन्दोलनको क्रममा महिला विभाग प्रमुख रमा आलेमगर प्रहरीको दमनबाट घाइते हुनुभयो । निषेधाज्ञाको उल्लङ्घन गर्ने क्रममा बागमती संयोजक आनन्द श्रेष्ठ, केन्द्रीय सदस्य उर्मिला कार्कीसहित १४ जनालाई सरकारले हिरासतमा राखेको थियो । राष्ट्रव्यापी रूपमा अनेरास्ववियुले आन्दोलनका छुट्टै कार्यक्रमहरू पनि चलाएको छ भने सात राजनीतिक पार्टीका आन्दोलनका कार्यक्रममा समेत उत्साहपूर्ण सहभागिता जनाउने गरेको छ । यो अवधिमा विभिन्न क्याम्पसका स्ववियु पदाधिकारी, अखिलका केन्द्रीय नेतासहित दर्जनौँले सरकारी दमनको सामना गर्नुपऱ्यो । सरकारको गैरकानुनी कार्यका विरुद्ध अदालतको आदेशबाट विद्यार्थी नेताहरू रिहा हुनुभएको छ ।

प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ, नेपालले पनि आफ्नो स्थापना दिवसमा विभिन्न राजनीतिक पार्टीका नेताहरूको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । यसले जेठ १९ गते आन्दोलनको नयाँ कार्यक्रमका रूपमा कैदी जुलुस आयोजना गरेको थियो । संयोग नै भनौँ, ०५८ जेठ १९ गते नारायणहिटी हत्याकाण्ड भएको थियो । युवा सङ्घ आन्दोलनका कार्यक्रममा आफ्नो पहिचानसहित उपस्थित हुने गरेको छ । आन्दोलनलाई अझ व्यापक र फराकिलो बनाउने क्रममा सबै वर्ग तह र तप्काका जनसमुदायहरू एकपछि अर्को गर्दै सङ्गठित र व्यवस्थित बन्दै गइरहेका छन् । यसले आन्दोलनको राप र ताप दुवै बढाएको दृष्टान्त घोषित आन्दोलनका कार्यक्रमको सफलताबाट बुझ्न सकिन्छ ।

**आन्दोलनकै मैदानबाट जननेताको सम्झना**

मदन–आश्रित स्मृति प्रतिष्ठान र नेकपा (एमाले) उपत्यका समन्वय कमिटीको संयुक्त आयोजनामा पार्टी केन्द्रीय कार्यालयमा जेठ ३ गते कार्यक्रमको आयोजना गरी श्रद्धेय जननेता मदन भण्डारी र जीवराज आश्रितप्रति सङ्घर्षको मैदानबाट नै श्रद्धाञ्जली अर्पण गरियो । देशका विभिन्न भागमा दासढुङ्गा हत्याकाण्डको बदला लिने प्रण गर्दै विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् । यसै क्रममा जेठ ६ गते अनेमसङ्घ केन्द्रीय समितिले एक स्मृति कार्यक्रम सम्पन्न गरेको छ ।

**नेत्रलालको स्मृति : आन्दोलनलाई जनताको स्वीकृति**

जेठ ६ गते नेपाली कम्युनिस्ट आन्दोलनका अग्रज नेत्रलाल पौडेल 'अभागी' को स्मृतिमा दाङमा जनप्रदर्शनको आयोजना गरिएको थियो । दुवै बन्दुके अतिवादका विरुद्ध जनताको अपार उपस्थितिले अग्रजहरूको बाटोमा अविचलित रूपमा हिँड्ने प्रेरणा मात्र दिएको होइन, 'माघ १९' पछिको कार्यक्रममा १० औँ हजार जनता उपस्थित भई आन्दोलनलाई थप गति दिने काम

समेत गरेका छन् । मोफसलमा भएको यस कार्यक्रमले जनता अब गाउँगाउँबाट उठ्दैछन् भन्ने सन्देशसमेत दिएको छ । कार्यक्रममा पार्टीका महासचिव माधव नेपाललगायतका नेताहरूको उपस्थिति थियो ।

**कानुनी सङ्घर्षबाट समेत शाही सरकार झुकाउने निर्णय सामयिक**

अवैधानिक ढङ्गले गिरफ्तार गरी हिरासतमा राखिएका नेता तथा कार्यकर्ताहरूको रिहाइका लागि नेकपा (एमाले) ले कानुनी सङ्घर्षलाई पनि अघि बढाउने निर्णय गर्‍यो । जसको कारण अदालतबाट धेरै नेता तथा कार्यकर्ताहरू यो महिनामा रिहा भएका छन् । यो रिहाइपछि अन्य पार्टीहरूले समेत यसलाई पछ्याएका छन् र सफलता पनि पाएका छन् । यो लडाइँमा नेपाल बार एसोसिएनको उल्लेखनीय भूमिका रहेको छ । अदालतले रिहाइको आदेश दिँदासमेत नेकपा (एमाले) स्थायी कमिटी सदस्य ईश्वर पोखरेललाई प्रशासनले पुनः गिरफ्तार गरेको थियो भने अखिलका पूर्वअध्यक्ष राजेन्द्र राईलाई पुनः अदालतको निर्णयमा रिहाइ गर्न सरकार बाध्य भएको छ ।

**पार्टीको पक्षमा जनमत : शाही सरकार नाङ्गियो**

सात राजनीतिक पार्टीहरूले घोषणा गरेको संयुक्त कार्यक्रमअन्तर्गत जेठ ८ गते अधिराज्यका प्रायः सबै सहरहरूमा विरोध कार्यक्रमहरू सम्पन्न भएका छन् । यसै क्रममा शाही सरकारले हेटौँडामा नेकपा (एमाले) केन्द्रीय सदस्य केदार न्यौपानेलगायत २१ जनालाई गिरफ्तार गरेको छ । सुर्खेत, बागलुङहरूमा प्रशासनले दमन, धरपकड र लाठीचार्जसमेत गरेको छ । यो आन्दोलनमा कुनै जिल्लाहरूमा आन्दोलनरत सात दलहरू नभए पनि साझा प्रतिबद्धताका कार्यक्रमहरू उच्च भावनाका साथ सम्पन्न भएका छन् । जेठ १३ गते देशव्यापी रूपमा व्यापक जनसहभागितामा निरङ्कुशतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको पक्षमा जनउभार देखियो । पार्टीको पक्षमा जनमत छैन भन्नेहरू विभिन्न स्थानका कार्यक्रममा जनसहभागिता देख्दा तिलमिलाएका छन् । काठमाडौँमा आयोजना गरिएको विरोधऱ्यालीलाई पार्टी स्थायी समिति सदस्य झलनाथ खनाल, काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइराला, प्रजातान्त्रिक काङ्ग्रेसका कार्यवाहक सभापति गोपालमान श्रेष्ठ, जनमोर्चा, नेपालका कार्यवाहक अध्यक्ष चित्रबहादुर आले, नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छे, सद्भावना (आनन्दीदेवी) का उपाध्यक्ष भरतविमल यादव र वाममोर्चाका अध्यक्ष सीपी मैनालीले सम्बोधन गर्नुभएको थियो ।

**जनप्रतिनिधिहरूको सडक-संसद्**

आन्दोलनरत सात दलहरूको आह्वानमा आयोजित विघटित तेस्रो प्रतिनिधिसभा र राष्ट्रियसभाको विशेष अधिवेशन जेठ २० गते पाटनको मंगलबजारमा सम्पन्न भयो । उपसभामुख चित्रलेखा यादवले अध्यक्षता गर्नुभएको सो अधिवेशनले सात दलले अघि सारेका आन्दोलनका कार्यक्रम र साझा प्रतिबद्धताहरूलाई अनुमोदन गरेको छ । जनताको न्यानो काखमा संसद् पुनःबहाली भएको घोषणा गरिएको छ । उक्त अधिवेशनमा न शाही सम्बोधन नै भयो न त संसद्मा रहेका पार्टीका प्रमुख नेताहरूले नै सम्बोधन गर्नुभयो । यसले आन्दोलनका सामु दुईवटा सकारात्मक सन्देश दिएको छ । सार्वभौमसत्ता सम्पन्न जनताका प्रतिनिधिहरूको संस्था संसद्मा शाही घोषणा अब आवश्यक छैन भन्ने कुरा मुखरित भएको छ भने लामो समयदेखि नेतृत्वमा बसी बहुदलीय व्यवस्थालाई गतिशील बनाउने कार्यमा आलोचित रहनुभएका प्रमुख नेताहरूको स्थानमा अन्य व्यक्तिहरूको सम्बोधनले पार्टीहरू जनआकर्षण र जनमुखी बन्ने विषयमा नेताहरूले देखाएको तत्परतालाई कार्यकर्ता एवम् जनताले सकारात्मक रूपमा लिएका छन् ।

# अर्थतन्त्रले घुँडा टेक्न मात्र बाँकी

## ' डा. गोविन्दबहादुर थापा

राजनीति र शान्ति सुरक्षाको स्थिति जतिसुकै बिग्रे तापनि हिजोसम्म मुलुकको अर्थतन्त्र जसोतसो चलिरहेको थियो । सरकारलाई राजस्व प्राप्त भइरहेको थियो । त्यस आधारमा वार्षिक बजेट बनाउन पाइएको थियो र स्वदेशी तथा विदेशीहरूसँग विकासका लागि भनेर सहयोग माग्न पाइएको थियो । पर्यटकहरू आइरहेकाले पर्यटन व्यवसायीहरूको खासै गुनासो थिएन । ऊनी, गलैँचा, तयारी पोसाक, पस्मिना, प्रशोधित छाला, हस्तकलाका सामान आदि नेपालको निर्यातका प्रमुख वस्तुहरूको निर्यात बढी रहेकाले ती व्यवसायमा संलग्न परिवारहरूको पनि कुनै गम्भीर गुनासो थिएन ।

तर अब अर्थतन्त्र वास्तवमै असक्त भएको छ, जर्जर भएको छ । मुलुकको अर्थतन्त्र अगाडि होइन, पछाडि फर्कन थालेको छ । कृषि तथा औद्योगिक उत्पादन, आयात-निर्यात व्यापार, राजस्व परिचालन, सरकारी तथा निजी क्षेत्रको लगानी आदिमा व्यापक शिथिलता आएको छ । मुलुकमा अन्योल, निरासा र अनिश्चितता बढेको छ । अर्थतन्त्र यस्तो बिन्दुमा पुगेको छ, जहाँबाट अब मुलुक सामान्य ढङ्गले चल्न सक्तैन । सरकारका नियमित र परम्परादेखि चल्दै आएका कार्यहरू समेत बन्द वा स्थगित गर्नुपर्ने अवस्था आएको छ । सबै किसिमका आर्थिक गतिविधिहरूमा संलग्न व्यक्ति तथा परिवारहरू आफ्नो कारोवार तथा आम्दानी सुक्दै गएकाले छट्पटाउन थालेका छन् ।

त्यसैगरी बैंक तथा वित्तीय संस्थाहरूबाट आफ्नो पैत्रिक सम्पत्ति धितो राखी कर्जा लिएर व्यवसाय सञ्चालन गर्दै आएकाहरू व्यवसाय नै सुकेर धितो लिलाम हुने हो कि भन्ने डरले आतङ्कित भएका छन् । बैंकहरूमा निक्षेप राख्नेहरू बैंक नै

टाट पल्टने हो कि भन्ने त्रासले र घरमै राख्नेहरू कतिखेर लुटिने हो कि भन्ने डरले आतङ्कित छन् । बैंक तथा बित्तीय संस्थाहरू कर्जा, लगानी फिर्ता नआएर डुबिने हो कि भन्ने चिन्ताले ग्रस्त छन् । सेवारत र सेवानिवृत्त कर्मचारीहरू समेत खाइपाइ आएको तलब, भत्ता वा निवृत्तिभरण नै नपाइने पो हो कि भन्ने डरले पिरोएिका छन् । खुम्चँदो अर्थतन्त्र र आर्थिक क्रियाकलापहरूको दुष्प्रभाव कहाँ कहाँ र कुन रूपमा पर्दै जान्छ भन्ने कुरा अहिले नै सविस्तार विश्लेषण गर्न सम्भव छैन । हिजोसम्म अर्थतन्त्रमा जुन कुसन थियो, त्यसले मुलुक धानिरहेको थियो । अब त्यो कुसन समाप्त भएकाले अस्वाभाविक र सङ्कट व्यवस्थापनको ढङ्गले मुलुक सञ्चालन गर्नुपर्ने अवस्था आएको छ ।

अहिले शान्तिसुरक्षाको गम्भीर अवस्था नै अर्थतन्त्र झन्झन् खुम्चिँदै जानु र त्यसलाई जागृत गराउन नसकिनुको प्रमुख कारण बनेको छ । बिग्रँदो शान्तिसुरक्षाका कारणले विदेशी पर्यटकहरू नेपाल आइरहेका छैनन् । त्यसले गर्दा नेपालको समग्र होटल व्यवसाय र पर्यटकसँग सम्बन्धित टुर्स र ट्राभल्स सेवा, हवाईसेवा र विदेशी मुद्राको कारोबार, हिमाल आरोहण, पद यात्रा, ऱ्याफ्टिङ आदि व्यवसायहरू सुकेका छन् । ठूला होटलहरूलाई बिजुली, पानी, टेलिफोन, सरसफाई तथा कर्मचारी खर्च धान्न मुस्किल भइरहेको छ । आम्दानी सुकेकाले उनीहरूले बैंकबाट लिएको ऋणको ब्याज तिर्न सकिरहेका छैनन् । असुरक्षाकै कारणले एकातिर उत्पादनमूलक उद्योगहरूको उत्पादन घटेको छ भने अर्कोतिर भएको उत्पादनको पनि बिक्री वितरण अबरुद्ध भइरहेको छ । आधुनिक आर्थिक क्रियाकलापहरू जिल्ला सदरमुकाम र प्रमुख सहरी क्षेत्रहरूमा मात्र खुम्चिन पुगेका छन् । अधिकांश जिल्ला सदरमुकामहरू समेत असुरक्षित हुँदै गएकाले त्यहाँ समेत कारोबार घटेको छ । असुरक्षाकै कारणले कतिपय जिल्लाको ग्रामीण क्षेत्रको सक्रिय जनशक्ति अघोषित शरणार्थीको रूपमा बाहिरिएको छ । तीमध्ये व्यवस्था मिलाउन सक्नेहरू विदेशमा र नसक्नेहरू कमसेकम भारततर्फ र जिल्ला सदरमुकामहरूतर्फ झरेका छन् । यसले गर्दा एक त त्यहाँ खेतीमा काम गर्ने मानिसहरूको अभाव हुन गएको छ भने अर्कोतिर असुरक्षाकै कारणले भएको खेतीसमेत भित्र्याउन नसकिने स्थिति सिर्जना भएको छ । यसरी जिल्ला सदरमुकामबाहिरको सम्पूर्ण ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलापहरू शून्यप्रायः भएकाले त्यहाँका जनता क्रयशक्तिबिहीन भएका छन् । त्यसले गर्दा सहरी क्षेत्रको समेत कारोबार घट्न गएको छ ।

असुरक्षाका कारणले मुलुकमा निर्माण, विकासका कार्यहरू सञ्चालन गर्न सम्भव छैन । र, सञ्चालन गर्न खोजियो भने पनि साधन उपलब्ध छैन । एकातिर राजस्व परिचालन शिथिल हुँदै गइरहेको छ भने अर्कोतिर वैदेशिक सहायता अवरुद्ध भएको छ । यस अवस्थामा सरकारी बजेट तर्जुमाको कुरा केवल सरकारको आय र व्यय प्रणालीलाई कानुनी बैधता दिने प्रयोजनका लागि मात्र हुन सक्दछ, अर्थतन्त्रलाई दिशानिर्देश गर्ने र आर्थिक गतिविधि बढाउनका लागि हुन सक्दैन ।

हिजोसम्म जतिसुकै राजनीतिक अस्थिरता र हत्या हिंसाको शृङ्खला चल्दै आएको भए तापनि सरकार, समाज तथा घरपरिवारका नियमित क्रियाकलापहरू जसोतसो चलिरहेका थिए । त्यसले गर्दा मुलुकका जिम्मेवार पक्षहरू आ-आफ्ना नीति र कार्यक्रमअनुसार चलखेल गर्न पाइरहेका थिए । उनीहरूसँग चलखेल गर्ने केही ठाउँ बाँकी थियो । तर, अब त्यस्तो ठाउँ साँघुरिँदै गएको छ । सरकारी बजेटको प्रस्तुति र पारित गर्ने कार्य सङ्कटकालीन ढङ्गबाट गर्नुपर्ने भएको छ । साधनको अभाव र असुरक्षाका कारणले सम्पूर्ण निर्माण र विकासका कार्यहरू रोकिएका छन् । राष्ट्रिय र प्रतिव्यक्ति आय ह्रासोन्मुख छ । जनतामा घोर निरासा र छटपटी छाएको छ । त्यसैले मुलुकमा कुनै पनि बेला स्वःस्फूर्त ढङ्गको अनियन्त्रित र अराजक विद्रोह, लुटपाट, तोडफोड र हत्या हिंसाको शृङ्खला सुरु हुन सक्तछ । जस्तो केही वर्षअगाडि मात्र ल्याटिन अमेरिकी मुलुक अर्जेन्टिनामा भएको थियो । नेपालमा त्यस्तो दुर्भाग्यपूर्ण स्थिति आयो भने संवेदनशील अवस्थिति भएको नेपालको अस्तित्वमा समेत खतरा आइपर्न सक्तछ ।

मुलुकको अर्थतन्त्र कसरी धराशायी हुँदै गइरहेको छ भने ०६२ वैशाखसम्ममा सरकारको कुल नगद खर्चमा चालू वा साधारणखर्च (सरकारी ऋणको साँवा तिरेको समेत) को अंश बढेर ८६.३ प्रतिशत पुगेको छ भने पुँजीगत खर्च (विकास खर्च) को अंश १३.७ प्रतिशतमा झरेको छ । यसले सरकारको चालू खर्च बेलगाम बढेर गइरहेको र पुँजीगत खर्च नगन्य रहेको तथ्य पुष्टि गर्दछ । त्यसैगरी वि.सं. ०६० वैशाखको तुलनामा ०६१ वैशाखमा नेपालले प्राप्त गरेको कुल नगद वैदेशिक सहायता १७४.९ प्रतिशतले बढेर १० अर्ब ६७ करोड ५९ लाख रुपियाँ पुगेकोमा ०६२ वैशाखसम्म आइपुग्दा सो सहायता ४३.१ प्रतिशतले घटेर जम्मा ६ अर्ब ७ करोड ९२ लाख रुपियाँ मात्र प्राप्त हुनसकेको छ । ०६२ वैशाखसम्म प्राप्त कुल वैदेशिक सहायता ६ अर्ब ७ करोड ९२ लाख रुपियाँमध्ये पनि ०६२ पुस मसान्तसम्ममा नै ४ अर्ब ७४ करोड २५ लाख रुपियाँ प्राप्त भइसकेको थियो भने ०६१ माघ देखि ०६२ वैशाखसम्मको चार महिनाको अवधिमा केवल १ अर्ब ३३ करोड ६७ लाख रुपियाँको मात्र नगद वैदेशिक सहायता प्राप्त हुनसकेको छ । जुन पहिले नै कबुल गरिएको रकम थियो । यसबाट नेपालको वैदेशिक सहायताको स्रोत क्रमिक रूपमा सुक्दै गएको तथ्य पुष्टि हुन्छ । जबकि ०६१ वैशाखसम्म नेपालले खर्च गर्नै नसकिने गरी वैदेशिक सहायता प्राप्त गर्ने गरेको थियो । त्यसैगरी सरकारी राजस्व ०६१ पुससम्ममा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १२.२ प्रतिशतको सन्तोषजनक दरले बढेकोमा ०६१ चैत २६ सम्म आइपुग्दा सो वृद्धिदर घटेर ५.४ प्रतिशतमा सीमित हुनपुग्यो । चैतको अन्तिम सातामा संस्थानहरूबाट तानतुन पारेर सो वृद्धिदरलाई ११.७ प्रतिशतसम्म पुऱ्याइयो । तर, अब त्यसरी तानतुन पार्न सकिने ठाउँ पनि कति होला र ! जबकि वैशाखसम्ममा बेरुजुसमेत गरी साधारण खर्च ५२ अर्ब ८२ करोड

१३ लाख रुपियाँ पुगेको छ भने राजस्व ५२ अर्ब १४ करोड ४४ लाख रुपियाँ मात्र उठेको छ । यसले मुलुकको साधारण खर्चसमेत नियमित राजस्वबाहेकको स्रोतबाट पूर्ति भइरहेको छ भन्ने देखाउँछ ।

मुलुकको सङ्कटपूर्ण अवस्थाको असर नेपालसँग भएको भारतीय मुद्राको सञ्चितिमा पनि टड्कारो रूपमा परेको छ । उदाहरणका लागि हामीसँगको भारतीय मुद्राको सञ्चिति रित्तिँदै गएर १२ वर्षअगाडि नै अन्त्य भएको भारतीय रिजर्भ बैंकलाई अमेरिकी डलर बिक्री गरी भारतीय मुद्रा खरिद गर्नुपर्ने स्थितिको पुनरावृत्ति भएको छ । विशेष गरी मुलुकमा पछिल्लोपटक सङ्कटकाल लगाइएपछि तराई क्षेत्रमा भारतीय मुद्राको माग पुरा गर्नै नसकिने गरी बढेको छ । यसले नेपालबाट ठूलो स्तरमा भारततर्फ पुँजी पलायन भइरहेको सङ्केत गर्छ । यति मात्र होइन, नेपाली बजारमा भारतीय मुद्राको प्रचलन बढेर कुल कारोबारको ४१ प्रतिशत पुगिसकेको तथ्य एक स्वतन्त्र अध्ययनले सार्वजनिक गरेको छ । यसले नेपालमा ०२० सालअगाडि नै अन्त्य भइसकेको द्वय मुद्रा प्रणाली पुनः फर्केको छ भन्ने देखाउँछ । अर्थात् नेपालले विगत ४० वर्षभन्दा बढी अवधि लगाएर हासिल गरेको नेपालमा एकल मुद्रा प्रचलन गराउने उपलब्धि क्रमिक रूपमा निरर्थक हुँदै गइरहेको छ ।

यसबीचमा नेपालको वैदेशिक व्यापारको क्षेत्रमा पनि गम्भीर किसिमले गिरावट आएको छ । वि.सं. ०६२ पुससम्ममा नेपालको कुल निर्यात ४.८ प्रतिशतले र कुल आयात ०.२ प्रतिशतले बढेको थियो भने ०६२ चैतसम्म आइपुग्दा कुल निर्यातको वृद्धिदर घटेर ३.६ प्रतिशत मात्र कायम रहेको छ भने कुल आयात ५.७ प्रतिशतले घटेको छ । यसमा तेस्रो मुलुकतर्फको निर्यात गत वर्षको चैतसम्मको तुलनामा यस वर्षको चैतसम्ममा २०.२ प्रतिशतले घटेको छ भने आयात २२.६ प्रतिशतको उच्च दरले घटेको छ । पछिल्ला महिनाहरूमा भएको अमेरिकी डलरसँग नेपाली मुद्राको पुनःमूल्याङ्कनलाई कटाउँदा समेत तेस्रो मुलुकहरूसँगको नेपालको व्यापारमा आएको यो गिरावटलाई उल्लेख्य मान्नुपर्दछ । तेस्रो मुलुकबाट हुने आयात यस रूपमा घट्नुले मुलुकमा औद्योगिक उत्पादन तथा व्यापारिक कारोबारमा व्यापक सङ्कुचन आएको तथ्य पुष्टि हुन्छ । विदेशी मुद्रा आर्जन गर्ने मुलुकको निर्यात व्यापारमा शिथिलता आएको, पर्यटन क्षेत्र अस्तित्व जोगाउन सङ्घर्ष गरिरहेको, वैदेशिक सहायता पनि माथि उल्लेख गरिएबमोजिम घटेको र उल्टै भारतीय रुपियाँ खरिद गर्नसमेत अमेरिकी डलर खर्च गर्नुपर्ने स्थिति सिर्जना भएकाले रेमिट्यान्सले मात्र मुलुकको विदेशी मुद्राको आवश्यकता कति दिनसम्म थेग्नसक्ने हो भन्ने कुरा ठूलो चिन्ताको विषय भएको छ ।

मुलुकको मौद्रिक क्षेत्रको स्थिति पनि यस अवधिमा निरासाजनक रहेको छ । खुद वैदेशिक सम्पत्ति गत वर्षको पहिलो आठ महिनामा अघिल्लो वर्षको त्यसै अवधिको तुलनामा १२.० प्रतिशतले बढेकोमा यस वर्षको सोही अवधिमा सो वृद्धिदर घटेर केवल ५.० प्रतिशतमा सीमित भएको छ । वैदेशिक सम्पत्तिको आर्जन गत वर्षको पहिलो आठ महिनामा १४.२ प्रतिशतको उच्च दरले बढेकोमा यस वर्षको सोही अवधिमा ०.३ प्रतिशतले घटेको छ । त्यसैगरी नेपाली बैंकहरूमा रहेको विदेशी मुद्राको निक्षेप गत वर्षको पहिलो आठ महिनामा १२.२ प्रतिशतले बढेकोमा यस वर्षको सोही अवधिमा ७.१ प्रतिशतले घटेको छ । यी सबै कारणहरूले गर्दा गत वर्षको पहलो सात महिनामा नेपालको शोधनान्तर स्थितिमा १० अर्ब ७५ करोड ६२ लाख रुपियाँबराबरको वचत भएकोमा यस वर्षको सोही अवधिमा सो वचत घटेर केवल २ अर्ब ९१ करोड ९२ लाख रुपियाँमा सीमित हुन पुगेको छ । यही स्थिति कायम रहेमा आउँदो कुनै पनि महिनामा नेपालको शोधनान्तर स्थिति घाटामा जाने निश्चितप्रायः छ ।

यसरी नेपालको अर्थतन्त्रका प्रायः सम्पूर्ण पक्षहरू एकपछि अर्को गर्दै धराशायी बन्दै गएका छन् । निजी क्षेत्र हर किसिमका प्रयासहरू गर्दा पनि स्थितिमा सुधार आउन नसकेको देखेर निरास भएको छ भने सरकार कुनै नयाँ र रचनात्मक पहल नगरी रमिते मात्र भएर बसेको छ । यसरी अब अर्थतन्त्रले घुँडा टेक्न मात्र बाँकी छ ।

# ‘माघ १९’ पछिको संवैधानिक स्थिति र नयाँ संविधान

## ’ टीकाराम भट्टराई

गत ०६१ माघ १९ गतेको राजा ज्ञानेन्द्रको घोषणापश्चात् मुलुकमा संविधान छ या छैन भन्ने विषयमा जनमत विभाजित भएको देखिन्छ । त्यति मात्र होइन, जिम्मेवार राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूमा समेत यो विषयमा स्पष्टता देखिँदैन । वास्तवमा अहिले मुलुकमा संविधान छ कि छैन ?

वर्तमान संविधानका मूलभूत विशेषताहरूमध्ये (१) संसदीय शासन प्रणाली, (२) बहुदलीय राजनीतिक व्यवस्था, (३) जनतामा निहित सार्वभौमसत्ता, (४) आधारभूत मानवअधिकारसहितका मौलिक हकहरू, (५) शक्ति पृथकीकरणको मान्यतामा आधारित संवैधानिक सर्वोच्चता र (६) स्वतन्त्र र सक्षम न्यायपालिकाको क्रियाशीलता र प्रभावकारिताका आधारमा नै संविधान छ वा छैन भन्ने प्रश्नको वस्तुनिष्ठ विवेचना गर्न सकिन्छ । संविधानका उपरोक्त विशेषताहरूलाई वर्तमान अवस्थासँग तुलना गरेर हेर्दा वर्तमान संविधानको तस्बिर यस्तो देखिन्छ :

(१) **संसदीय शासन प्रणाली** : द्विसदनात्मक संसदीय प्रणाली भएको हाम्रो देशमा अहिले दुवै सदनहरूमध्ये प्रत्यक्ष जनताबाट निर्वाचित सदन प्रतिनिधिसभा अस्तित्वमा नै छैन भने भौतिक उपस्थिति देखिएको राष्ट्रियसभालाई जबरजस्त

निष्क्रिय बनाइएको छ र राष्ट्रियसभाका सांसदहरूलाई प्रहरी र सेनाको मर्यादाबराबरको व्यवहार र राजकीय मामलामा सहभागी गराइएको छैन । तसर्थ जेठ ८, ०५८ देखि देशमा संसदीय शासन प्रणालीले कुनै काम र प्रभावकारिता देखाउन नसकेको हुनाले अहिले संसदीय शासन प्रणाली संविधानमा लेखिएको सुन्दर गहना मात्र भएको छ ।

(२) **बहुदलीय राजनीतिक व्यवस्था** : बहुदलीय राजनीतिक व्यवस्थाका केही आधारभूत मान्यताहरू छन्, जसको आधारमा यसको क्रियाशीलताको निर्धारण गर्न सकिन्छ । बहुदलीय व्यवस्था हुनुको अर्थ हो : राज्यको हरेक क्रियाकलापमा दलहरूको अनिवार्य सहभागिता र सहमति । तर, अहिले मुलुकमा राजनीतिक दलहरूको नीति निर्माण तहमा कुनै भूमिका छैन । त्यति मात्र होइन, उनीहरूको गतिविधिहरू स्वतन्त्र रूपमा सञ्चालन गर्न शाही सत्ताले रोक लगाएको छ । दलहरू हुनुको अर्थ उनीहरूको भौतिक उपस्थिति मात्र कदापि होइन । राज्यको नीति निर्माण तहमा दलहरूको अनिवार्य संलग्नता र सहभागिता बहुदलीय व्यवस्थाको अनिवार्य र अभिभाज्य विशेषता हो । तर, 'माघ १९' गतेपछिका सय दिन त दलहरूमाथि पूर्ण रूपमा अघोषित प्रतिबन्ध नै लगाइएको थियो भने असंवैधानिक सङ्कटकालको अन्त्यपछि पनि दलीय गतिविधि स्वतन्त्रपूर्वक सञ्चालन गर्ने अवस्था छैन । राजाले पटकपटक दलहरूलाई अर्ति-उपदेश दिने र दलीय व्यवस्थाको अपरिहार्यता दर्साउने अभिव्यक्ति दिए तापनि राजाको प्रत्यक्ष शासनमा दलहरूमाथिको अघोषित प्रतिबन्ध कायमै छ । राजाले तोकिदिएको स्थानमा मात्र सभा, जुलुस र प्रदर्शन गर्न पाइने, राजाको बक्रदृष्टिमा परेका राजनीतिक नेता-कार्यकर्ताहरूले स्वतन्त्र आवागमन गर्न नपाउने, राजाले नेतृत्व गरेको सरकारले गरेको अन्याय, अत्याचार र भ्रष्टाचारको विरोधमा आलोचना गर्न नपाइने, दलका गतिविधि र क्रियाकलापलाई राजाको नेतृत्वमा रहेको सरकार अधिनस्थ सरकारी सञ्चारमाध्यमले बहिष्कार गर्नेजस्ता कार्यहरूले दलहरूको गतिविधि शून्यप्रायः बनाउन खोजिएको छ र हातमा हत्कडी, खुट्टामा नेल र मुखमा पट्टी बाँधेर दलहरूलाई दौड प्रतियोगितामा प्रतिस्पर्धा गर्न राजाले आह्वान गरेका छन् । तसर्थ मुलुकमा बहुदलीय राजनीतिक व्यवस्था क्रियाशील र प्रभावकारी छैन, केवल दलहरूको अस्तित्वसम्म देखिएको छ । दलहरूको अस्तित्वलाई अस्वीकार गर्ने र आफैँ शासनसत्ता सञ्चालन गर्ने राजाको महत्त्वाकाङ्क्षाले गर्दा दलीय व्यवस्था अहिले प्राविधिक रूपमा मात्र अस्तित्वमा रहेको देखिन्छ ।

३) **जनतामा निहित सार्वभौमसत्ता** : वर्तमान संविधानको सबैभन्दा ठूलो उपलब्धि र विशेषता नै जनतामा रहेको सार्वभौमसत्ता हो । संविधानको धारा ३ मा रहेको यो व्यवस्थाको प्रयोग जनताले निर्वाचनको माध्यमद्वारा प्रयोग गर्छन् । राज्यका हरेक निकायहरू, सेना, प्रहरी, अड्डा, अदालत, संसद्, संवैधानिक निकायहरू कुनै न कुनै रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले जनताप्रति उत्तरदायी र जवाफदेही रहनु नै जनतामा निहित सार्वभौमसत्ताको प्रमुख विशेषता हो । जनतामा रहेको सार्वभौमसत्ताको प्रयोग संसद् क्रियाशील रहेका बखतमा संसद्मार्फत भइराखेको हुन्छ भने संसद्को अनुपस्थितिमा त्यो शक्ति पुनः राजनीतिक दलहरूमार्फत जनतामा नै फर्केर बसेको हुन्छ । तसर्थ, कुनै कारणले संसद्को क्रियाशीलता रहेन वा संसद्को शून्यताको अवस्था उत्पन्न भयो भने जनतामा निहित सार्वभौमसत्ताको प्रयोग राजनीतिक दलहरूमा सर्दछ । सार्वभौमसत्ताको यो प्रमुख विशेषतालाई हाम्रो संविधानको धारा १२८ मा स्वीकार गरिएको छ । यसरी विश्लेषण गर्दा अहिले सार्वभौमसत्ताको प्रयोग गर्ने संसद् पनि छैन र राजनीतिक दलहरूलाई पनि कार्यकारिणी शक्ति प्रयोग गर्ने वा उनीहरूलाई सहभागी गराउने कार्यमा राजाले सैनिकबलको भरमा वञ्चित गरेका छन् । तसर्थ, अहिले सार्वभौमिक शक्तिको प्रयोग जबरजस्त र सैन्यबलको भरमा राजाले गरेका छन् । जनतामा निहित सार्वभौमसत्ता संविधानका अक्षरहरूमा अलपत्र र शक्तिविहीन अवस्थामा रहेको छ ।

४) **आधारभूत मानवाधिकारसहितका मौलिक हकहरू** : विचार र अभिव्यक्तिको स्वतन्त्रता, दलहरूमाथि कुनै पनि रूपमा प्रतिबन्ध र नियन्त्रण कायम गर्न नसकिने व्यवस्था, अधिराज्यभर स्वतन्त्र रूपमा आवतजावत गर्न पाइने, पूर्ण प्रेस स्वतन्त्रतासहितका आधारभूत मानवअधिकारहरू अहिले प्रयोग र प्रचलनमा रहेका छैनन् । राजाको स्तुतिगान गर्ने संस्था र व्यक्तिहरूले मात्र विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकतम उपयोग गर्न पाएका छन् । विरोध र असहमतिको आवाजलाई कैद गरिएको छ । उपत्यकामा आंशिक खुलेका मोबाइल फोनहरू उपत्यकाबाहिर पूर्ण प्रतिबन्धित छन् । अपवादको रूपमा प्रयोग गरिने अध्यादेशलाई संसद्ले बनाएका प्रजातान्त्रिक कानुनहरूको संशोधन र विस्थापन गरी शाही सत्ता लम्ब्याउने नियमित हतियारको रूपमा प्रयोग गरिएको छ । यसरी संविधान संशोधन गर्दासमेत संशोधन गर्न नसकिने मानवअधिकारहरू अध्यादेशको माध्यमद्वारा संशोधन वा सैन्यबलको भरमा नियन्त्रण गरिएका छन् ।

५) **संवैधानिक सर्वोच्चता** : संवैधानिक सर्वोच्चताको सिद्धान्तले राज्यका सबै निकाय, पदाधिकारी वा नागरिकहरू संविधानबमोजिम नियन्त्रित र निर्देशित हुनुपर्दछ भन्ने मान्यता राख्दछ । संवैधानिक सर्वोच्चताको सिद्धान्त विधिको शासनबाट निर्देशित छ । कानुनभन्दा माथि कोही पनि हुँदैन र राज्यका प्रत्येक निकाय वा पदाधिकारीहरू कानुनप्रति उत्तरदायी र जवाफदेही रहन्छन् । नेपाल अधिराज्यको संविधान, ०४७ को प्रस्तावनामा नै कानुनीराजको सिद्धान्तअनुरूप राज्य सञ्चालन हुने व्यवस्था उल्लेख गरी धारा १ ले संवैधानिक सर्वोच्चता (constitutional supremacy) लाई अङ्गीकार गरेको छ । विधिको शासनको मूल मर्म हो- "What so ever you high the law is always above you" अर्थात् "तिमी जतिसुकै माथि होउ, कानुन जहिले पनि तिमीभन्दा माथि हुन्छ ।" तर, अहिले राजा र सेना संविधान र कानुनभन्दा माथि देखिएका छन् । तसर्थ, संविधानले परिकल्पना गरेको संवैधानिक सर्वोच्चता होइन, राजाको हुकुमी शासन र निरंकुशतन्त्रको सर्वोच्चता कायम गरिएको छ ।

६) **स्वतन्त्र र सक्षम न्यायपालिका** : 'माघ १९' पछि राजाको प्रत्यक्ष शासनबाट पूर्ण निर्देशित नभएको संस्था न्यायपालिका नै देखिएको छ । न्यायपालिकाका प्रमुखलाई अन्तर्राष्ट्रिय जगत्मा गएर राजाको असंवैधानिक कदमको स्वागत र प्रतिरक्षा गर्न निर्देशित गरिएको भए तापनि न्यायपालिकाको एक अङ्ग बार एसोसिएसनको शक्ति र प्रभावकारिताका कारणले गर्दा प्रधानन्यायाधीशको मन्तव्यबाट पूर्ण रूपमा न्यायालय प्रभावित भएको देखिएको छैन । यसो हुनुमा बार एसोसिएसनबाट मनोनयन भएका केही प्रभावशाली न्यायाधीशहरू र प्रजातान्त्रिक, संवैधानिक र कानुनी व्यवस्थामा हालसम्म व्यापक र कानुनी प्रावधानकै आधारमा गरिरहेका छन् । स्वतन्त्र न्यायपालिकाको अधिकारक्षेत्र अतिक्रमण हुने गरी असंवैधानिक शाही आयोगको

गठन गरिएको छ तर त्यसले अपवादवाहेक न्यायपालिकामा हस्तक्षेप गर्ने हिम्मत गरेको छैन । सङ्कटकालको अवधिमा पनि सर्वोच्च र पुनरावेदन अदालतबाट बन्दी प्रत्यक्षीकरणको आदेश जारी भई सयौँ राजनीतिक नेता तथा कार्यकर्ताहरू छुटेका छन् । अदालतको आदेशको अवज्ञा गर्ने सरकारी प्रवृत्तिलाई बार एसोसिएसनको कडा प्रतिरोधले ठहरावमा ल्याएको छ । कम्युनिकेसन कर्नरमाथि भएको सैनिक हस्तक्षेपलाई सर्वोच्चको आदेशले रोकेको छ । यसरी हेर्दा समग्रमा न्यायपालिकाको भूमिका अन्य अङ्गको भन्दा सकारात्मक र प्रभावकारी एवम् संविधानको संरक्षण गर्ने दिशामा नै केन्द्रित भएको छ र निरङ्कुशतन्त्रले अपेक्षित हस्तक्षेप गर्ने हिम्मत गरेको छैन ।

यसरी उपरोक्त तथ्यहरूका आधारमा विश्लेषण गर्दा ०४६ सालको ऐतिहासिक जनआन्दोलनको परिणामस्वरूप निर्मित वर्तमान संविधानका खासखास र महत्त्वपूर्ण विशेषता तथा प्रावधानहरू निष्क्रिय वा अवरुद्ध गरिएका छन् । यसको सोझो अर्थ हो, नेपाल अधिराज्यको संविधान, ०४७ राजनीतिक रूपमा मृत भइसकेको छ । किन पनि मृत भइसकेको छ भने यो संविधान जनआन्दोलनकारी शक्ति र राजाको बीचमा भएको एउटा लिखित सम्झौता अर्थात् करार हो । उक्त सम्झौतामार्फत राजाले संविधान र कानुनको अधीनस्थ रहने र नाम मात्रको राष्ट्रप्रमुख हुने शपथ खाएका थिए तर अहिले शक्ति आफ्नै हातमा रहेकाले करारको एकपक्षले करारमा उल्लेखित कुनै पनि प्रावधानको उल्लङ्घन गर्नासाथ त्यो करार स्वतः भङ्ग भएको मानिन्छ र अर्को पक्षले म करारको पालना गरिरहन्छु भन्नुको कुनै औचित्य रहँदैन । तसर्थ, अब राजनीतिक दलहरूले हामी संवैधानिक राजतन्त्र मान्छौँ भन्नुको कुनै औचित्य छैन, किनभने राजा स्वयम्ले संवैधानिक राजतन्त्र म मान्दिनँ भनेर घोषणा गरिसकेका छन् । त्यसो भएकाले अब संवैधानिक राजतन्त्र दलहरूको एजेन्डा हुनैसक्दैन र दलहरूलाई संवैधानिक राजतन्त्र भनिरहनुपर्ने कुनै बाध्यता, औचित्य र आवश्यकता छैन । राजाले म संविधानभित्र बस्छु भनिरहेको अवस्थामा त्यसलाई दलहरूले अस्वीकार गरे भने संवैधानिक राजतन्त्रको बारेमा बहस गर्न सकिन्छ तर जब स्वयम् राजाले म संविधानभित्र बस्दिनँ भनी घोषणा नै गरिसकेका छन् भने अब दलहरूको एजेन्डा या सक्रिय राजतन्त्र या त गणतन्त्र हुनुपर्ने स्वाभाविक छ । तर, नेपालका प्रमुख राजनीतिक शक्तिहरू हालसम्म शान्तिपूर्ण जनआन्दोलनमा विश्वास गर्ने भएकाले यो माध्यमबाट गणतन्त्रको स्थापना तत्काललाई विचारणीय नै देखिएकाले श्रीपेचसहितको गणतन्त्र अर्थात् राजालाई बेलायत वा जापानको जस्तो अधिकारविहीन रूपमा स्थापित गर्ने सम्झौतासम्म हुनसक्ने सम्भावनालाई नकार्नुपर्ने अवस्था देखिँदैन । तथापि, यो विषय रजाको हो, दलहरूको होइन । त्यसमा पनि सामन्तवाद र पुँजीवादको विरुद्धमा वर्गीय आन्दोलनमा लागेका कम्युनिस्ट पार्टीहरू त स्वभावैले गणतन्त्रवादी हुन् । राजाले सामन्तवाद र पुँजीवादको नेतृत्व नगर्ने अथवा वर्गीय रूपमा राजा सामन्तवाद र पुँजीवादको नेता नबन्ने हो भने मात्र उनको उपस्थिति स्वीकार्य हुनसक्छ । नत्रभने एउटा कम्युनिस्ट पार्टीका लागि मात्र होइन, पुँजीवादी पार्टीहरूका लागि पनि सामन्तवादको प्रतिनिधि र नेताको रूपमा राजाको उपस्थिति स्वीकार्य हुनसक्दैन । अहिले सात दलमा संलग्न घटकहरू वर्गीय रूपमा पुँजीवादी र जनताको अधिनायकत्वमा विश्वास गर्ने जनवादी शक्तिका प्रतिनिधि पात्रहरू हुन्, संवैधानिक रूपमा उनीहरू राजतन्त्रवादी हुनै सक्दैनन् । तसर्थ, सात राजनीतिक दलको राजतन्त्रसम्बन्धी स्पष्ट दृष्टिकोण अब जनसमक्ष घोषित रूपमै आउनु जरुरी छ, जसले आन्दोलनलाई वैचारिक स्पष्टता र ऊर्जा प्रदान गर्नेछ ।

**अबको निकास के र कसरी ?**

माथि विवेचना गरिएझैँ ०४६ सालको आन्दोलनबाट लिखित रूपमै गरिएको सम्झौतास्वरूप निर्मित संविधान राजाले 'माघ १९' मा लिखित रूपमै तोडेको घोषणा गरिसकेका छन् र संविधानको संरक्षणको नाममा संविधानलाई पूर्णतया ध्वस्त गरिसकेका छन् । राजनीतिक रूपमा अब नेपाल अधिराज्यको संविधान ०४७ को मृत्यु भइसकेको हुनाले नयाँ शक्ति सन्तुलनको आधारमा नयाँ संविधान बन्नु अपरिहार्य छ । तर, त्यो कसरी भन्ने प्रश्न ज्यादै जटिल र कठिन छ । माथि उल्लेखित गरिएझैँ राजनीतिक रूपमा वर्तमान संविधानको मृत्यु भइसकेको छ तर प्राविधिक रूपमा यो संविधान हालसम्म पनि क्रियाशील रहेको छ । राजनीतिक दलहरू, सर्वोच्च अदालतसहितका संवैधानिक अङ्गहरू, सेना, प्रहरी, निजामती र सम्पूर्ण प्रशासनिक तथा पेसागत सङ्घ, सङ्गठनहरू यही संविधानको आधारमा क्रियाशील छन् । कार्यकारिणीको निरङ्कुश र स्वेच्छाचारी क्रियाकलापलाई अदालतले यही संविधानमा टेकेर असंवैधानिक घोषणा गरिरहेको छ । राजाले गर्ने हरेक नियुक्ति र घोषणाहरू कुनै न कुनै रूपमा यही संविधानमाथि टेकेर गरिएको दाबी गरेका छन् । तसर्थ, अहिले पनि प्राविधिक रूपमा यो संविधान कायम रहेको छ र यसलाई मृत घोषणा गर्ने वा निलम्बन गर्ने अधिकार कसैलाई छैन । त्यसो भएको हुनाले अब हुने सम्झौता वा सहमति पनि कुनै न कुनै रूपमा यही संविधानमा टेकेर हुनु अपरिहार्य मात्र होइन, अनिवार्य पनि छ । त्यस आधारमा नै सात राजनीतिक दलले प्रतिनिधिसभा पुनःस्थापनाको माध्यमद्वारा वर्तमान संविधानलाई क्रियाशील बनाउने, तत्पश्चात् सार्वभौम शक्तिको प्रयोग गरी संशोधन वा जनमतसङ्ग्रह वा संविधानसभामार्फत नयाँ संविधानको निर्माण गर्ने मार्गचित्र प्रस्तुत गरेका छन् । नयाँ संविधानको निर्माण मूलतः दुईवटा अवस्थामा आवश्यक हुन्छ : या त आन्दोलनकारी शक्तिहरूले बलपूर्वक क्रान्ति सम्पन्न गरेर या त नयाँ शक्ति र पुरानो शक्तिका बीचमा सहअस्तित्वका आधारमा नयाँ सम्झौता गरेर । अहिले सात राजनीतिक दलहरू जनआन्दोलनद्वारा राजालाई झुकाएर उनीसँग नयाँ सम्झौताको आधारमा नयाँ संविधानको निर्माण गर्न आन्दोलनमा जुटेका छन् । यसको सोझो अर्थ हो- आन्दोलनकारी शक्तिहरूले अहिल्यै बलपूर्वक राजालाई हटाउने घोषणा गरिसकेका छैनन् । तसर्थ जब राजालाई बलपूर्वक हटाउने आन्दोलनको लक्ष्य होइन र राजाका दाह्रा, नङ्ग्रा र हातपाउ मात्र काट्ने आन्दोलनको लक्ष्य हो भने अब बन्ने नयाँ संविधान यही संविधानमा टेकेर नै बन्नेछ । तर, एउटा बिर्सन नहुने तथ्य र मान्यता के हो भने आन्दोलनको कुनै सीमा हुँदैन र आन्दोलनको स्वरूपले नै सम्झौताको निर्धारण हुन्छ । राजा कुनै हालतमा नझुक्ने दिशामा गए भने स्वाभाविक छ- आन्दोलन राजतन्त्रकै विरुद्धमा अघि बढ्नेछ । त्यो मान्यतामा सहमत नहुने शक्तिहरू वा नेतृत्व पछि पर्नेछन् र जनशक्तिको विजय अवश्यम्भावी छ । आजसम्मको इतिहासले यही भन्छ । तसर्थ, आन्दोलनको कुनै विकल्प छैन ।

◆

# ‘असंवैधानिक सरकार विघटन हुनुपर्छ’

१. २०४६ को जनआन्दोलनको परिणामस्वरूप निर्मित नेपालको संविधान, ०४७ ले राज्यशक्तिको स्रोत जनता हो भन्ने तथ्य हृदयङ्गम गरी नेपाली जनतामा सार्वभौमसत्ता निहित रहेको र यसको प्रयोग सोही संविधानमा व्यवस्था गरिएबमोजिम हुनेछ भनी सुनिश्चित गरेको छ । मुलुकको शासन व्यवस्था जनताद्वारा निर्वाचित एवम् संसद्प्रति उत्तरदायी सरकारमार्फत मात्र गर्न सकिने संवैधानिक व्यवस्था प्रतिकूल गई जनताका अधिकारहरू क्रमशः खोस्दै जाने क्रममा राजाबाट माघ १९, ०६१ मा शाही घोषणा गरी प्रत्यक्ष रूपमा शासनाधिकार आफूले लिनुलाई यो सभा राजाबाट संविधान उलङ्घनको दिशामा लिएको पराकाष्ठाको कदम हो भन्ने ठान्छ । छ महिनाभन्दा बढी प्रतिनिधिसभाविहीन अवस्थामा मुलुक रहन नसक्ने संवैधानिक व्यवस्था रहेको र यसैबीचमा पनि संसद्को स्थायी सभा राष्ट्रियसभालाई निष्क्रिय तुल्याएको एवम् हाल सशस्त्र द्वन्द्वका कारण उत्पन्न असुरक्षाको स्थितिमा प्रतिनिधिसभाको निर्वाचन हुन नसक्ने अवस्थामा तत्काल विघटित प्रतिनिधिसभा पुनःस्थापित गरी जनताप्रति उत्तरदायी शासनाधिकार गर्न जनताको हक सुरक्षित गर्न आवश्यक छ भन्ने यो सभा ठान्छ ।

२. संविधानले श्री ५ लगायत राज्यका सबै संवैधानिक निकाय र पदाधिकारीको अधिकारक्षेत्र र काम, कर्तव्य तथा अधिकारको स्पष्ट सीमाङ्कन गरेकोमा श्री ५ बाट ‘माघ १९’ मा आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरी सम्पूर्ण कार्यकारिणी अधिकार आफ्नै नियन्त्रणमा राखिएको घोषणा तथा कार्य र त्यसपछि स्वयम् श्री ५ कै अध्यक्षतामा गठित वर्तमान सरकार पूर्णतया असंवैधानिक भएकाले यस्तो असंवैधानिक सरकारको निरन्तरताप्रति यो सभा खेद व्यक्त गर्दै वर्तमान सरकार अविलम्ब विघटन गरिनुपर्छ भन्ने मान्यता राख्छ ।

३. सशक्त तथा प्रभावकारी ढङ्गले भ्रष्टाचार नियन्त्रण हुनुपर्छ र यसका लागि संविधानसम्मत तथा कानुनी शासनको मूल्य र मान्यतामा आधारित भई भ्रष्टाचारविरुद्ध अभियान सञ्चालित हुनुपर्छ भन्नेमा यो सभा विश्वास व्यक्त गर्छ । तसर्थ संविधान र प्राकृतिक न्यायको सिद्धान्तका विपरीत निश्चित दुराग्रहमा आधारित कथित भ्रष्टाचार नियन्त्रण शाही आयोग अविलम्ब खारेज हुनुपर्छ । यो सभा असंवैधानिक शाही आयोग अस्वीकार्य भएको घोषणा गर्छ ।

४. अपवादस्वरूप कानुन निर्माणको प्रक्रियामा रहेको अध्यादेशलाई नियमित प्रक्रियाका रूपमा लागू गरिनु संविधानवाद र कानुनी शासनको प्रतिकूल हुन्छ भन्ने निर्विवाद छ, तसर्थ सार्वभौमसत्ता सम्पन्न जनताद्वारा निर्वाचित जनप्रतिनिधिद्वारा निर्मित कानुन संविधानको मर्म र भावनाविपरीत हुने गरी अध्यादेशको माध्यमबाट खारेज गर्ने, संशोधन गर्ने र निर्माण गर्ने काम अविलम्ब बन्द गरिनुपर्छ ।

५. संविधानको धारा १२७ संविधानका अन्य प्रावधानलाई निष्क्रिय पार्न र संविधानमा हुँदै नभएका व्यवस्था लागू गर्न प्रयोग गरिने धारा होइन । निर्वाचित सरकारको सिफारिसमा प्रतिनिधिसभाबाट अनुमोदन गराउने गरी मात्र धारा १२७ को प्रयोग हुनसक्छ । तसर्थ धारा १२७ को स्वेच्छाचारी प्रयोगबाट निरकुङ्शतन्त्रलाई संवैधानिक परिसीमाभित्र पार्न दुष्प्रयासको यो सभा घोर भर्त्सना गर्छ ।

६. संसद्द्वारा निर्मित कानुनलाई अध्यादेशद्वारा संशोधन गरी निजामती कर्मचारीतन्त्रमा स्वेच्छाचारी, हस्तक्षेप गर्ने कार्य कानुनी शासनको मर्मविपरीत रहेको यो सभा ठहर गर्छ । कर्मचारीतन्त्रमा त्रास र भयको वातावरण सिर्जना गरी स्वामी र नोकरको सम्बन्ध मात्र हो भन्ने धारणाको विकास गर्न राज्य सञ्चालन गर्नेहरूको सामन्ती मानसिकताप्रति आपत्ति गर्दै पेसागत र वर्गीय हितका लागि कर्मचारी र मजदुरको सङ्घ-सङ्गठन गर्न पाउने हक अपहरण गर्ने तयारी राज्यले गरिरहेको प्रति पनि यो सभा विरोध प्रकट गर्छ र निजामती ऐन तथा कानुनमा गर्न लागिएको प्रस्तावित संशोधन संवैधानिक मर्म र भावनाविपरीत हुने ठहरसमेत गर्छ ।

७. प्रजातान्त्रिक प्रणालीमा समग्र क्रियाकलापलाई जनतासम्म पुऱ्याउने सञ्चार नै उपयुक्त माध्यम हो, यसमाथिको स्वेच्छाचारी बन्देज र नियन्त्रण प्रजातान्त्रिक व्यवस्थामाथिको बन्देज तथा नियन्त्रण हो भन्ने यो सभा ठहर गर्छ । तसर्थ राज्यद्वारा सञ्चारमाध्यम र सञ्चारकर्मीविरुद्धको आफ्नो स्वेच्छाचारी काम-कारबाहीलाई ढाकछोप गर्न प्रेस र सञ्चारमाध्यममा थप बन्देज र नियन्त्रण गर्ने दुराशय राखी ल्याउन लागिएको अध्यादेशबाट गम्भीर दुष्परिणाम निस्कन सक्नेतर्फ ध्यानाकर्षण गर्दै यस्ता दमनकारी कार्यविरुद्ध सञ्चारकर्मीद्वारा प्रेस स्वतन्त्रताको पक्षमा गरिएको आन्दोलनप्रति ऐक्यबद्धता प्रकट गर्दछ ।

८. हालसम्म पनि गैरकानुनी थुनामा रहनुभएका अधिवक्ता नवराज सुवेदी, मानवअधिकारवादी कृष्ण पहाडी, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्तालगायत सम्पूर्ण आस्थाका बन्दीको निःसर्त र स-सम्मान रिहाइ हुनुपर्छ । साथै सरकारद्वारा गैरकानुनी रूपमा नजरबन्दमा राखिएका राजनीतिक बन्दीको थुनालाई अदालतले गैरकानुनी र असंवैधानिक ठहर गरी बन्दीलाई अविलम्ब थुनामुक्त गर्न दिएको आदेशपश्चात् पनि पटकपटक थुनामा राख्ने र सम्मानित अदालतको आदेशको अवज्ञा गर्ने सरकारी काम-कारबाहीप्रति यो सभा विरोध र भर्त्सना व्यक्त गर्दै गैरकानुनी स्थानहद र नजरबन्दलाई अध्यावधि

पनि जारी राखी स्वतन्त्र आवागमनमा गरिएको नियन्त्रणको समेत यो सभा विरोध गर्दै त्यस्तो गैरकानुनी स्थानहद र नजरबन्द गर्ने कार्यलाई तुरुन्त अन्त गरिनुपर्छ भन्ने दृढ मान्यता राख्छ ।

९. जननिर्वाचित संसद्द्वारा निर्मित मानवअधिकार आयोग ऐन, ०५३ मा अध्यादेशद्वारा असंवैधानिक रूपमा संशोधन गरी स्वतन्त्र र सक्षम मानवअधिकार आयोगलाई कार्यारिणीको अधिनस्थ राख्ने आशयले हालै गरिएको मानवअधिकार आयोग ऐनको संशोधन र त्यसअनुरूप गठित आयोगप्रति यो सभा असहमति व्यक्त गर्छ ।

१०. सङ्कटकालको समयमा पनि बन्दी प्रत्यक्षीकरण रिटबाट बन्दीलाई गैरकानुनी थुनाबाट मुक्त गरी संविधानप्रदत्त वैयक्तिक स्वतन्त्रताको हकको संरक्षणका दिशामा सर्वोच्च अदालतले निर्वाह गरिरहेको भूमिकाका साथै सङ्कटकालकै समयमा निलम्बित नभएका धाराले प्रत्याभूत गरेका हकको उपचार प्रदान गर्न रिट दर्ता हुने भनी भएको निणर्यसमेतलाई यो सभा प्रशंसा गर्छ । तर, सार्वजनिक सरोकारका विवादका मुद्दाहरू इजलाससमक्ष पुग्न नदिई प्रशासनिक तहबाटै दरपिठ गर्ने परिपाटीमा अत्यधिक वृद्धि भइरहेकाले सो परिपाटीको तत्काल अन्त्य गरी कार्यापालिकाको निष्पक्षता र निर्भीकताका निमित्त यो सभा पुनः जोड दिन चाहन्छ ।

११. राज्य र माओवादी पक्षबीचको सशस्त्र द्वन्द्वको अन्त गरी दिगो शान्ति स्थापना गर्ने कार्य वार्ता र संवादमार्फत शान्तिपूर्ण ढङ्गले मात्र हुनसक्छ र यसका लागि सार्वभौम नेपाली जनताको प्रतिनिधि संस्था नै उपयुक्त थलो हुनसक्छ भनी यो सभा आफ्नो विश्वास व्यक्त गर्छ र यसका लागि अबिलम्व क्रियाशील हुन सम्बन्धित सबैलाई आह्वान गर्दछौं ।

१२. जनयुद्ध वा आतङ्कवाद अन्त्यको नाममा राज्य तथा माओवादी पक्षबाट शृङ्खलाबद्ध रूपमा जारी राखिएका अमानवीय, क्रूर र नृसंश हत्या, अपहरण तथा व्यक्तिगत सम्पत्तिको तोडफोडप्रति यो सभा खेद प्रकट गर्दछ र मानवअधिकार तथा मानवीय कानुनको न्यूनतम सिद्धान्तप्रति प्रतिबद्ध हुन र त्यसका प्रकारका अमानवीय कार्य अविलम्ब रोक्न द्वन्द्वरत पक्षको ध्यानाकर्षण गर्छ ।

१३. नवलपरासी र कपिलवस्तुमा कथित प्रतिकार समिति निर्माण गरी स्वयम् सरकारका मन्त्री उपस्थित भई त्यस्ता समूहलाई अराजक र आतङ्कपूर्ण कार्य गर्न प्रेरित गरेको घटना र त्यसपछि त्यहाँ भएका अमानवीय र क्रूर घटनाको अध्ययन गर्न गएको नवलपरासी जिल्ला बार एकाइका कानुन व्यवसायी र अन्य मानवअधिकारवादी सङ्घसंस्थाका प्रतिनिधिलाई कथित प्रतिकार समिति र सुरक्षा निकायबाट निरन्तर धाकधम्की दिने कार्यप्रति यो सभा घोर भर्त्सना व्यक्त गर्दछ र बार एकाइका सदस्यलगायत सम्पूर्ण मानवअधिकारवादीप्रति गम्भीर चासो र सरोकार व्यक्त गर्छ ।

१४. नेपाल बार एसोसिएसनले सदैव मानवअधिकार, कानुनीराज र स्वतन्त्र न्यायपालिकाको पक्षपोषण गरी आएको छ । आफ्नो पचासौं वर्षगाँठको सँघारमा उभिएर यो सङ्गठनको भविष्यमा पनि प्रजातन्त्र, मानवअधिकार, कानुनी राज र स्वतन्त्र कार्यपालिकाविरुद्ध हुने सबैखाले क्रियाकलाप र अभिव्यक्तिविरुद्ध क्रियाशील रहने पूर्णप्रतिबद्धता व्यक्त गर्छ ।

१५. हामी कानुन व्यवसायी सामाजिक अभियन्ता पनि हौं । मुलुकमा हाल घटित भइराखेका जनविरोधी क्रियाकलाप, छलछाम, षड्यन्त्रबाट जनताका सार्वभौम अधिकारमाथि भइरहेको नियोजित प्रहारप्रति मूकदर्शक भएर बस्न सक्दैनौं । तसर्थ देशका समस्त बौद्धिक पेसागत समूह, नागरिक समाज, राजनीतिक दलहरू, मानवअधिकारकर्मी र सबै सङ्गठनलाई मुलुकको वर्तमान सङ्कटपूर्ण समस्याको दिगो समाधानका लागि एकबद्ध भएर अगाडि बढ्न आह्वान गर्दछौं ।

१६. राज्यको नीति निर्माणलगायतका महत्त्वपूर्ण सबै क्षेत्र, तह र मामलामा महिला, जनजाति, दलित पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समावेश गर्न र सहभागी बनाउने काम नभई वास्तविक अर्थमा प्रजातन्त्र प्राप्त गर्न नसकिने हुँदा पूर्णसमावेशी र सहभागितामूलक प्रजातन्त्रको स्थापनाका लागि क्रियाशील हुन यो सभा सम्बन्धित सबैको ध्यानाकर्षण गर्दछ ।

१७. वर्तमान संविधानविरुद्धको क्रियाकलाप दिनानुदिन बढिरहेको, सँगसँगै कार्यपालिकाको स्वतन्त्रता र गरिमामा आँच पुऱ्याउने कार्यपालिकाकै नेतृत्वबाट पनि भइरहेको छ । यस सन्दर्भमा वर्तान प्रधानन्यायाधीश श्री हरिप्रसाद शर्माले अस्ट्रेलियामा 'ल एसिया' को सम्मेलनमा दिनुभएको मन्तव्य र प्यूठान जिल्ला अदालतका न्यायाधीश वीरेन्द्रलाल कर्णमाथि असंवैधानिक शाही आयोगले प्रारम्भ गरेको असवैधानिक कार्यको समर्थन गर्ने प्रधानन्यायाधीशको अभिव्यक्ति असंवैधानिक कदमबाट विकसित राजनीतिबाट निर्देशित रहेकाले पदीय मर्यादा अनुकूल नहुनुका साथै संविधानको मर्म, भावना र मूल्यसमेत विपरीत रहेका कारण स्वतन्त्र न्यायपालिकाको गरिमा र मर्यादामा प्रत्यक्षतः आघात पुगेको हुँदा प्रधानन्यायाधीशको उक्त अभिव्यक्तिप्रति यो सभा खेद प्रकट गर्छ ।

**(नेपाल बार एसोसिएसनको वार्षिक साधारणसभाद्वारा ०६२ जेठ २१ गते पारित विशेष प्रस्ताव ।)**

# संयुक्त जनआन्दोलनका कार्यक्रम

१. २०६२ जेठ ३० गते मध्यपुर ठिमी, भक्तपुरमा चार बजे निरङ्कुशताविरुद्ध विरोधसभाको आयोजना गर्ने ।

२. ०६२ असार ३ गते जिल्लास्तरमा देशव्यापी रूपमा निरङ्कुशताविरुद्ध विरोधजुलुस प्रदर्शन गर्ने । यसक्रममा उपत्यकाको हकमा काठमाडौंको सुनधाराबाट दिनको ३:३० बजे विरोधजुलुस प्रदर्शन गर्ने ।

३. ०६२ असार ८ गते पोखरामा निरङ्कुशताको विरुद्ध विरोधसभा आयोजना गर्ने । विरोधसभालाई सातवटै राजनीतिक दलका शीर्ष नेता गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, गोपालमान श्रेष्ठ, चित्रबहादुर आले, नारायणमान विजुक्छे, भरतविमल यादव र चन्द्रप्रकाश मैनालीले सम्बोधन गर्नुहुनेछ ।

४. ०६२ असार १५ गते बुधबार देशका विभिन्न क्षेत्रमा राजनीतिक दल, स्थानीय निकायका जनप्रतिनिधिहरू र कानुन व्यवसायी, पत्रकार, प्राध्यापक, मानवअधिकारवादी, शिक्षक, इन्जिनियर तथा महिला, जनजाति, दलितलगायत नागरिक समाज सहभागी हुने निरङ्कुशताविरुद्धको अन्तरक्रियात्मक कार्यक्रम गर्ने । राजनीतिक दलका वरिष्ठ नेताहरूले सम्बोधन गर्ने कार्यक्रमले सात राजनीतिक दलको साझा घोषणापत्र, मङ्गलबजार विशेष बैठकका प्रस्तावहरू र संयुक्त जनआन्दोलनसम्बन्धी समसामयिक विषयमा छलफल गरी प्रतिबद्धता व्यक्त गर्ने । यसका अतिरिक्त स्थानीय तहमा संयोजन गरी विरोध जुलुस तथा सभा गर्न सक्ने । बैठक तल उल्लेखित जिल्लाका स्थानीय जिल्ला संयोजन समितिले तोकेको ठाउँमा गर्ने ।

मेचीको झापा, कोसीको मोरङ, सगरमाथाको सिरहा, जनकपुरको धनुषा, नारायणीको पर्सा, बागमतीको काभ्रे, गण्डकीको कास्की, धौलागिरिको बागलुङ, लुम्बिनीको रूपन्देही, राप्तीको दाङ, भेरीको बाँके, कर्णालीको जुम्ला, सेतीको कैलाली, महाकालीको कञ्चनपुरमा ।

५. वर्तमान असंवैधानिक सरकारका उपाध्यक्षसमेत मन्त्रिपरिषद्का सदस्यहरू, क्षेत्रीय प्रशासक, अञ्चल प्रशासक र जिल्ला अनुगमन समितिको संयोजकको प्रमुख आतिथ्य तथा उनीहरूको आयोजनाको सार्वजनिक कार्यक्रमहरूलाई बहिष्कार गर्ने ।

६. यस अवधिमा युवा, विद्यार्थी, महिला, मजदुर तथा किसान र पेसागत क्षेत्रमा संयुक्त कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।

७. स्थानीय तहमा समन्वय गरी आन्दोलनका अन्य कार्यक्रम सञ्चालन गर्ने यस क्रममा उपत्यकाका विभिन्न स्थानहरूमा निरङ्कुशताविरुद्ध संयुक्त विरोधसभाहरूको आयोजना गर्ने ।

८. राजनीतिक दलहरूको संयुक्त आन्दोलनलाई सहयोग पुऱ्याउने गरी आ-आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

– २०६२/२/२४

# विघटित तेस्रो प्रतिनिधिसभाको पुनःस्थापना गर्नुपर्दछ

**प्रस्ताव नं. १**

यो विशेष बैठक मुलुकमा थप निरंकुशता लाद्नका लागि आएको २०६१ माघ १९ गतेको शाही घोषणाको विरोध तथा भर्त्सना गर्दै निरंकुशतन्त्रको विरूद्ध पूर्ण प्रजातन्त्र तथा दिगो शान्ति स्थापनाका लागि आन्दोलनरत मुलुकका सातवटा प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चा नेपालद्वारा मिति ०६२ वैशाख २५ गते सार्वजनिक गरिएको 'राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिबद्धताको घोषणा' लाई समर्थन तथा अनुमोदन गर्दछ ।

**प्रस्ताव नं. २**

यो विशेष बैठक देश जनप्रतिनिधिविहीन भएको मौका पारेर राजाको प्रत्यक्ष शासनमार्फत थोपरिएको निरंकुशताले मुलुकको समग्र संवैधानिक व्यवस्था र जनअधिकार क्षतविक्षत भएको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दछ । तसर्थ यो विशेष बैठक निरंकुशताको गम्भीर स्थिति र मुलुकमा विद्यमान सशस्त्र द्वन्द्वका कारण उत्पन्न असुरक्षाका कारण जनप्रतिनिधिहरूको स्वतन्त्र, निष्पक्ष र भयमुक्त निर्वाचन हुनसक्ने अवस्था नभएकाले संविधानलाई पूर्ण रूपमा क्रियाशील बनाउँदै पूर्ण प्रजातन्त्र एवम् दिगो शान्तिको स्थापना, मानवअधिकारको पूर्ण प्रत्याभूति र द्वन्द्वरत पक्षबीच वार्ता एवम् मुलुकलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अग्रगमनतर्फ लैजाने आधार तयार गर्नका लागि विघटित तेस्रो प्रतिनिधिसभाको पुनःस्थापना गर्नुपर्दछ भन्ने ठहर गर्दछ ।

**प्रस्ताव नं. ३**

यो विशेष बैठक राज्यशक्तिको स्रोत सार्वभौमसत्ता सम्पन्न नेपाली जनता हुन् भन्ने यथार्थमा जोड दिंदै जनादेश प्राप्त तेस्रो प्रतिनिधिसभाको पुनःस्थापनाबाट क्रियाशील हुने संसद् नै मुलुकमा देखिएका द्वन्द्व समाधानको प्रयोजनार्थ श्री ५, संवैधानिक राजनीतिक दलहरू र माओवादी पक्षसमेत सम्बन्धित सबैका लागि संवाद तथा सहमतिको प्रभावकारी र उपयुक्त थलो हो भन्ने कुरामा जोड दिन चाहन्छ । तसर्थ उल्लिखित आधारमा राष्ट्रिय संकट समाधानको निमित्त पुनःस्थापित संसद् वार्ता र सहमतिका लागि क्रियाशील हुनेछ र यसका लागि द्वन्द्वरत सबै पक्षलाई यो विशेष बैठक जोडदार आह्वान गर्दछ ।

**प्रस्ताव नं. ४**

यो विशेष बैठक राष्ट्रिय संकट समाधानका लागि प्रतिनिधिसभाको पुनःस्थापना र नेपाल अधिराज्यको संविधान, ०४७ लाई प्रस्थानबिन्दु मान्दछ र प्रतिनिधिसभाको पुनःस्थापना भई क्रियाशील हुने संसद्मार्फत निरंकुशतन्त्रको अन्त्य, पूर्ण प्रजातन्त्र एवम् दिगो शान्तिको स्थापना, मानवअधिकारको पूर्ण प्रत्याभूति तथा मुलुकलाई अग्रगमनतर्फ लैजाने प्रतिबद्धता व्यक्त गर्दछ । यसका लागि प्रतिनिधिसभाको पुनःस्थापनापश्चात् राजनीतिक निकासद्वारा जनतालाई पूर्ण रूपले सार्वभौमसत्ता सम्पन्न बनाउँदै वार्ता र सहमतिद्वारा सशस्त्र हिंसात्मक द्वन्द्वको व्यवस्थापन एवम् दिगो शान्तिको स्थापनालाई मूल एजेन्डा बनाई संसद् तथा सर्वदलीय सरकारले काम गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

अग्रगमनको सन्दर्भमा जनतामा निहित सार्वभौमसत्ता, राज्यशक्तिको स्रोत जनतामा रहने मान्यता, बहुदलीय संसदीय शासन प्रणाली, हिंसा एवम् त्रासबाट मुक्त बहुदलीय प्रतिस्पर्धा, कानुनको शासन तथा स्वतन्त्र न्यायपालिका, राष्ट्रिय महत्त्वको विषयमा जनमत संग्रहको प्रावधान, सेना जननिर्वाचित सरकारप्रति जवाफदेही हुने व्यवस्था, राज्य व्यवस्थासँग सम्बन्धित मामलाहरूमा सबै

तह र तप्काका जनसमुदायहरूलाई निर्णय प्रक्रियामा सामेल गर्न राज्यको पुनःसंरचना गरी यसलाई थप सहभागितामूलक, प्रतिनिधिमूलक र मुलुकका सामाजिक, सांस्कृतिक, भौगोलिक, जातीय र भाषिक विविधता प्रतिविम्बित हुने गरी समावेशी बनाउने प्रबन्ध, स्थानीय स्वशासन र असल प्रशासनको सुनिश्चितता, पूर्ण रूपले पारदर्शी आर्थिक प्रशासनको स्थापना, भ्रष्टाचारको प्रभावकारी नियन्त्रण, महिला, दलित, जनजाति, मधेसी समुदाय, पिछडिएका क्षेत्र र जनताका निम्ति न्यायपूर्ण आरक्षणको व्यवस्था, उपयुक्त आधार वर्ष तय गरी नागरिकता समस्याको समाधान, समानुपातिक विकासको अवधारणा, प्रगतिशील भूमिसुधार, व्यक्तित्व विकासमा समान अवसर, शिक्षा र स्वास्थ्य सेवाको सुलभ र समुचित बन्दोबस्त, मानवोचित एवम् न्यायपूर्ण जीविकोपार्जनको व्यवस्था, राजनीतिक दलहरूको पारदर्शी तथा प्रजातान्त्रिक एवम् उत्तरदायित्वपूर्ण सञ्चालन लगायतका विषयहरूलाई ठोस रूपमा सम्बोधन गरिनेछ भनी यो विशेष बैठक प्रतिबद्धता व्यक्त गर्दछ ।

०४६ सालको जनआन्दोलनको उपलब्धिको रक्षा गर्दै आवश्यक विषयहरूलाई संविधानमा समाहित गर्न र जनतालाई थप सबल तथा पूर्ण रूपले सार्वभौमसत्ता सम्पन्न बनाउन तथा देशलाई अग्रगमनतर्फ लैजान ठोस आधार तयार गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । यसका लागि मुलुकका सबै राजनीतिक शक्तिहरूलाई राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउन तथा मुलुकमा विद्यमान सबै द्वन्द्व समाधान गर्नका लागि अग्रगमनको साझा कार्यक्रमको आधारमा संविधानसभालगायत कुनै पनि सहमत प्रजातान्त्रिक प्रक्रियालाई अवलम्बन गर्न तयार छौं भनी यो विशेष बैठक आफ्नो प्रतिबद्धता व्यक्त गर्दछ ।

**प्रस्ताव नं. ५**

यो विशेष बैठक प्रतिनिधिसभाको पुनःस्थापनापश्चात् प्रतिनिधिसभा सदस्यको हैसियतमा विघटित अवधिको पारिश्रमिक, भत्ता तथा सुविधाबापत कुनै पनि रकम लिने छैन भनी आफ्नो प्रतिबद्धता व्यक्त गर्दछ ।

**प्रस्ताव नं. ६**

यो विशेष बैठक भ्रष्टाचारविरुद्ध संविधानसम्मत तथा कानुनी शासनको अवधारणाबमोजिम सशक्त र प्रभावकारी अभियान सञ्चालन हुनुपर्छ भन्ने आफ्नो अविचलित मान्यतामा पुनः जोड दिँदै संविधानको धारा १२७ लगायतका प्रावधानहरूको विपरीत असंवैधानिक र प्राकृतिक न्याय सिद्धान्तको विरुद्ध स्थापित भई निरंकुश शाही कदमविरोधीहरूप्रति राजनीतिक दुराग्रहको आधारमा क्रियाशील देखिएको कथित भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई अविलम्ब खारेज गर्नुपर्छ भन्ने माग गर्दछ ।

**प्रस्ताव नं. ७**

यो विशेष बैठक स्वतन्त्र सञ्चार माध्यमहरू र सञ्चारकर्मीहरूमाथि भइरहेको दमन, आर्थिक नाकाबन्दी, एफएमहरूलाई समाचार प्रसारण गर्न लगाइएको बन्देज र कम्युनिकेसन कर्नर बन्द गर्न दिइएको आदेशको भर्त्सना गर्दै स्वतन्त्र प्रेसमाथि अझ कठोर स्वेच्छाचारी नियन्त्रण कायम गर्न सञ्चारसम्बन्धी ऐनमा गर्न लागिएको प्रतिगामी संशोधनको तीव्र विरोध गर्दछ र प्रेस स्वतन्त्रताका लागि सञ्चार माध्यमहरू र सञ्चारकर्मीहरूले सञ्चालन गरिरहेको आन्दोलनप्रति हार्दिक ऐक्यबद्धता व्यक्त गर्दछ ।

**प्रस्ताव नं. ८**

यो विशेष बैठक सुशासनको आधारभूत मान्यताविपरीत कर्मचारीतन्त्रमाथि भइरहेको शाही हस्तक्षेप र यस क्रममा अध्यादेशमार्फत स्वेच्छाचारी ढंगले संसद्द्वारा निर्मित कानुनमा संशोधन गर्ने प्रयासको कडा शब्दमा भर्त्सना गर्दछ ।

**प्रस्ताव नं. ९**

यो विशेष बैठक विगत केही वर्षदेखि मुलुकमा सञ्चालित माओवादी हिंसात्मक द्वन्द्वका कारण आफ्नो घरगाउँ छोड्न बाध्य भई विस्थापित गाँस, बासविहीन अवस्थामा कष्टकर जीवन भोगिरहेका र सोका लागि आन्दोलनरत रहेका माओवादीपीडित र विस्थापित नागरिकहरूको आन्दोलनको समर्थन गर्दछ तथा संवेदनशीलतापूर्वक आन्दोलनका माग पूरा गर्न जोड दिन्छ ।

**प्रस्ताव नं. १०**

यो विशेष बैठक संसद्का पूर्वसदस्यहरू शेरबहादुर देउवा, अमिक शेरचन, रामचन्द्र पौडेल, लीलामणि पोखरेल, प्रकाशमान सिंह, ईश्वर पोखरेल, नरहरि आचार्य, तारिणीदत्त चटौत, तीर्थराम डंगोल, बालकृष्ण खाँड र वासुदेव भट्ट, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, मानवअधिकारकर्मी र सञ्चारकर्मीहरूलगायत सम्पूर्ण राजबन्दीहरूलाई तत्काल रिहा गर्न माग गर्दछ । साथै बन्दी रिहाइमा भइरहेको विभेदपूर्ण व्यवहारप्रति यो विशेष बैठक खेद व्यक्त गर्दछ ।

**प्रस्ताव नं. ११**

यो विशेष बैठक काठमाडौं उपत्यकालगायत मुलुकका विभिन्न भागमा देखिएको खानेपानीको गम्भीर समस्या, आधारभूत उपभोग्य वस्तुहरूमा भएको चर्को मूल्यवृद्धि, ग्रामीण क्षेत्रको टेलिफोन सेवा र देशव्यापी मोबाइल सेवालाई स्वेच्छाचारी ढंगले नियन्त्रण तथा बन्देज गरेबाट उत्पन्न समस्या र दुर्गम क्षेत्रमा खाद्यान्न अभावले भएको भोकमरीको समस्यालाई लिएर गम्भीर चिन्ता व्यक्त गर्दछ । साथै आमजनतालाई आक्रान्त बनाउने यी समस्याहरूको सम्बन्धमा राज्यको तर्फबाट देखाइएको उदासिनता तथा हेलचेक्र्याइँतिर यो विशेष बैठक क्षोभ व्यक्त गर्दछ ।

**प्रस्ताव नं. १२**

यो विशेष बैठक शाही निरंकुशताका विरुद्ध सञ्चालन भइरहेको संयुक्त जनआन्दोलनमा सहभागी हुने, समर्थन गर्ने र अन्य सहयोग पुऱ्याउने सम्पूर्ण समुदायप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आन्दोलनका आगामी कार्यक्रमहरूमा समेत थप सहयोग, समर्थन र सहभागिताका लागि सबैमा आह्वान गर्दछ ।

**प्रस्ताव नं. १३**

यो विशेष बैठक राजाको निरंकुशताविरुद्ध प्रजातन्त्र र संयुक्त जनआन्दोलनको पक्षमा उभिने विभिन्न मित्रराष्ट्र र अन्तर्राष्ट्रिय जनसमर्थनप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै थप समर्थनको अपेक्षा गर्दछ ।

# सगरमाथाजस्तो उच्च मृत्यु

## ' शम्भुप्रसाद कट्टेल

सङ्कल्प गीति कार्यक्रमले २०३५/०३६ सालताका नेपालमा जनवादी गीतको प्रचारप्रसारमा क्रान्ति नै ल्याएको थियो । त्यसबेला म आठ कक्षामा पढ्दै थिएँ र भर्खरै मात्र प्रगतिशील कुराहरूबाट प्रभावित भएर विद्यालयको स्ववियुको चुनावमा अनेरास्ववियुको उम्मेदवार बनी प्रमुख पदमा नै लडेर विद्यार्थी साथीहरूको मन जिती जितलाई आफ्नो पक्षमा ल्याएको थिएँ । मलाई पढाइभन्दा राजनीति चाखलाग्दो हुँदै थियो । अझै भनौं भने हृदयस्पर्शी प्रगतिशील गीतहरूबाट म बढी प्रभावित थिएँ । आफ्नो स्वरले गीतको लयलाई समातेर राम्ररी पछ्याउन नसके पनि चर्को स्वरको कारणले साथीहरूले मलाई मोरङ, दुलारी क्षेत्रको सांस्कृतिक टोली प्रमुख बनाउनुभयो । त्यसपछि गीतको भूमिका भन्दै आफ्नो टोलीलाई लिएर म आफ्नो जिल्लाका विभिन्न गाउँहरू र कहिलेकाहीँ जिल्लाबाहिर पनि आफ्नो तिखो स्वरलाई पञ्चायती शासन व्यवस्थाविरोधी स्वरमा चिनाउन थालें ।

प्रसङ्ग ०३९ साल हिउँदको हो । गीत गाउने र गीतको भूमिका भन्ने क्रममा एकदिन म मोरङ जिल्लाको इटहरा भन्ने गाउँमा पुगेको थिएँ । त्यहाँ हामीले पहिलो गीत अर्थात् स्वागत गीतको रूपमा गीतकार मञ्जुलको *'मर्नैपर्छ एकदिन सबैले हामी पनि मर्छौं, हामी मर्दा जनताको शिर उठाई मर्छौं'* भन्ने गीत गाएका थियौं र मैले त्यो गीतको भूमिका भनेको थिएँ । हामीले हतारिएर कार्यक्रम सक्नुपर्‍यो । किनभने हाम्रो सुरक्षादलले प्रहरी हस्तक्षेपको सङ्केत गरिसकेको थियो । लगभग रातको एघार बजेको हुँदो हो, साथीहरूको सुत्ने प्रबन्ध भयो । म पनि एउटा टोलीसँग सुत्न जाने तयारीमा थिएँ । एक जना स्थानीय मित्रले मलाई सुटुक्क भन्नुभयो- 'तपाईंलाई सागर कमरेडले भेट्ने भन्नुभएको छ ।' मलाई यो नाम कताकता सुनेजस्तो लाग्यो तर यस्तो नाम भएको मान्छेसँग परिचित भएजस्तो लागेन । मनमा केही गल्ती नै भयो कि भन्ने पनि लाग्यो र कौतुहलका साथ समाचार ल्याउने मित्रको पछि लागें । लगभग एक घण्टाजति हिँडेपछि उहाँले एउटा सानो घरमा पुर्‍याउनुभयो । त्यहाँ तीन जना मानिसहरू पिलपिलाउँदो टुकीको उज्यालोमा बात मार्दै हुनुहुँदो रहेछ । तीनै जना उठ्नुभयो, हामीले एक अर्कामा कसिला हातहरू मिलायौं । परिचय कार्यक्रमपछि 'आजको गीति कार्यक्रमको मूल्याङ्कन वसन्त कमरेडबाट सुरु होस्' भनेर सागर कमरेडले मलाई भन्नुभयो । मैले त्यस दिनदेखि फ्रेन्चकट दाह्री पालेको, स्पष्ट बोल्ने, हँसिलो मान्छेको नाम सागर रहेछ भनेर चिन्ने मौका पाएको थिएँ । मैले छोटो समयमा त्यस कार्यक्रमको मूल्याङ्कन र आफू सिकारु भएकाले आफ्नैसमेत मूल्याङ्कन गरें । क्रमशः उहाँहरूले पनि गर्नुभयो र म टोली प्रमुख भएको नाताले केही सुझावहरू मलाई दिनुभयो । दाह्रीवाल कमरेड सागरले आफ्नो भनाइको अन्तमा 'मर्नैपर्छ' भन्ने गीतको भूमिका त निकै राम्रो छ नि भनेर प्रशंसा गर्नुभयो । मैले भूमिकामा भनेको सम्झिएँ, 'जन्मनु र मर्नु एक स्वाभाविक प्रक्रिया हो । सबै मान्छे जन्मिएपछि एकदिन अवश्य मर्छन् । यद्यपि, सबैको मृत्यु एकैखाले हुँदैन । जो मानिस बहुसङ्ख्यक जनविरोधी विचार लिएर आफ्नो जीवन बिताउँछन्, तिनीहरूको मृत्यु चराको प्वाँखभन्दा पनि हलुका हुन्छ । मृत्युपश्चात् उनीहरूको पक्षमा सहानुभूतिसमेत सुन्न पाइँदैन तर जो मानिसहरू आफ्नो जीवन बहुसङ्ख्यक जनताका निम्ति, उनीहरूको मुक्तिका लागि उत्सर्ग गर्छन्, उनीहरूको मृत्यु सगरमाथाभन्दा पनि उच्च र गह्रौं हुन्छ । उनीहरूको मृत्युपश्चात् पनि एउटा प्रशंसनीय जीवन सुरु हुन्छ । त्यसैले हामी भन्छौं : आफ्नो जीवन बहुसङ्ख्यक जनताको मुक्तिका लागि लगाऔं र मृत्युलाई सगरमाथाभन्दा पनि उच्च र गह्रौं बनाऔं ।'

मैले केही वर्षपछि अर्थात् बहुदलीय प्रजातन्त्रको प्राप्तिपछि सागर कमरेडको नाम मदन भण्डारी रहेछ भन्ने कुरा थाहा पाएँ । उहाँ अति व्यस्त भएकै कारणले होला, विराटनगरतिर हुँदाको जस्तो भेटघाट र कुराकानी काठमाडौंमा हुन सकेन । भेट नभए पनि उहाँको नाम मलाई प्यारो लाग्थ्यो । अझै भनौं भने म र मजस्ता बहुसङ्ख्यक दुःखी, गरिब नेपाली जनताको मुक्तिको प्रतीकका रूपमा मैले उहाँलाई मेरो हृदयमा राखेको थिएँ ।

०५० साल जेठ ४ गते बिहान फिल्ड जाने कार्यक्रम भएकाले ३ गते साँझ अलिक चाँडै बिछ्यौनातिर लागें । थकाइकै कारणले होला, भुसुक्कै निदाएँछु । बिहानीपख अर्धनिद्रामा थिएँ, कसैले मेरो ढोका जोडले ढक्ढकचाइरहेजस्तो लाग्यो । ढोका खोलेर बाहिर निस्किएँ । नजिकैको कोठाको साथीले थरथरी काँपेको स्वरमा भन्नुभयो- 'दाजु, कमरेड मदन भण्डारी र जीवराज आश्रित त मुग्लिननजिकै त्रिशूली खोलामा दुर्घटनामा पर्नुभएछ ।' मैले आत्तिएर भनें अनि ...? 'दुवैजना जिपसहित हालसम्म बेपत्ता, जिप बेलुकी ६ बजेतिरै खसेको रे !' उहाँको आवाज नसिद्दिँदै मेरा गोडा थरर काँपे, आँखाबाट आँसु झर्न थाले, त्यसपछि ओठमुख सुकेर आएको थाहा छ, अरू केही थाहा छैन । अहिले साथीहरू भन्नुहुन्छ 'लौ खत्तम भएछ, कुनचाहिँ पापीको जाल पर्‍यो' भनेर म बोल्न छाडें रे !

बिहान उठेर आफ्नो बाटो लागें तर यसपालि रेडियो पनि साथमा बोकेको थिएँ । आश्रितको लास गाडीभित्रै पाएको समाचार भोलिपल्ट सुनियो । तथापि मेरो मनमा मदन त मर्नुभएको छैन होला, उहाँ कतैबाट फुत्त निस्कनुहुन्छ होला भन्ने लागिरह्यो । मदन जीवितै कतैबाट निस्किएको समाचार सुन्न आतुर मेरो मनले जेठ ५ गते १ बजेको समयमा आफ्नो सोचाइभन्दा ठीक उल्टो समाचार सुन्नुपर्‍यो । म काभ्रे जिल्लाको चौबास जानका लागि सल्लेभुम्लुको उकालो चढ्दै थिएँ । रेडियोको समाचारमा मदन भण्डारीको लास फेला परेको सुन्नासाथ मेरा गोडाले उकालो चढ्नै मानेनन् र त्यो रात त्यहीं बसें । मलाई त्यसदिन आफूले सोचेको संसार अध्यारो हुँदै गएको र निरासाले मनलाई जितेको अनुभव भयो । भोलिपल्ट चौबास पुगें र मसँगै एमए गरेकी र हाल काठमाडौंमा नै बस्दै गरेकी अमेरिकन साथी केट डिभाइनलाई आवा गरें । आवामा मलाई मृतकहरूको लासमा श्रद्धाञ्जली दिने, शवयात्रामा सहभागी भएर केही फोटाहरू खिच्ने रहर भएको तर आफू बाध्यतावश आउन नसक्ने कुरा उनलाई भनें । उनले आफूलाई पनि त्यो सबै कार्य गर्ने इच्छा भएको र फोटा खिचेर मलाईसमेत उपलब्ध गराउने वचन दिइन् ।

जेठ १९ गते एउटा ठूलो खाममा एउटा चिट्ठी पाएँ । खोलेर हेर्दा *'सूर्य'* मासिक पत्रिकाको वैशाख अङ्क र एउटा लामो चिट्ठी रहेछ । पत्रमा केटले लेखेकी थिइन्- 'म दुवै दिन रङ्गशालामा गएर नेताहरूलाई श्रद्धाञ्जली दिएँ र फोटाहरू पनि खिचेकी छु, जुन पछि सफा गरेपछि पाउनुहुनेछ । म शवयात्रामा सहभागी भएँ । मेरो जीवनको यो नै ठूलो शवयात्रा थियो । लगभग दुई लाखभन्दा बढी मानिसहरू रङ्गशालादेखि आर्यघाटसम्म नै थिए । म दुई घण्टा बागमतीको फोहर पानीमा उभिएर फोटाहरू खिचेकी छु । मेरो विचारमा, हाम्रो देशमा पनि नेताहरूको शवयात्रामा कहिल्यै पनि यति मानिसहरू भेला भएका छैनन् ।' उनले अगाडि लेखेकी थिइन्- 'मानिसहरू भावविह्वल थिए, उनीहरूको आँखाबाट आँसु बगिरहेको देखेर मेरा आँखाबाट पनि पटकपटक आँसु झरे ।' अन्तमा उनले मेरो हृदय छुने गरी फेरि एक लाइन लेखेकी थिइन्- 'सगरमाथाको देशमा मैले सगरमाथाभन्दा पनि अग्लो मृत्यु भएको देखें ।'

# प्रेरणादायी समाजसेवी

नेपालीमा एउटा उखान छ, मानिसको उमेर बूढो हुँदै गएपछि 'घरले जाऊजाऊ, बनले आऊआऊ' भन्छ रे ! हुन पनि प्रायः उमेरले नेटो काट्दै गएपछि अतीतका रमाइला क्षणहरू सम्झँदै विश्रामको जीवन बिताउने आमचलन पनि छ भने कति बृद्धबृद्धाहरू आफैँले जन्माएका सन्तानबाट समेत हेलाँ र तिरस्कार खेपेर आँसु खसाल्दै मृत्युको पर्खाइमा पनि बाँचिरहेका छन् । तर, यो उखान, आमचलन र परिस्थितिलाई चुनौती दिँदै आफ्नो ७८ वर्षको उमेरमा पनि समाजका लागि केही गर्छु भन्ने भावना बोकेर युवाहरूको नेतृत्व गरेर उभिनुभएको छ- गुल्मीका परमानन्द भण्डारी । उहाँको शरीर बूढो भए पनि मन बूढो भएको छैन । सामाजिक विकासका काम र आन्दोलनमा सहभागी हुने कुरामा उहाँ सधैँ युवाहरूसँगसँगै हातेमालो गर्न चाहनुहुन्छ । उहाँ भन्नुहुन्छ- 'इमानदारी र अनुशासनलाई म जीवनको आदर्श मान्छु । मैले जीवनभर इमान गुमाउनुनपरोस् । यही मेरो चाहना छ ।'

क्रियाशील जीवन नै अर्थपूर्ण जीवन हो भन्ने कुराको उदाहरण नै परमानन्द भण्डारी हुनुहुन्छ । अहिले पनि उहाँ गुल्मी जिल्लाको सामुदायिक ग्रामीण विद्युतीकरण आयोजना उपभोक्ता समितिका अध्यक्ष हुनुहुन्छ । आफ्नो जिल्लाका हरेक गाउँमा बिजुलीको व्यवस्था गराउने उहाँको धोको छ । सो धोको पूरा गर्न उहाँ बेलाबेलामा जिल्लाका कार्यकर्ताको नेतृत्व गर्दै डेलिगेसन टोली लिएर राजधानी धाइरहनुहुन्छ । उहाँ जिल्लास्थित खानेपानी परियोजनाको पनि अध्यक्ष हुनुहुन्छ । जसका लागि उहाँहरूले २५ लाख रुपियाँको अक्षय कोषको पनि व्यवस्था गरिसक्नुभएको छ ।

समाजका लागि केही गर्छु भन्ने मान्छे चुप कहाँ हुन्छ र ! उहाँ पनि हुनुभयो त्यस्तै । आफ्नो गाउँ आफैँ बनाऔँ भन्ने परम्परा त उहाँले धेरै पहिले नै सुरु गरिसक्नुभएको रहेछ । सबैभन्दा पहिले २००९ सालमा पाल्पामा गाभिएको आफ्नो जिल्लालाई भिन्नै गुल्मी जिल्लाको पहिचान दिलाउन सफल हुनुभयो । त्यसपछि उहाँहरू ०१२ सालमा पत्थरकोट-तम्घास-रिडी मोटर बाटो बनाउने अभियानमा लाग्नुभयो । ०१६ सालमा उहाँकै पहलमा गुल्मीको तम्घासमा हाइस्कुलको स्थापना भयो । सामाजिक-भौतिक पूर्वाधारको विकाससँगसँगै शिक्षाको विकासलाई भण्डारीले विशेष महत्त्व दिनुभयो । उच्चशिक्षा अध्ययनका लागि आफ्नो गाउँघर छाडेर जानु धेरैलाई सम्भव हुँदैन । तर, जनता शिक्षित नभई विकासको अर्थ हुँदैन, शिक्षाको अवसर सबैले पाउनुपर्छ भन्ने मान्यताअनुसार फेरि पनि उहाँकै पहलमा ०३९ सालमा गुल्मीको तम्घासमा रेसुङ्गा बहुमुखी क्याम्पस खोलियो । सो क्याम्पस भवन निर्माणका लागि उहाँले पाँच रोपनी १४ आना जग्गा पनि उपलब्ध गराइदिनुभयो । उहाँ अहिले सो क्याम्पस सञ्चालक समितिको अध्यक्ष पनि हुनुहुन्छ ।

उहाँ आफू ब्राह्मण परिवारको भएर पनि जातीय भेदभाव र सामाजिक उत्पीडनका विरोधी हुनुहुन्छ । गाउँघरमा छुवाछूत र जातीय विभेदको गहिरो प्रभाव छ । सो प्रभावलाई हटाउन उहाँले ०६० सालदेखि लागू हुने गरी रेसुङ्गा क्याम्पसमा प्रवेशिका, प्रमाणपत्र तह र स्नातक तहमा उच्च अङ्क ल्याउने दलित विद्यार्थीलाई छात्रवृत्ति दिनका लागि दुई लाख रुपियाँको अक्षयकोषको पनि व्यवस्था गरिदिनुभएको छ । उहाँ भन्नुहुन्छ-'यो छात्रवृत्तिको व्यवस्थाले शिक्षालयभित्र दलित विद्यार्थीलाई गरिने होचोअर्घेलो व्यवहारको अन्त्य हुनेछ भने दलित छात्रछात्रालाई उच्च शिक्षा अध्ययनका लागि प्रेरणा मिल्नेछ ।' त्यसैगरी उहाँले गुल्मीको हिमालय उच्च माविमा पनि एक लाख रुपियाँको अक्षयकोष खडा गरेर आठ जना उत्कृष्ठ अङ्क ल्याउने छात्रछात्रालाई पुरस्कार दिने व्यवस्था गराउनुभएको छ ।

धन भएका मानिसहरू धेरै छन् । तर, धेरै मानिस उहाँले जसरी समाजका लागि आफ्नो धन खर्च गर्न सक्दैनन् । तपाईंलाई चाहिँ कसरी यस्तो प्रेरणा आयो ? उहाँ भन्नुहुन्छ- 'हाम्रो आर्थिक स्रोत भनेको राम्ररी खानलगाउन पुग्ने पुर्ख्यौली खेतीपाती हो । छोराछोरी हुर्काउन र पढाउन मलाई त्यसले पुगिहाल्यो । अहिले सबै केही न केही गर्दैछन् । धेरै सम्पत्ति जम्मा गरेर पनि आखिर कहाँ लैजाने र ! सम्पत्तिको काम त खाँचो टार्नु न हो ! धेरै धन हुने मानिसहरू धर्मकर्ममा पनि खर्च गर्छन् । धर्म गर्न पनि काशी नै जानुपर्दैन, सबैको भलो हुने कामका लागि आफूले खर्च गरे पनि धर्मै हुन्छ । त्यसैले मैले शिक्षालाई महत्त्व दिएर आफूले सकेसम्म सहयोग गर्ने प्रयत्न गरेको हुँ । 'चिताउनुपर्छ, आफैँ पुग्छ' भनेझैँ मेरा छोराछोरीले पनि मेरो चाहना पूरा गर्न साथ दिएका छन् । अहिले त मेरी नातिनी डाक्टर छ, नाति इन्जिनियर छ, छोराछोरी सबैको राम्रै छ । सानोतिनो व्यवसाय गरेर चलेकै छन् । त्यसैले आफूसँग धन मात्रै भएर हुँदैन, मन पनि बनाउनुपर्छ, आफैँ गर्न सकिन्छ ।'

आफूले रोपेका विरुवा फल्दा मन कति खुसी हुन्छ ! अहिले त्यस्तै खुसी हुनुहुन्छ परमानन्द भण्डारी । उहाँ भन्नुहुन्छ- 'हामीले तानसेन-रिडी-तम्घास मोटरबाटो खन्न धेरै मिहिनेत गऱ्यौँ । सायद अधिराज्यभरिमा सबैभन्दा धेरै जनश्रमदान जुटाएर खनिएको बाटो पनि त्यही होला । ०३८ साल वैशाख १ गते पहिलोपल्ट हामीले सदरमुकाम तम्घाससम्म ट्याक्टर पुऱ्यायौँ । त्यतिखेर हामी असाध्यै खुसी भएका थियौँ । अहिले त्यो बाटो कालोपत्रे हुँदैछ । त्यसका लागि मैले व्यक्तिगत रूपमा पनि धेरै नै मिहिनेत गरेको छु । आज यो अवस्थामा आइपुग्दा मेरो मन खुसीले ढक्क भएको छ ।'

वि.सं. १९८४ मा आमा भागीरथा र बुवा जगुलालको कोखबाट जन्मनुभएका भण्डारीको ००२ सालमा पूर्णकुमारीका साथ विवाह भयो। ००४ सालमा कानुनमा मध्यमा गर्नुभयो। उहाँको सामाजिक जीवन त एउटा पाटो हो, राजनीतिक जीवन अर्कै छ। आफ्नो जीवनको पूर्वार्द्धलाई स्मरण गर्दै उहाँ भन्नुहुन्छ- 'मैले सुरुमा चण्डी र वेद आफ्नै गाउँको भाषा पाठशालामा पढें। पछि म काठमाडौं आएँ। ००४ सालमा गरिएको जयन्तु संस्कृतम् आन्दोलनमा पनि म सरिक भएको थिएँ। त्यहीँबाट मैले राजनीतिको यात्रा सुरु गरेको हुँ। त्यो आन्दोलन पछि पद्मशमशेरको पालामा हाम्रो देशमा पहिलो संविधान बन्यो। पछि ००७ सालमा राणाको चरम अत्याचार खप्न नसकेर राजा त्रिभुवन भारत जाँदा पनि हामीले त्यसको विरोध गर्‍यौं।'

उहाँले अगाडि भन्नुभयो- '००५ देखि ००८ सालसम्म मैले प्रधानन्यायालयमा जागिर खाएँ। ००८ सालमा मेरी आमा बित्नुभयो, घरमा बुवाले एक्लो महसुस गर्नुभयो। म आफ्नो जागिरबाट राजीनामा गरेर घर फर्किएँ। तर, म गाउँमा गएर पनि यसै बस्न सकिनँ। मभित्रको राजनीतिक चेतना त छँदै थियो तर त्यहाँ सम्पर्कको आधार भएन र त्यसले सही बाटो पाएको थिएन। तैपनि विस्तारै म सामाजिक विकासका काममा सहभागी हुन थालेँ। ०२६ सालमा मेरा छोराहरू पढ्नका लागि बनारस गए। म ०२८ सालमा छोरा भेट्न गए। त्यहाँ छोराहरू वामपन्थी सम्पर्कमा रहेका हुनाले उनीहरूले मलाई क.पुष्पलालसँग भेट गराए। पहिलो भेटमै म पुष्पलालदेखि धेरै नै प्रभावित भएँ।'

'क. पुष्पलाल सादा लवज, सादा खानपान, आफ्नो काम आफैं गर्ने, आफ्ना लुगाकपडा आफैं धुने, खाना पकाउने, भाँडा माझ्नेजस्ता सबै कुरामा आफूलाई सामेल गराउनुहुन्थ्यो। त्यति ठूला, सबैले मानेका नेता भएर पनि कस्तो सहज र सरल व्यवहार ! मलाई अचम्म लाग्यो। क. पुष्पलालको व्यवहारले मलाई सबै कम्युनिस्टहरू यस्तै सहज र सरल हुन्छन् भन्ने प्रभाव पर्‍यो र म पनि कम्युनिस्ट विचारधारातर्फ आकर्षित भएँ,' कम्युनिस्ट प्रभावबारे भण्डारी अगाडि भन्नुहुन्छ- यसरी बनारसबाट फर्केपछि म भित्रीरूपमा कम्युनिस्टलाई सहयोग गर्न थालेँ। आन्तरिक रूपमा म कम्युनिस्ट भए पनि बाह्य रूपमा त्यो सम्भव थिएन। जसरी पनि स्थानीय विकासका कामलाई अगाडि बढाउनु त थियो नै। त्यसैअनुसार, ०३२ सालदेखि ०३८ सालसम्म म निर्विरोध जिल्ला पञ्चायतको सदस्य भएर काम गरेँ। ०४३ सालमा म राष्ट्रिय पञ्चायतको जनपक्षीय उम्मेदवार भएर उठें। मलाई त्यहाँ प्रशासनले नै धाँधली गरेर हरायो। ०४४ सालमा म जिल्ला पञ्चायतको सभापतिमा पनि उठें। त्यहाँ पनि प्रशासनले हाम्रा ३ सय ७९ भोट रद्द गराएर चार भोटको अन्तरले मलाई हरायो।

'०४६ को आन्दोलनमा मैले सबै पञ्चहरूलाई 'अब पञ्चायती व्यवस्थाको अन्त्य हुनुपर्छ, बहुदलीय व्यवस्थाले मात्र प्रजातन्त्रको रक्षा गर्छ, त्यसैले यो आन्दोलन सफल बनाउन सबै पञ्चहरू पनि सहभागी बनौं' भनेर पर्चा निकालेँ। म आफू बुटवलको नगर सङ्घर्ष समितिको सदस्य भएर आन्दोलनमा सक्रिय सहभागी भएँ। ०४८ सालमा मैले नेकपा (एमाले) को सङ्गठित सदस्यता लिएँ। ०४८ देखि ०५४ सम्म म गुल्मी जिल्ला कमिटीको सदस्य भएँ र ०५४ देखि ०५७ सम्म जिल्ला सल्लाहकार समितिको सभापति भएँ। अहिले पनि म पार्टीको जिल्ला सल्लाहकार समितिको सदस्य छु,' आफ्नो राजनीतिक यात्राबारे भण्डारीको कथन छ।

भण्डारीको उमेरले नेटो काटे पनि विचार, व्यवहार र भावनाले उहाँ अझ पनि युवापुस्तासँगसँगै हातेमालो गर्दै हुनुहुन्छ। सामाजिक काममा सधैं मोह राख्ने हुनाले प्रशासनले जति हराउन कोसिस गरे पनि ०५४ सालमा एमालेका तर्फबाट गुल्मीका जनताले जिल्ला उपसभापति पदमा जिताएरै छाडे। आफ्नो कार्यकालभरि उहाँले भएको साधन र श्रोतको अत्यन्त कुशल ढङ्गले परिचालन गर्दै जनभावनाअनुरूप विकासका कामलाई निरन्तरता दिइरहनुभयो।

भण्डारीलाई ०५३ सालमा समाज कल्याण परिषद्ले राष्ट्रिय समाजसेवी घोषित गरी २० हजार नगद र प्रमाणपत्रसहित सम्मान गरेको थियो। त्यसैगरी रेसुङ्गा बहुमुखी क्याम्पसले पनि उहाँलाई शिक्षाको क्षेत्रमा पुर्‍याएको अतुलनीय योगदानको कदर र सम्मान गर्दै दुईपटक अभिनन्दन गरिसकेको छ।

सधैं सबैको भलो गर्ने असल मान्छेलाई पनि कुभलो गर्ने र दुःख दिनेको खाँचो कहाँ हुन्छ र ? त्यस्ता उमेरका समाजसेवीलाई पनि माओवादी आतङ्कले छुट दिएन। ०६० भदौ १२ गते भण्डारीलाई माओवादी छापामारले अपहरण गरेर लगे। तर, एउटा गाविस काटेपछि उहाँ हिँड्न सक्नुभएन, उनीहरूले बोकेर लैजान सकेनन्, आखिर गर्ने के ? भोलिपल्ट माओवादीका जिल्ला इन्चार्ज त्यहीँ आएर 'हाम्रो आन्दोलनलाई तपाईंहरूको पार्टीबाट विरोध नगर्नुहोस्' भन्दै छाडिदिए। उहाँ भन्नुहुन्छ- 'राज्य कहाँ छ ? थाहा छैन। जिल्लाभरि भय छ, सन्त्रास छ, आतङ्क छ। सुरक्षाकर्मी र माओवादीको दोहोरो प्रताडना खप्न बाध्य छन् जनता।'

भण्डारीका तीन छोरा र दुई छोरी छन्। उहाँ भन्नुहुन्छ- 'मेरा सबै छोराबुहारी छोरीज्वाइँ पार्टीका सङ्गठित सदस्य छन्। म आफू कम्युनिस्ट छु र मेरा सन्तान पनि कम्युनिस्ट छन्। कम्युनिस्ट भनेका न्याय र समानताका पक्षपाति हुन्छन्। मैले आफ्ना सन्तानमा यो गुण पाएको छु। म यसमै गौरव गर्छु।'

उहाँ भन्नुहुन्छ- 'मेरो जीवनकालमा सबैभन्दा दुःखद क्षण मदन-आश्रितको दुर्घटनाको समाचार हो भने खुसीको क्षण ०४६ चैत्र २६ गते राती प्रजातन्त्र पुनःस्थापनाको समाचार हो। त्यसबाहेक आउनेजाने घटनाक्रम त स्वाभाविक हुन्, जुन चलिरहन्छन्।'

**' कमला पराजुली**

# कन्जुस

विमल मित्र

एक दिन म हावडादेखि विलासपुर गइरहेको थिएँ । म बसेको पहिलो श्रेणीको डिब्बामा एउटा मानिस चढ्यो । उसको धोती अलि फाटेको थियो अनि कमिज मैलो थियो । मैले उसलाई शङ्काको दृष्टिले हेरेँ । त्यो मानिसले छेउमा आएर सोध्यो-'तपाईं कहाँ जानुहुन्छ ?'

'विलासपुर'- मैले छोटो उत्तर दिएँ ।

'राम्रै भयो । म पनि विलासपुरै जाँदैछु । तपाईं त्यहाँ के गर्नुहुन्छ ?'- उसले सोध्यो ।

'म त्यहाँको मेडिकल अफिसर हुँ ।'- मैले गर्वसाथ भनेँ । ऊसित कुरा गर्न मन लागेको थिएन । मैले टाउको फर्काएँ । सोचेँ, यो मानिस अवश्य पनि टिकटबिना चढेको होला । टिकटचेकर आए बेस हुने थियो । तर, ऊ मलाई छोड्न चाहँदैनथ्यो । उसले भन्यो- 'तपाईं कति तलब पाउनुहुन्छ ?'

मलाई रिस उठ्यो । जवाफ नदिई म चुपचाप बसेँ । उसको कुरा भने टुङ्गिएन । ऊ बोल्न थाल्यो- 'रुपियाँ नै सबैथोक रहेछ । रुपियाँ भए सबै आफ्नो, नभए कोही पनि आफ्नो हुन्न ।'

मैले उसको कुरामा ध्यानै दिएको थिइनँ । त्यहाँ दुईवटा बर्थ थिए । ऊ बोलिरहेको थियो- 'हेर्नुस् न, नोकरी गरेर छोराछोरीलाई मान्छे बनाएँ । कोर्टमा नोकरी गर्थें । आम्दानी राम्रो थियो । पछि मलाई हेर्लान् भनेर छोराछोरीको निम्ति कति दुःख गरेँ तर अहिले हेर्नुस् न !'

'छोराले हेर्दैन ?'- मैले उसको कुरामा चासो मानेको भावमा भनेँ ।

उसले भन्यो- 'म छोराकहाँ जाँदैछु । एक पैसा पठाउँदैन । त्यसलाई मैले जानेको छु । आँखा पनि राम्रो देख्दिनँ । डाक्टरलाई देखाउन पनि पैसा लाग्छ । होइन त ?'

'पैसा त लाग्छ नि !'- मैले भनेँ ।

'आठ रुपियाँ नदिएसम्म डाक्टरले हेर्ने होइन । आठ रुपियाँ कहाँबाट ल्याउनु ?'- उसले आफ्नो लाचारी प्रकट गऱ्यो ।

'छोराले एक पैसा पनि पठाउँदैन ?'- मैले सहानुभूति देखाउन प्रश्न गरेँ ।

'साठी रुपियाँ पठाउँछ महिनामा । साठी रुपियाँले आजकल के हुन्छ र ?'

'अरू छोराहरू छैनन् ?'- मैले सोधेँ ।

'अरू पनि छन् तर सबै आफ्नै संसारमा मस्त छन् । म बूढो बाबुलाई हेर्ने तिनीहरूको फुर्सद नै कहाँ ? दस वर्षदेखि आँखामा जाली लागेको छ । तर, डाक्टरको आठ रुपियाँ फिस दिन कोही मान्दैनन् । सरकारी अस्पतालमा जानू भन्छन् । तर, मैले उनीहरूको इज्जत पनि त हेर्नुपर्छ ।' ऊ अझ उत्तेजित भएर बोल्न थाल्यो- 'डाक्टरलाई देखाउँछु, आठ रुपियाँ पठाइदे भनेर चिट्ठी लेखेँ । तर, जवाफ के आयो, थाहा छ ?'

'के आयो ?'- मैले उसको प्रश्न दोहोऱ्याएँ ।

उसले बिस्तारै भन्यो- 'होस्, नभनौँ, मन व्यर्थै खल्लो हुन्छ । कति दुःख गरेर तिनीहरूलाई मान्छे बनाएँ । अहिले त्यसको परिणाम यस्तो !'

'त्यो आठ रुपियाँका निम्ति तपाईंलाई रेलभाडा नै धेरै लाग्यो त !'- मैले सोधेँ ।

उसले अलिकति हाँस्दै भन्यो- 'रेल भाडा ? मैले टिकट काटेको छु भन्ने सम्झनुभएको ? जीवनमा पैसा तिरेर कहिल्यै रेल चढेको छैन । कम्पनीको रेल आउँछ, जान्छ । म चढ्दा कोइला बढी लाग्छ र ? टिकट छैन र त पहिलो श्रेणीमा चढेको !' ऊ हाँस्यो । उसको कुरा सुनेर मलाई रिस उठ्यो । यस्तो लाग्यो, टिकटचेकर आएर उसलाई निकालिदेओस् ।

फेरि हुर्काएर मान्छे बनाएर पनि अहिले कसैले हेर्दैन । आठ रुपियाँको निम्ति ... ।

उसले भन्यो- 'आठ रुपियाँ अहिले मेरा निम्ति आठ सयजत्तिकै छ । कुनै समयमा त दुवै हातले पैसा बाँड्थेँ । अहिले आठ रुपियाँका निम्ति छोरासित भीख माग्नुपर्दैछ ।' उसको आँखाभरि आँसु थियो, अनुहार टीठलाग्दो थियो । ऊप्रति दया लागेर आयो । मैले भनेँ- 'टिकटचेकर आयो भने त तपाईंलाई निकालिदिन्छ ।'

'निकालोस् । म फेरि अर्को ट्रेनमा चढ्ने छु ।'

'तपाईंसित भएको पैसा पनि लग्यो भने के गर्ने ?'- मैले सोधेँ ।

उसले सहजताका साथ भन्यो- 'मसित पैसा छैन । नाङ्गै पारे पनि एक पैसा पाउने होइन । साठी रुपियाँले कोलकाताजस्तो सहरमा के हुन्थ्यो र !'

'रेलमा खानलाई पैसा चाहिन्न त ?'- मैले प्रश्न गरेँ ।

'मसित खानेकुरा छ ।' एउटा पोको देखाउँदै उसले भन्यो- 'एक रुपियाँको चिउरा बडाबजारबाट किनेर ल्याएको छु । काँचो खुर्सानी पनि छ । यो उमेरमा चप, कटलेट इत्यादि पचाउन सकिने होइन । उमेरमा सबै कुराको स्वाद लिइसकेको छु ।'

त्यसपछि म उसलाई मालसामान हेरिदिन अनुरोध गरेर खान हिँडेँ । म फर्कँदा ऊ काँचो खुर्सानीसित चिउरा खाइरहेको थियो । मलाई देख्नासाथ उसले सोध्यो- 'खानुभयो ?'

'खाएँ ।'- मैले भनेँ ।

उसले फेरि सोध्यो- 'कति लाग्यो ?'

'दस रुपियाँ ।'- मैले भनेँ ।

ऊ झसङ्ग भयो अनि मलाई हेर्दै भन्यो- 'एक खेपको खाना दस रुपियाँ !'

रात निकै बितिसकेको थियो । अब सुत्ने तरखर गर्दै मैले भनेँ- 'अब बत्ती निभाएर सुत्नुपर्छ । खाइसक्नुभयो ?'

'तपाईं सुत्नुहोस् । म यहाँ माथि सुत्छु ।' यति भनेर ऊ माथिल्लो बर्थमा चढ्यो । ऊसित लुगाफाटा, सुटकेस केही थिएन । लुगाफाटा त्यत्तिकै लाएर जुत्ता पनि नफुकाली ऊ सुत्यो ।

'जुत्ता लाएरै सुत्नुहुन्छ ?'- मैले सोधें ।

'अहँ, खोल्दिनँ । नयाँ जुत्ता बनाएको भर्खरै ।' उसले जवाफ दियो । साँच्चै, जुत्ता भने नयाँ थियो । मैले जुत्ताको दाम सोधें । उसले भन्यो- 'अर्डरमा बनाएको, अठार रुपियाँ लाग्यो ।'

रेलको टिकट किन्न नसक्ने, आठ रुपियाँका निम्ति छोरासित भीख माग्ने अनि जुत्ताचाहिँ अठार रुपियाँको लाउने ! म आश्चर्यमा परेँ । मैले सोधें- 'सायद तपाईंलाई जुत्ताको विशेष सोख छ होला ?'

'मेरो जुत्ता पूरा पाँच वर्ष खप्छ । खाईनखाई जुत्ताचाहिँ म राम्रै लगाउँछु ।'- ऊ आफ्नो सोखको बयान गर्दै थियो ।

म उसको अनौठो सोख देखेर छक्क पर्दै निदाएँ ।

भोलिपल्ट बिहान मलाई चाँडै निद्राले छोड्यो । उसले सोध्यो- 'यो स्टेसनपछि विलासपुर आउँछ, होइन ? मैले 'हो' भनेपछि ऊ बर्थबाट ओर्लियो । म पनि आफ्नो लुगाफाटा ठीक गर्न थालेँ ।

उसले केही चिन्तित हुँदै भन्यो- 'विलासपुरमा त धेरै टिकटचेकरहरू हुन्छन्, होइन ?'

'हो, तपाईंले खुबै सतर्क भएर उत्रिनुपर्छ ।'- मैले उसलाई जनाउ दिएँ ।

'रेल ठीकसँग नथामिईकन म उत्रन्छु ।'- उसले भन्यो ।

साँच्चै विलासपुर स्टेसनमा रेल थामिनुअघि नै ऊ रेलबाट उफ्र्यो । त्यति नै बेला चारैतिर मानिसहरूको होहल्ला सुनियो- 'मान्छे मर्‍यो ! मान्छे मर्‍यो !'

रेल थामिएपछि मैले देखें- मसित आउने उही मानिस लीक र प्लेटफर्मको बीचमा लम्पसार परेको थियो । त्यहाँ भीड जम्मा भएको थियो । उसलाई मुस्किलले त्यहाँबाट निकालियो । उसका दुईटै खुट्टा रेलले काटिएका थिए । मानिसहरूले उसलाई स्ट्रेचरमा हालेर अस्पताल पुर्‍याए । ऊ चीत्कार गरिरहेथ्यो- 'मेरा खुट्टा... मेरा खुट्टा... !'

अस्पतालमा सबै कुराको व्यवस्था चाँडै भयो- औषधि, इन्जेक्सन, ब्यान्डेज इत्यादि । बेहोस नभइञ्जेल ऊ चिच्याइरहेको थियो- 'खुट्टा...! खुट्टा... !' खबर पाएर उसको छोरो पनि आयो । आठ रुपियाँका निम्ति छोराचाहिँलाई गाली गरेँ । छोरोले पनि चूपचाप कुरा सुनिरह्यो ।

अर्को दिन उसको होस आउनेबित्तिकै उसले मलाई आफ्नो खुट्टाको विषयमा सोध्यो । 'खुट्टाका निम्ति सुर्ता नमान्नुस् । तपाईं बाँच्नुभयो, त्यसैमा सन्तोष मान्नुस्' भनेर मैले भनिदिएँ । तर, ऊ 'मेरा दुवै खुट्टा ल्याइदिनुस्, डाक्टरबाबु, मेरा खुट्टा...' भन्दै एकोहोरो कराउन थाल्यो । 'तपाईंको खुट्टा राखिदिएका छौं, तपाईं निको भएपछि दिनेछौं ।' मैले यति भनेपछि ऊ अलिकति आश्वस्त भयो ।

विस्तारै उसको स्वास्थ्य ठीक हुन लाग्यो । तर, डाक्टर, नर्स जोसित पनि उसले खुट्टाकै कुरा गर्थ्यो । मसित पनि ऊ खुट्टाकै कुरा गर्थ्यो । एक दिन मैले बुझें- उसको सुर्ता खुट्टाका निम्ति होइन, जुत्ताका निम्ति रहेछ, अठार रुपियाँ दिएर किनेको जुत्ता, त्यस्तो मान्छेले जुत्ताको माया गर्नु स्वाभाविकै हो । मैले जुत्ताको खोजी गर्दा थाहा भयो, मानिसहरूले उसको जुत्ता खुट्टासितै जलाएर खाक पारेछन् । त्यसदिन मैले उसलाई भनिदिएँ 'खुट्टासितै जुत्ता पनि जलाइयो' भनेर । मेरो कुरा सुन्नासाथ उसको अनुहार स्याप्पै सुक्यो । स्याँस्याँ गर्दै उसले भन्यो- 'डाक्टरबाबू, त्यो जुत्ताभित्र...

मेरो रुपियाँ... थियो । मैले... रुपियाँ राख्नलाई विशेष... अर्डर दिएर.... बनाएको थिएँ ।'

'कति रुपियाँ थियो ?'- मैले आश्चर्य मान्दै सोधें ।

'त्रिपन्न हजार...।' एक्कासि उसको सास रोकियो । खुट्टा काटिएको दुःख सहन सके तापनि रुपियाँ जलेको कुरा उसले सहन सकेन । ऊ सधैंको निम्ति निदायो ।

*(भारतीय कथाकार विमल मित्रको प्रस्तुत कथा ' विश्वप्रसिद्ध कथाहरू भाग १ बाट लिइएको हो)*

# तनहुँको कम्युनिस्ट आन्दोलन

## ' प्रतापलाल श्रेष्ठ

राणाशाही विरोधी आन्दोलनमा पनि तनहुँ अग्रस्थानमा छ । बन्दीपुर कब्जा गर्ने क्रममा धेरैले आफ्नो जीवन गुमाउनुपरे पनि अन्ततः २००७ साल फागुन ४ गते बन्दीपुर कब्जा भयो । श्रीभद्र शर्माको नेतृत्वमा उद्योग वाणिज्यमन्त्री हुनुभएका कृष्णलाल प्रधान नै ००८ सालमा पुष्पलाल श्रेष्ठले गठन गर्नुभएको कम्युनिस्ट पार्टीको जिल्ला कमिटीको पहिलो सचिव हुनुहुन्थ्यो । अन्य सांसदहरू बटुकलाल, फणिन्द्र लोहनी, शङ्कर तिवारी, लालबहादुर, गुणबहादुर घले, शमशेरबहादुर र तिलबहादुर हुनुहुन्थ्यो । पहिले यो तनहुँ जिल्ला रिसिङ, घिरिङ र ढोर गरी चार जिल्ला रहेको थियो र ढोरतिर तोपबहादुर महत कम्युनिस्ट सदस्य बन्नुभएको थियो । हाल पनि सङ्गठित सदस्य तोपबहादुर महत पार्टीमै क्रियाशील हुनुहुन्छ । घिरिङमा खासै कमिटी बनेको नपाए पनि रिसिङमा भने तुलसीप्रसाद श्रेष्ठ सचिव रहनुभएको कमिटी बनेको थियो । कमिटीमा लक्ष्मीभक्त उपाध्याय, पीताम्बर रानाभाट, शिवलाल गुरुङ, दिलबहादुर आले, कुवेर राना हुनुहुन्थ्यो । रिसिङ जिल्ला कमिटीको दोस्रो सचिव लक्ष्मीभक्त उपाध्याय हुनुहुन्थ्यो । ०१० सालमा पार्टीको पहिलो महाधिवेशनमा पश्चिम गण्डक पार्टीबाट कृष्णलाल र तुलसीप्रसाद श्रेष्ठले भाग लिनुभएको थियो ।

कम्युनिस्ट पार्टी प्रतिबन्धित भएपछि अखिल नेपाल किसान सङ्घले किसानहरूको नेतृत्व गरेको थियो । अखिल नेपाल किसान सङ्घलाई पार्टीजस्तै मानिन्थ्यो । त्यसबेला अखिल नेपाल किसान सङ्घको नेतृत्वमा बन्दीपुरमा कोरा कपडाको मूल्यवृद्धिविरोधी आन्दोलन, चोकमा विर्ताविरोधी र केशवटारमा सामन्तविरोधी आन्दोलन चलेको थियो । यसैगरी ००९ सालमा एकदेव आलेको नेतृत्वमा सामन्तको जमिन जोत आन्दोलन, सामन्तको भकारी फोर आन्दोलन र जाली तमसुकविरोधी आन्दोलन चलेको थियो । ०१० सालमा एकदेव आले र फणिन्द्र लोहनीको नेतृत्वमा बेनी पाटनको जग्गा खोसी सुकुमबासीलाई वितरण गरिएको थियो र चोक पोखरीटारमा किसानलाई व्यवस्थित गराउने काम भएको थियो । यी आन्दोलनले किसानमा विशेष प्रभाव पारेको थियो जसले गर्दा ०१४ सालको दोस्रो महाधिवेशनमा पश्चिम गण्डकबाट प्रतिनिधित्व गर्ने १५ जनामध्ये सात जना प्रतिनिधि तनहुँ जिल्लाका थिए । त्यसमा एक जना डम्बरबहादुर विदेशी प्रतिनिधि हुनुहुन्थ्यो भने तनहुँका कृष्णलाल

प्रधान, कदमकुमार श्रेष्ठ, लक्ष्मीभक्त उपाध्याय, एकदेव आले, गुणबहादुर घले, बटुकलाल, शङ्कर तिवारी हुनुहुन्थ्यो । ०१५ सालको प्रथम आमुचनावमा क्षेत्र नं. १ सय ३ मा एकदेव आले र चुनाव क्षेत्र नं. १ सय २ मा तुलसीप्रसाद श्रेष्ठ उम्मेदवार बन्नुभएको थियो । उहाँहरूले क्रमशः नेपाली काङ्ग्रेसका पदमबहादुर आले र श्रीभद्र शर्मासँग प्रतिस्पर्धा गर्नुभएको थियो । चुनावमा विजयी हुन नसके पनि पार्टी सशक्त रूपमा विस्तार हुँदै गएको पाइन्छ ।

०१७ सालको कालो काण्डपछि कम्युनिस्ट पार्टी पुनः प्रतिबन्धित भयो । यसले कम्युनिस्ट पार्टीमा ठूलो असर गऱ्यो र काममा अस्तव्यस्तता आयो । परिस्थितिलाई हेर्ने र नीति निर्माण गर्ने कुरामा पनि एकरूपता आउन सकेन । केशरजङ्ग रायमाझीको राजावादी धारले पार्टीलाई झन् क्षति पुऱ्यायो ।

०१९ सालतिर आइपुग्दा विश्व कम्युनिस्ट आन्दोलन सोभियत धुरी र चिनियाँ धुरी गरी दुई ध्रुवमा विभाजित भइसकेको थियो । यसको प्रभाव नेपालको कम्युनिस्ट आन्दोलनमा पऱ्यो र तनहुँको कम्युनिस्ट आन्दोलनमा यसको प्रभावबाट विभिन्न गुट-उपगुटहरू देखापर्न थाले ।

**पुष्पलाल समूहको गठन र पुनर्गठन**

०१७ सालअघि एकीकृत कम्युनिस्ट पार्टीको सङ्गठनमा महत्त्वपूर्ण भूमिका निभाउने यस जिल्लाका कमरेडहरूमा एकदेव आले, कृष्णलाल प्रधान (दोस्रो के.क. सदस्य), लालबहादुर अधिकारी, गुणबहादुर घले, शमशेरबहादुर भण्डारी, फणिन्द्र लोहनी हुनुहुन्थ्यो । उमाकान्त लामिछाने (कास्की), यमएस थापा (स्याङ्जा), हिक्मतसिंह भण्डारी (गोरखा) आदिको पनि राम्रो योगदान छ ।

०१७ सालको काण्डपछि डा. रायमाझीले पार्टीप्रति विश्वासघात गरे । यसकारण ०१९ सालमा भएको तेस्रो महाधिवेशनले पार्टीलाई पुनर्जीवित पार्ने प्रयास गऱ्यो । सोही महाधिवेशनमा एकदेव आले केन्द्रीय सदस्यमा छानिनुभयो । तनहुँमा तेस्रो महाधिवेशनपछि ०२३ सालमा आएर मात्र पार्टी पुनर्गठन गर्ने काम भयो । त्यही सालमा पीताम्बर रानाभाट (सचिव) र सदस्यहरू तिलबहादुर नेपाली, कालुराम रानामगर, तेजबहादुर विकसमेत रहेको जिल्ला कमिटी गठन भयो ।

०२५ सालमा गोरखपुरमा लक्ष्मीभक्त उपाध्यायको अध्यक्षतामा पार्टीको ऐतिहासिक सम्मेलन सम्पन्न भयो । उक्त सम्मेलनमा एकदेव आले, पीताम्बर रानाभाट, खुमबहादुर रानाभाट, गुणबहादुर घलेले पनि भाग लिनुभएको थियो । लक्ष्मीभक्त उपाध्याय सम्मेलनबाट फर्केपछि भीमादमा गिरफ्तार भई नौ महिनाजति जेल पर्नुभयो । पार्टीको ऐतिहासिक तेस्रो सम्मेलनपछि ०३६ सालमा जिल्ला कमिटीहरू पुनर्गठन गर्ने क्रममा गण्डकी अञ्चल कमिटीले पीताम्बर रानाभाट, विश्वबन्धु भण्डारी, टङ्कप्रसाद चापागाईं, तेजबहादुर विकसमेत रहेको जिल्ला कमिटी पुनर्गठन गऱ्यो । सो कमिटीमा ०३०/३१ तिर दधिराज सुवेदी र ०३४ सालमा रविनारायण खनाललाई समावेश गऱ्यो ।

पार्टी कामलाई व्यवस्थित पार्न जिल्लालाई पाँच क्षेत्रमा विभाजन गऱ्यो । टुटेको पार्टीसम्पर्क जोड्दै जिल्लाका प्रायः सबैजसो क्षेत्रमा कुनै न कुनै रूपमा पार्टी काम विस्तार भयो । यही सिलसिलामा स्याङ्जाको हरिनासमा गण्डकी अञ्चलस्तरीय पार्टी सम्मेलन सम्पन्न भयो । जसले अञ्चल कमिटीमा सचिव एमएस थापा र सदस्यमा टेकनाथ बराल, विश्वबन्धु भण्डारी, सुरथबहादुर, रामचन्द्र चापागाईं, दीपक अधिकारी, जयप्रकाश विश्वकर्मा (भरत), बाबुराम पौडेल (पर्वत), लेखनाथ शर्मा (कास्की) समेत रहेको अञ्चल कमिटी पनि गठन गऱ्यो । पछि त्यसमा दधिराज सुवेदी समावेश गरिनुभयो ।

०३५/३६ को विद्यार्थी आन्दोलनको सफलतापश्चात् पञ्चायती तानाशाह जनमतसङ्ग्रहको घोषणा गर्न बाध्य भए । त्यसबेला राजनीतिक वातावरणमा केही खुकुलोपन आयो । प्रतिबन्धित राजनीतिक दलहरूले विरोधका खुला काम गर्न थाले भने जनवर्गीय सङ्गठन र पेसागत सङ्गठनको लहर पनि चल्न थाल्यो । यही पृष्ठभूमिमा ०३६ सालको असार महिनामा जिल्लाका ९५ जना प्रतिनिधिको सहभागितामा भीमाद केसरीडाँडामा सम्मेलन सम्पन्न भयो । यस सम्मेलनले सचिवमा पीताम्बर रानाभाट र सहसचिवमा विश्वबन्धु भण्डारीलाई चयन गऱ्यो भने सदस्यमा दधिराज सुवेदी, रविनारायण खनालका साथै फणिन्द्र निर्मल, डम्बरबहादुर अधिकारी, प्रभाकर पण्डित, डम्बरबहादुर विक, तेजबहादुर विक, ज्ञानबहादुर बानियाँ, विष्णु अधिकारी, तिलबहादुर नेपाली र कृष्णप्रसाद वाग्लेसहित जिल्ला कमिटीको चयन भयो ।

०३६ सालमा विश्वबन्धु भण्डारीको समूह परिवर्तनपछि उत्पन्न शिथिलतालाई समाप्त गर्न केन्द्रीय सदस्य बलराम उपाध्यायले प्रयत्न गर्नुभयो भने ०३७ सालमा तिलक पराजुली पार्टी इन्चार्ज भई आउनुभयो । पीताम्बर अस्वस्थ हुनुभएकाले दधिराजले कार्यकारी-सचिवको भार सम्हाल्नुभयो । ०४३ सालमा सहाना प्रधानले नेतृत्व गरेको पुष्पलाल समूह र मनमोहनले नेतृत्व गरेको समूहबीच एकता भएपछि त्यसलाई नेकपा (मार्क्सवादी) भन्न थालियो ।

ऐतिहासिक जनआन्दोलनको विजयपछि प्रतिगामी शक्तिलाई परास्त गर्न एकीकृत कम्युनिस्ट पार्टीको खाँचो सबैतिरबाट महसुस गरियो । अपेक्षाकृत रूपमा समान विचार भएका पार्टीहरू एकीकरणतर्फ लम्किनु अनिवार्य भइसकेको थियो । यसकारण ०४७ साल पुस २२ गते ऐतिहासिक रूपमा तत्कालीन नेकपाका दुई ठूला घटक नेकपा (मार्क्सवादी) र नेकपा मालेको ऐतिहासिक एकीकरण सम्पन्न भयो । देशमा वामपन्थी आन्दोलनको मूलप्रवाहको रूपमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) को उदय भयो ।

एकीकरणकालमा पार्टीको जिल्ला कमिटीमा सचिवमा पीताम्बर रानाभाट र सदस्यहरूमा दधिराज सुवेदी, रविनारायण खनाल, खुमबहादुर रानाभाट, केबी गुरुङ, मित्रलाल, नरहरि, बद्री अधिकारी, कृष्णचन्द्र र भक्तबहादुर सुनच्युरी हुनुहुन्थ्यो ।

**नेकपा (संयुक्त)**

पार्टीको ०३७ सालको सिमरा सम्मेलनले रायमाझीको गलत लाइनबाट पार्टीलाई बचाएको थियो । सो सम्मेलनमा तनहुँबाट विश्वबन्धु भण्डारीले भाग लिनुभएको थियो । ०३७ साल असोज महिनामा पार्टीको जिल्ला सम्मेलनले सचिवमा विश्वबन्धु भण्डारी र सदस्यहरूमा श्यामराजा महत तथा छायाँदत्तलाई चयन गऱ्यो । पछि मनमोहन समूहबाट आउनुभएका रामलाल महत, घनश्याम घिमिरे र फणिन्द्र निर्मलसमेतलाई समावेश गरी जिल्ला कमिटीको विस्तार गरियो ।

यसपछि जिल्ला कमिटी निरन्तर सक्रिय रह्यो । जसमा सचिव विश्वबन्धु भण्डारी, सदस्यहरू घनश्याम घिमिरे, श्यामराजा महत, दिनेश शर्मा, रामराजा महत र ०४७ सालमा डिल्लीराम रिमाल भएको जिल्ला कमिटीको पुनर्गठन पनि गरियो ।

०२४ सालको पञ्चायती चुनावमा पार्टीको तर्फबाट घनश्याम घिमिरे र सोही अवधिको उपचुनावमा श्यामराजा महतलाई उम्मेदवार बनाइयो । प्रजातन्त्र पुनःस्थापनाको नारा अघि सारेबापत विश्वबन्धु भण्डारीलाई वाक् तथा प्रकाशन ऐन लगाई मुद्दा चलायो, जेल राखियो र धरौटीमा रिहा गरियो ।

प्रजातन्त्रको स्थापनापछि देशमा राजनीतिक क्षेत्रमा सुरु भएको ध्रुवीकरणको प्रक्रियाले यस पार्टीका इमानदार, क्रान्तिकारी कार्यकर्ता र नेतालाई पनि प्रभावित नपारी रहन सकेन । ०४९ साल कात्तिक महिनामा तनहुँ जिल्ला कमिटीका सम्पूर्ण कार्यकर्तासहित एकीकृत पार्टीमा सामेल हुन आयो र विश्वबन्धु भण्डारी राष्ट्रिय परिषद् सदस्यमा समावेश गरिनुभयो ।

**किसान मजदुर सभा**

जनक शर्मा (शेषमणि) अध्ययनको क्रममा काठमाडौँ फर्केपछि उहाँको सन्देश (छविचन्द्र ढकाल), चिन्तक (रामबहादुर) र द्रोण (रामचन्द्र बस्नेत, हाल ने.का.प्र.) सँग वैचारिक र सङ्गठनात्मक एकता कायम हुन थाल्यो ।

०२७ सालमा जनक, सन्देश, चिन्तक, गौतम र द्रोणको समूहले लालजत्था (०२७) संक्षेपमा लाज (०२७) को नाउँबाट काम गर्ने निर्णय गऱ्यो । यही क्रममा क. जनक शर्मा आफ्नो गाउँबाट निस्कासित हुनुहुन्थ्यो र तनहुँमा आउनुभयो । यसपछि सबै साथीहरूको मुख्य कार्यथलो

तनहुँ नै भयो । सन्देश र चिन्तक तथा गौतमले काम क्षेत्र अनुसार आ-आफ्नो गाउँमा काम गर्ने तथा जनक र द्रोणले राजमार्ग क्षेत्रमा काम गर्ने निर्णय भयो । यसैमा राघव (रामराज रेग्मी) धवलागिरि अञ्चलबाट फर्की सामेल हुनुभयो । उहाँलाई तत्कालीन प्रशासनले जिल्ला निष्कासन गरेको थियो । पुराना कमरेडहरूसँग पनि सम्पर्क बढाउँदै विचार मिल्नेसँग सङ्गठनात्मक एकता गर्ने काम गर्दै जानुभयो भने सन्देश चिन्तकले पनि यसरी नै सङ्गठनको विस्तार गर्नुभयो । पूर्व तनहुँ खासगरी पुर्कोट क्षेत्रमा फणिन्द्र लोहनी र रामबहादुर अधिकारीले सङ्गठनको जग हाल्नुभयो ।

यस समूहको मूलतः भूमिगत कार्यशैली भए पनि ०४६ सालपछि वैधानिक रूपमा काम गर्न वैधानिक सङ्गठनको आवश्यकता महसुस गऱ्यो । यसर्थ किसान मजदुर सभाको गठन गरियो । यस सङ्गठनले ऋषि अधिकारीलाई पूर्णकालीन कार्यकर्ताको रूपमा काममा खटायो । यसका अध्यक्ष वासुदेव भट्टराई हुनुहुन्थ्यो । यो सङ्गठन थोरै समयमै निकै लोकप्रिय भयो । जिल्लाका विभिन्न ठाउँमा अधियाँ बालीका निम्ति किसान सङ्घर्षको नेतृत्व गऱ्यो । यसको विस्तार गर्न विभिन्न समयमा खट्ने साथीहरू नारायण परिश्रमी, विश्व अकेला, इन्द्रबहादुर नेपाली, कीर्तन, किरण (द्वारिका), शुकनारायण श्रेष्ठ, श्यामलाल, टेकनाथ पौडेल, मणिराम विक, लक्ष्मण अधिकारी र उपेन्द्र घिमिरे आदिको भूमिका उल्लेखनीय छ ।

पार्टीको महाधिवेशनको पूर्वसन्ध्यामा यो समूह नेकपा (एमाले) मा समाहित भयो । यस समूहका जनक शर्मा राष्ट्रिय परिषद् सदस्यमा समावेश गरिनुभयो ।

**नेकपा (माले) समूहको गठन**

तनहुँमा सम्पर्क सुरुवात पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत विद्यार्थी नेताहरू टुकराज सिग्देल र इन्द्र थापाको माध्यमबाट गरेको पाइन्छ । यही माध्यमबाट जिल्लाको पश्चिम भेग किहुँ, घिरिङमा पार्टी सम्पर्क कायम भयो । जिल्लाको पूर्वोत्तर भाग पुर्कोट, चोकमा केशवलाल श्रेष्ठ, महेन्द्रलाल श्रेष्ठ, रामलाल श्रेष्ठ, फणिन्द्र लोहनीलगायतकाको पहलमा पार्टी सम्पर्क विस्तार भयो ।

०३७ सालमा मुक्ति, केदार, गोपी र केशवबहादुरबाट इलाका पार्टी सक्रिय दल (किहुँ, घिरिङ) मा गठन भयो भने ०३८ सालमा पूर्वमा ऋषि गोकर्ण, मनबहादुर, गौरी, बाबुकृष्णको बीचमा पार्टी सक्रिय दल पार्टीका पूर्णकालीन कार्यकर्ता राजेशले गठन गर्नुभयो ।

यसपछि थप्रेक फिर्दीमा सम्पर्क विस्तार गर्दै स्याङ्जाको पार्टी कमिटीबाट राइपुरमा दलबहादुर लगायतका कमरेडहरूसँग सम्पर्क भयो ।

०४१ मा पार्टी कामलाई व्यवस्थित बनाउन प्रेमनारायण सचिव र सदस्यहरू मोहन बोहरा, टुकराज सिग्देल र एकबहादुर रानाको बीचमा जिल्ला पार्टी सक्रिय दल गठन भयो । यसबाट पार्टी कामले गति लिन थाल्यो । ०४४ मा राइपुर क्षेत्र पनि तनहुँमा समावेश गरियो र ०४५ को आन्दोलन सञ्चालन गर्न अध्यक्ष माधव सिग्देल र सचिव चित्र थापा रहेको प्रयायुमञ्च गठन भयो । सो आन्दोलनमा किहुँ, भीमाद र राइपुरमा व्यापक दमन भयो । ०४३ तिरबाट विस्तारै यो पार्टी नै सबैभन्दा सशक्त रूपमा जिल्लामा स्थापित भयो । यस पार्टीलाई जनताबीच स्थापित गर्न भूमिगत र पूर्णकालीनहरूको विशेष भूमिका छ । तत्कालीन पूर्णकालीनहरूमा प्रेमनारायण पौडेल, मोहन बोहरा, महेन्द्रलाल श्रेष्ठ, टुकराज सिग्देल, चित्र थापा, यज्ञराज सुवेदी हुनुहुन्थ्यो ।

पूर्व माले समूहको सङ्गठन विस्तारमा जिल्लाबाहिरबाट आउनुभएकाहरूको स्मरणीय योगदान रहेको छ । जिल्लाबाहिरबाट बहुदलीय व्यवस्थाको आगमनपछि पनि पार्टी काममा कार्यकर्ता आउनुभएको छ । ०३९ बाट ०४८ सम्म तनहुँको पार्टी काम गर्नेमा मोहन बोहरा हुनुहुन्छ । पार्टी सचिवको जिम्मेवारी लिएर उहाँले जिल्लाको पार्टी काममा ठूलो योगदान दिनुभयो । त्यस्तै जनआन्दोलन पूर्व र पछि पनि जिल्ला पार्टीको नेतृत्व प्रेमनारायण पौडेलले गर्नुभएको छ । ०४४-४६ को बीचमा लमजुङका महेन्द्रलाल श्रेष्ठले पनि तनहुँको जिम्मेवारी सम्हाल्नुभयो । पवर्तबाट यज्ञराज सुवेदीले ०४६ मा एक वर्ष तनहुँमा आई पार्टी काम गर्नुभयो । बहुदलपछि कास्कीबाट शारदा सुवेदीले तनहुँमा पार्टी सचिवको नेतृत्व गर्नुभयो । उहाँको कुशल नेतृत्वमा ०४८ मा पार्टीले आमचुनावमा विजय प्राप्त गऱ्यो । त्यस्तै ०४६ पछि केशव आचार्यले कास्कीबाट तनहुँमा आई पार्टीको काम गर्नुभएको थियो ।

पार्टीले ०४६ सालको आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेको थियो । पार्टीको तर्फबाट आन्दोलन सञ्चालन गर्न ढोरफिर्दीमा जिल्ला सङ्घर्ष कमिटी बनाइयो । उक्त सङ्घर्ष समितिको प्रमुखमा टुकराज सिग्देल, सचिवमा चित्र थापा र सदस्यहरूमा मोहन बोहरा, केदार सिग्देल, थमन आले आदि हुनुहुन्थ्यो । भूमिगत रूपमा भने पार्टीको नेतृत्व प्रेमनारायण पौडेलले गर्नुभएको थियो ।

०४७ मा एकीकरणअगाडि नेकपा (माले)को जिल्ला कमिटीमा सचिव शारदा सुवेदी, सदस्यहरू मोहन बोहरा, टुकराज सिग्देल, एकबहादुर राना, चित्र थापा र केशव आचार्य रहनुभएको थियो ।

०४७ साल पुसमा नेकपा (माले) र मार्क्सवादी समूह एकीकरण भएपछि जिल्ला सङ्गठन कमिटीमा शारदा सुवेदी सचिव र सदस्यहरूमा दधिराज सुवेदी, टुकराज सिग्देल, एकबहादुर राना, पीताम्बर रानाभाट, चित्र थापा, केशव आचार्य, मोहन बोहरा, रवि खनाल, केदार सिग्देल, दलबहादुर थापा, नरहरि कँडेल, केबी गुरुङ, मित्रलाल भट्टराई, खोमबहादुर रानाभाट रहनुभएको थियो ।

०४९ मा नेकपा (संयुक्त) र किसान मजदुर सभा पनि नेकपा (एमाले) को मूलप्रवाहमा समाहित भइसकेपछि दधिराज सुवेदीको नेतृत्वमा १५ सदस्यीय जिल्ला सङ्गठन कमिटी पुनर्गठन भएको थियो ।

०५० साल जेठ २८ गते अधिवेशन सम्पन्न गऱ्यो र तीन स्थान रिक्त राखी १९ सदस्यीय जिल्ला कमिटी निर्माण गऱ्यो । जुन कमिटीको नेतृत्व टुकराज सिग्देलले गर्नुभयो भने सदस्यहरूमा दधिराज सुवेदी, एकबहादुर राना, चित्र थापा, तिलक शर्मा, रामबहादुर अधिकारी, रवि खनाल, शिवशङ्कर पौडेल, धनबहादुर गुरुङ, तारानाथ उपाध्याय, धनञ्जय गैरे, शङ्करनारायण श्रेष्ठ, लक्ष्मण अधिकारी, रामचन्द्र तिमिल्सिना, श्यामराजा महत, इम विक हुनुहुन्थ्यो । पछि कमिटीमा नारायण खनाल, केदार सिग्देल र छविचन्द्र ढकाललाई मनोनयन गऱ्यो ।

घनश्याम घिमिरेको अध्यक्षतामा सात सदस्यीय सल्लाहकार कमिटी कृष्णकुमार श्रेष्ठ, डम्बरबहादुर अधिकारी, छत्रराज पाण्डे, पीताम्बर रानाभाट, पूर्णबहादुर गुरुङ र जीबी राना हुनुहुन्थ्यो ।

०५२ साल असार महिनामा नेकपा (एकताकेन्द्र) बाट मुक्तिनाथ खनाल, विश्वबहादुर अधिकारी, डा. चन्द्रबहादुर थापाको नेतृत्वमा ७ सय ६२ जना कमरेडहरूलाई केन्द्रीय कमिटी सदस्य विष्णु पौडेलले टीका लगाई स्वागत गर्नुभयो । यसपछि बसेको जिल्ला कमिटीको बैठकले उत्तमप्रकाश पण्डित, कृष्णराज खनाल, हितबहादुर थापा, बलबहादुर शाही र डम्बरदेव कैनीलाई जिल्ला कमिटीमा र प्रेमप्रकाश ढकाल, बाबुराम ढकाल, दामोदर शर्मा, मोहनबहादुर थापा, विष्णुकुमार श्रेष्ठ र हेमप्रसाद शर्मालाई सल्लाहकार कमिटीमा राख्यो ।

०५३ साल वैशाख ६, ७ र ८ गते तेस्रो जिल्ला अधिवेशन दमौलीमा सम्पन्न भयो । अधिवेशनले सचिव टुकराज सिग्देल, उपसचिव केदार सिग्देल, सदस्यहरूमा एकबहादुर राना, छविचन्द्र ढकाल, चित्र थापा, शङ्करनारायण श्रेष्ठ, उपेन्द्र देवकोटा, विद्यानाथ ढकाल, मानबहादुर अधिकारी, विनोदचन्द्र अधिकारी, इमबहादुर विक, श्रीप्रसाद श्रेष्ठ, प्रतापलाल श्रेष्ठ, हरिराज कँडेल, चन्द्रकला बराल, नारायण खनाललाई चयन गऱ्यो ।

यो जिल्ला अधिवेशनमा नसमेटिएका साथीलाई अञ्चल कमिटीको निर्णयअनुसार दधिराज सुवेदी, विष्णुकुमार श्रेष्ठ, कृष्णराज गुरुङ, रविनारायण खनाल, उत्तमप्रकाश पण्डित र घनश्याम घिमिरेलाई जिल्ला कमिटीमा थप गऱ्यो । त्यसपछि बसेको बैठकमा केही जिम्मेवारीहरू हेरफेर गऱ्यो र केदार सिग्देललाई क्षेत्र नं. ३ का सचिव र चित्र थापालाई उपसचिवको जिम्मेवारी प्रदान गऱ्यो ।

०५४ सालमा नेकपा (एमाले) को जीवनमा पार्टी विभाजनको दुःखद घटना भयो, यसले तनहुँमा पनि प्रभाव पाऱ्यो । दधिराज सुवेदी, रविनारायण खनाल र विष्णुकुमार श्रेष्ठ मालेतिर लाग्नुभयो । सचिव टुकराज सिग्देलले ०५६ सालमा भएको संसदीय निर्वाचनमा क्षेत्र नं. ३ बाट विजयी हुनुभएपछि जिम्मेवारी हेरफेर गरियो र क्षेत्र नं. १ को क्षेत्रीय सचिव रहनुभएका एकबहादुर राना जिल्ला कमिटीको सचिव हुनुभयो । त्यसैवर्ष ०५६ साल आश्विन १३ र १४ गते चौथो जिल्ला अधिवेशन दमौलीमा सम्पन्न भयो । तेस्रो जिल्ला अधिवेशनमा भएको दुःखद घटना चौथो जिल्ला अधिवेशनमा पुनरावृत्ति भएन र एक सिट पछि थप्ने गरी २१ सदस्यीय जिल्ला कमिटी गठन गऱ्यो । सचिव एकबहादुर राना, उपसचिव केदार सिग्देल र सदस्यहरूमा कृष्णराज ढकाल, प्रतापलाल श्रेष्ठ, नारायणप्रसाद खनाल, चित्र थापा, टुकराज सिग्देल, शङ्करनारायण श्रेष्ठ, तारानाथ उपाध्याय, हरिनाथ अधिकारी, विद्यानाथ ढकाल, उपेन्द्र देवकोटा, कर्णबहादुर गुरुङ, हरिराज कँडेल, धनञ्जय गैरे, होमबहादुर थापा, दलबादुर थापा, सूर्यबहादुर गुरुङ, मायानाथ कोइराला, भगवती न्यौपाने, इमबहादुर विक चुनिनुभयो । जिल्ला कमिटीको बैठकले पछि श्रीप्रसाद श्रेष्ठ र रामबहादुर अधिकारीलाई पनि चुन्यो । करिब चार वर्षपछाडि नेकपा (एमाले) र नेकपा (माले) बीच ०५८ फागुन ३ गते ऐतिहासिक एकता भयो र तनहुँ जिल्लामा पनि त्यही महिनाको २२ गते भएको अञ्चल कमिटीको बैठकले पूर्णबहादुर गुरुङ, रविनारायण खनाल, विष्णुकुमार श्रेष्ठ, डम्बर कैनी, फणिन्द्रबहादुर पाण्डे, विश्वबहादुर अधिकारी, दधिराज सुवेदी, रामबहादुर अधिकारी, विश्वबन्धु भण्डारी र डा. चन्द्रबहादुर थापालाई थप्ने निर्णय गऱ्यो । तनहुँको ०५८ फागुन २७ गतेको बैठक एकताको बैठक भएको छ । त्यस बैठकले जिम्मेवारीहरू प्रदान गर्ने काम गऱ्यो । तर, डम्बरदेव कैनीले पछि बिनाकारण राजीनामा दिनुभयो भने विष्णुकुमार श्रेष्ठ कहिल्यै जिल्ला कमिटीको बैठकमा सहभागी हुनुभएन ।

०६० वैशाख १९ र २० गते दमौलीमा पार्टीको पाँचौं जिल्ला अधिवेशन सम्पन्न भयो । यस अधिवेशनले २१ सदस्यीय जिल्ला कमिटी गठन गऱ्यो । सचिवमा प्रतापलाल श्रेष्ठ, उपसचिवमा चित्र थापा र सदस्यहरूमा एकबहादुर राना, शङ्करनारायण श्रेष्ठ, केदार सिग्देल, नारायण खनाल, मायानाथ कोइराला, शिवशङ्कर पौडेल, हरिनाथ अधिकारी, ऋषिराम पन्त, मीनबहादुर थापा, कर्णबहादुर गुरुङ, हरिराज कँडेल, राजेश्वर ढकाल, होमबहादुर थापा, दधिराज सुवेदी, इमबहादुर विक, रामचन्द्र उपाध्याय, श्रीप्रसाद श्रेष्ठ, दीपेन्द्रराज शाही र भगवती न्यौपाने चयन हुनुभयो । पछि चन्द्रकला बराल, विद्या ढकाल, तारानाथ उपाध्याय, रामबहादुर अधिकारी र दलबहादुर थापालाई सदस्यमा थप्ने निर्णय गऱ्यो ।

# माओवादी आतङ्कले चुँडेको लाली गुराँस

**' पृथ्वीसुब्बा गुरुङ**

**सा**मन्तवादी राणाशाहीको निरङ्कुशताका विरुद्ध जनक्रान्तिको फिलिङ्गो बन्दै सहादत प्राप्त गर्नुहुने वीर सहिदहरूप्रति देशभर श्रद्धाञ्जली अर्पण भइरहेकै दिन २०६१ माघ १६ गते शनिबार माओवादी आतङ्ककारीहरूको एउटा आततायी जत्थाले नेपाली कम्युनिस्ट आन्दोलनका उदीयमान युवा नेता तिलकराज पाण्डेको नृशंसतापूर्वक हत्या गऱ्यो । माओवादीहरूको तथाकथित सात बुँदे आरोपपत्रले जाहेर गर्छ कि देश, जनता र क्रान्तिप्रतिको उहाँको निष्ठा, लगनशीलता, क्रियाशीलता र जनता तथा समाजसेवाप्रतिको उहाँको उच्च समर्पण माओवादी जल्लादहरूलाई असह्य भएर नै उहाँको हत्या भएको हो । हिंसा, आतङ्क, हत्या र विध्वंसलाई मानव सभ्यतामाथिको विजय र जनक्रान्ति ठान्नेहरू विचार र सिद्धान्तलाई मानव जीवन र सभ्यताको समृद्धिका लागि आवश्यक ठान्दैनन्, बरु तिनीहरू त क्रान्तिकारी लफ्फाजी र ढोङ्गका लागि रक्त-तिर्खा तृप्त पार्न खर्चिन्छन् विचार र सिद्धान्तलाई । यही क्रममा ०५२ देखि क्रान्तिको नाममा प्रतिक्रान्तिको आत्मघाती खेलमा मलजल पुऱ्याउँदै आएका माओवादी आतङ्ककारीहरूले नेकपा (एमाले) जिल्ला कमिटी लमजुङका सचिवालय सदस्य तिलकराज पाण्डेको हत्या गरी रगतको तिर्खा मेटेका छन् । सामन्तवाद-साम्राज्यवादको विरुद्ध जनयुद्धको घोषणा गरेका प्रचण्डहरूको क्रान्तिकारी लफ्फाजी र रोमान्सवाद त्यतिबेला छताछुल्ल पोखियो, जतिबेला उनीहरूले नेपाली समाजको मुक्ति र राष्ट्रिय स्वाधीनताको युद्धमोर्चामा क्रियाशील एउटा जनयोद्धाको, नाजीहरूको ग्यासच्याम्बरमा यहुदीहरूलाई यातना दिएर गरेको हत्याभन्दा निर्ममतापूर्वक हत्या गरे । तसर्थ भन्नैपर्छ, माओवादीहरूको 'एक्काइसौं शताब्दीको जनवाद' हिटलरको 'एक्काइसौं शताब्दीको नाजीवाद' भन्दा सबै अर्थमा निकृष्ट र निरङ्कुश सावित भएको छ ।

लमजुङ परेवाडाँडा- २ हाँडेटारमा युद्धराज पाण्डे र चोलकुमारी पाण्डेको माहिलो छोराको रूपमा ०२१ भदौ २९ मा जन्मनुभएका उहाँ त्रिभुवन उच्च मावि मानेचौका, तनहुँबाट ०४० मा एसएलसी उत्तीर्ण गर्नुअघि अनेरास्ववियु (एकताको पाँचौं)मा क्रियाशील हुनुहुन्थ्यो । नेपाल ल क्याम्पसबाट बीएल र महेन्द्ररत्न क्याम्पसबाट बीएड उत्तीर्ण उहाँ क्याम्पसमा पनि विद्यार्थी राजनीतिमा क्रियाशील हुनुहुन्थ्यो । केही समय शिक्षण पेसामा संलग्न भई ०४४ देखि वीर अस्पताल, काठमाडौँमा कार्यरत रहनुभयो । ०४६ को जनआन्दोलनताका डा. भरत प्रधानहरूसँगै आन्दोलनकारीको उपचार गर्ने काममा सक्रिय रहनु भई जनआन्दोलनमा सहभागी रहनुभयो । प्ररायुसंघको दोस्रो राष्ट्रिय सम्मेलनमा प्रतिनिधित्व गर्नु भई युवा फाँटमा समेत क्रियाशील रहेको प्रमाणित गर्नुभएको छ ।

०५० पुस १७ गते नेकपा (एमाले) को सङ्गठित सदस्यता प्राप्त गर्नुभएर ०५१ देखि जिल्ला कमिटी लमजुङको सदस्य भएर इलाका इञ्चार्ज, स्थानीय निकाय विभाग प्रमुख, विभिन्न कार्यदलहरूको जिम्मेवारी सम्हाल्दै हत्या गरिनुपूर्व उहाँ निर्वाचन क्षेत्र नं. २ को क्षेत्रीय सचिव र सचिवालय सदस्य हुनुहुन्थ्यो । उहाँले पार्टीको छैटौं र सातौं महाधिवेशनमा लमजुङबाट प्रतिनिधित्व गर्नुभएको थियो । भनिन्छ, मानिसको बफादारी र इमानदारी शान्त र सहज परिस्थितिमा मापन गर्न सकिँदैन । उसको इमानदारीको पहिचान र मापन आँधी र हुरी चलेको असहज र अशान्त परिस्थितिमा मात्र हुन्छ । यही सन्दर्भमा पार्टीमा विभाजनको आँधी र हुरी चलेको असहज र अत्यन्त कठिन परिस्थितिमा तिलकराज पाण्डे सतिसालझैँ जनता र पार्टीको पक्षमा ठिङ्ग उभिनुभयो । उहाँको सम्झनामा यो पङ्क्ति लेखिरहँदा म सम्झिरहेको छु- पार्टी विभाजनले कार्यकर्ता, सदस्य र शुभेच्छुकहरूको चहराइरहेको घाउमा मलहमपट्टी लगाउने काममा समर्पित भएर खट्नुभएको थियो उहाँ ।

०४९ र ०५४ मा उहाँ गाविसको अध्यक्षमा निर्वाचित हुनुभएको थियो । उहाँको कार्यकालमा पानीले काकाकुल परेवाडाँडाबासीलाई स्वच्छ खानेपानीको प्रबन्ध, सबै वडामा सडक सञ्जालको निर्माण, टुकीको छायाँमा बाँचेको घरझोपडीमा बिजुलीबत्तीको वितरण तथा पाँचवटा प्राथमिक र दुईवटा निम्नमाध्यमिक र माध्यमिक विद्यालयको स्थापना गरी शिक्षामा सबैको पहुँच पुगेको छ । एनजीओ र आईएनजीओहरूसँग समन्वय गरी सीपमूलक तालिमहरू, वातावरण संरक्षण र हाँडेटार सिँचाइ आयोजनाको सुसञ्चालन तथा अन्य थुप्रै कामहरू उहाँको कार्यकालका उल्लेखनीय कामहरू हुन् ।

संसदीय र आन्दोलनको मोर्चामा बढी कुशल र दमदार मानिने उहाँ समकालीन परिस्थितिमा सूचना सङ्कलन र सम्प्रेषणमा पनि माहिर हुनुहुन्थ्यो । आमसभा, जुलुस र भेलाहरूमा जनपरिचालन, आन्दोलनका लागि माइकिङ, पोस्टरिङ्मा पनि उहाँ अग्रणी हुनुहुन्थ्यो ।

मादीको तीरदेखि चेपेको शिरसम्मका लमजुङे जनता र कार्यकर्ताहरू उहाँलाई एक जना हिम्मती, साहसी र जाँगरिलो नेताका रूपमा चिन्थे। गाउँमा माओवादीको प्रभुत्व बढ्दै गएपछि गाउँहरू रित्त हुँदै गएका बेला सडक निर्माणमा होस् वा विद्यालयको व्यवस्थापन समिति निर्माणमा, विद्युतीकरणमा होस् वा विकास निर्माणका अन्य काममा, उहाँ अँधेरी रातमा लाखौँ ताराहरूको बीचको एउटा चम्किलो चन्द्रमा हुनुहुन्थ्यो। र, हुनुहुन्थ्यो- माओवादी उग्रसैन्यवादको आतङ्कको विध्वंसले उजाड र खण्डहर बनेका गाउँबस्तीमा आतङ्ककारीहरूलाई ललकार्ने निर्माण र जागरणको लाली गुराँसको रातो थुङ्गा। निशाचरहरूका विरुद्ध खबरदारी गर्ने र चेतनाको राँको बाल्ने जुनकीरी हुनुहुन्थ्यो तिलक पाण्डे।

क्रान्तिकारी सिद्धान्त, सशक्त सङ्गठन र समर्पित एवम् त्यागी कार्यकर्ताहरूको पार्टी नेकपा (एमाले) आज किन जुर्मुराउन सकेको छैन ? सायद जनतामा चुर्लुम्म डुबेका जनआधारित कार्यकर्ताभन्दा जनताबाट अलगथलग बन्दै गएका एकोहोरो कोरा राजनीति मात्रै गर्दै आएका कार्यकर्ताहरूमा मात्र निर्भर हुँदै गएर त्यसो भएको हो कि ? तर, उहाँ एकहदसम्म सामाजिकीकृत हुनुहुन्थ्यो। जनताबीच सम्धी-सम्धिनीको नाता गाँस्न कुशल संयोजकको भूमिकामा पोख्त हुनुहुन्थ्यो र शिक्षित युवाहरूलाई कुनै न कुनै स्थानमा संलग्न गराउने र खासखास पार्टी कार्यकर्ताहरूको घरव्यवहारमा चुर्लुम्म डुबेर मोती टिप्ने योजना बनाई दुःख बाँड्नुहुन्थ्यो उहाँ। स्थानीय माविको अध्यक्ष, मातृभूमि क्याम्पस र लमजुङ कृषि क्याम्पस, लमजुङ कृषि सडकसहित थुप्रै सङ्घसंस्थामा उहाँको भूमिका र योगदान हस्तक्षेपकारी र नेतृत्वदायी दुवै थियो।

आफ्ना भतिजा रवीन्द्र पाण्डेको विवाहमण्डपबाटै बिहान ९:३० बजे अपहरण गरी दिउँसो २:३० बजे दक्षिण लमजुङमा पुऱ्याएर जनताको रानो तिलक पाण्डेको माओवादी आततायीहरूले गोली प्रहार गरी हत्या गरे। हत्यापश्चात् विजयोल्लास मनाए। र, जनयुद्ध जिन्दावादको नारा लगाए। एउटा कम्युनिस्ट क्रान्तिकारीको हत्यामा जनयुद्धको सफलता र जनवादको दीर्घजीवन देख्ने चियाङ चिङको सांस्कृतिक क्रान्ति, पोलपोटको जनवादी क्रान्ति र माओवादीको 'प्रचण्डपथ' उग्रवामपन्थी बालरोगको चरम नमुना हो। सुसंस्कृत, सुसभ्य र समृद्धि मानवजीवनका लागि समर्पित क्रान्तिकारीहरूले क्रान्तिका दौरान सहादत प्राप्त गर्नु, जानकी तुलाधर (पाण्डे) हरूको सिउँदो पुछिनु तथा श्रद्धा पाण्डेहरू टुहुरो बन्नु गौरव र सम्मानको विषय बन्छ। तर, क्रान्तिको माला जप्दै, जनयुद्धको तपस्या गर्दै, जनताकै आरनमा बनेको हँसियाले क्रान्तिको नाममा सामन्ती प्रतिक्रान्तिका बीउहरू छरिरहेका र विष-बृक्षहरू हुर्काइरहेका प्रचण्डहरू सामन्तको सेवकमा परिणत भइरहेका हुन्छन् र स्वयम् आत्मघातमा रुमलिइरहेका हुन्छन्। सायद चियाङ चिङ, चारु मजुमदार र पोलपोटको नियति भोग्न अभिशप्त छन् तथाकथित क्रान्तिकारी प्रचण्डहरू।

शोकको मन्तव्य र श्रद्धाञ्जलीको वक्तव्यको तुष्टीकरणको बरफलाई फुटालेर यदु गौतमजस्तै सशक्त र वैचारिक कार्यकर्ताहरू, तिलक पाण्डेजस्तै क्रियाशील र जुझारु कार्यकर्ताहरू तथा गुप्त विक र चक्र डगौराजस्ता जनपङ्क्तिबाट विकसित भएका लोकप्रिय कार्यकर्ताहरूको निर्माण गरी पार्टीलाई साँच्चिकै जनआधारित कार्यकर्ताहरूको पार्टी बनाऔँ। निर्माण, समानता र समृद्धिको दिशामा दृढतापूर्वक पाइला बढाऔँ। सबैखाले अवसरवाद र अतिवादबाट क्रान्ति र मुलुकलाई मुक्त पारौँ। यही नै तिलक पाण्डेहरूप्रतिको सच्चा श्रद्धाञ्जली ठहरिनेछ।

# बन्दुकको भरमा संविधान मार्ने कोसिस हुँदैछ

**शम्भु थापा, अध्यक्ष, नेपाल बार एसोसिएसन**

**० तपाईंहरूले 'माघ १९' को घोषणाको विरोध किन गरिरहनुभएको छ ?**

- हामी ०५९ जेठ १८ देखिकै शाही कदमका विरुद्धमा छौँ। 'माघ १९' को घटनाको त हामी झन् प्रखर विरुद्धमा छौँ। यो कदम संविधानका विरुद्ध छ, असंवैधानिक छ। संविधानले श्री ५ लाई मन्त्रिपरिषद्को अध्यक्षता ग्रहण गर्ने अधिकार दिएको छैन। श्री ५ भनेको सम्पूर्ण नेपाली र राजमुकुटको प्रतिनिधित्व गर्ने श्री ५ हुनुपर्दछ भन्ने संविधानमा व्यवस्था छ। मन्त्रिमण्डलको अधिकार आफैँले प्रयोग गर्ने अधिकार श्री ५ सँग छैन। कानुन संसद्ले निर्माण गर्नुपर्छ। कानुन र संविधानको सर्वोच्चता सबैले मान्नुपर्छ। संविधानसम्मत नभएकाले हामी शाही कदमका विरोधीभन्दा पनि संविधानको पक्षमा छौँ। यसलाई विरोधको रूपमा होइन, संविधानको पक्षधरको रूपमा हेर्नुपर्छ।

**० तर, संविधानमा त राजाको कदमको विरोध गर्न नपाइने व्यवस्था छ नि ?**

- श्री ५ ले श्री ५ को हैसियतले गरेको कामको विरोध गर्न पाइँदैन तर श्री ५ ले जब सरकारको कार्यकारिणी अधिकार प्रयोग गरेर आइसकेपछि त्यसको जवाफदेहीता लिनुपर्छ। त्यस्तो कदमको विरोध गर्न पाइन्छ, आलोचना गर्न पाइन्छ।

**० संसद् नभएको र चुनाव पनि हुन नसक्ने अवस्थामा राजाले उद्धारकको भूमिका निर्वाह गरेको दरबारियाहरूको भनाइ छ नि ?**

- एक व्यक्तिले उद्धारकको भूमिका निर्वाह गरेर निर्वाह नै हुँदैन। संविधानले त्यो जिम्मा राजनीतिक दलहरूलाई दिएको छ। राजनीतिक दलहरूको अभावमा संविधान र कानुनी शासनको कल्पना गरिएको छैन। त्यसकारण प्रश्न व्यक्तिविशेष वा दरबारिया वर्गको होइन, प्रश्न सम्पूर्ण नेपालीको हो। विद्रोहीलाई कसरी ल्याउने भन्ने महत्त्वपूर्ण कुरा हो। हामी कसरी अघि बढ्छौँ भन्ने सवाललाई गौण बनाएर कुनै पक्षले आफूलाई अनुकूल हुने गरी केही भन्यो भने हामी त्यो मान्दैनौँ। राजनीतिक दलकै पनि 'माघ १९' अघिको विश्लेषणसँग हामी सहमत थिएनौँ।

**० बारको केन्द्रीय परिषद्को सम्मेलनले वर्तमान सरकार विघटनको माग किन गरेको हो ?**

- मन्त्रिमण्डल संविधानअनुसार चाहिन्छ, अहिलेको मन्त्रिमण्डल संविधानअनुकूल छैन। मन्त्रिमण्डलको सिफारिसमा श्री ५ ले काम गर्ने व्यवस्था संविधानमा छ, अहिले त्यो पनि भएको छैन। श्री ५ ले प्रत्यक्ष शासन गर्ने व्यवस्था हाम्रो संविधानमा छैन। हुँदै नभएको काम जबर्जस्ती गर्नु अधिकारको घोर दुरुपयोग हो, संविधानको जालसाजी प्रयोग हो। संविधानका कुनै पनि प्रावधान नमान्नु भनेको संविधानका आचरणहरू उल्लङ्घन गर्नु हो। त्यसकारण शाही कदम संविधानको लिखित शब्दका विरुद्ध भएकाले हामीले स्पष्ट शब्दमा बोलेका हौँ।

**० अहिले नेपालमा संविधान क्रियाशील छ र ?**

- संविधान क्रियाशील बनाउनुपर्छ। यहाँ बन्दुकको भरमा संविधानलाई मार्ने कोसिस हुँदैछ। अहिले हामीले क्रियाशील छैन भन्ने होइन कि क्रियाशीलताको जरुरत छ भन्ने हो। यो संविधान गयो भने हामीहरूको पहिचान रहन निकै गाह्रो छ। पूरै मुलुकको भविष्य यही संविधानसँग जोडिएको छ। यो संविधान नै यस्तो कडी हो, जसले नेपाल र नेपाली राष्ट्रियताको संरक्षण गर्न सक्दछ।

**० तपाईंहरूले त शाही आयोगको पनि विरोध गर्नुभयो ?**

- यो शाही आयोग भनेको आयोगै होइन। त्यसको केही अर्थै छैन।

**० आयोग नभए के हो त ?**

- श्री ५ सँग देशको सुरक्षा अधिकार निहित भएकाले त्यसको बलमा मात्रै त्यो आधारित छ, कानुन र संविधानमा आधारित छैन । श्री ५ ले सम्पूर्ण नेपाली र संविधानको मर्म र भावना बुझ्ने हो भने असंवैधानिक आयोग तुरुन्त खारेज गर्नुपर्छ ।

**० माग त तपाईंहरूले आयोग गठन हुँदादेखि नै गरिरहनुभएको छ, होइन र ?**

- हो, गरिरहेका छौँ । पूरा नहुञ्जेल गरिरहन्छौँ । कानुनी शासन भनेको सयमा कहिल्यै पनि पुग्दैन । यसमा निरन्तर लागिरहनुपर्दछ ।

**० यसलाई अदालतमा चुनौती दिन सकिँदैन ?**

- हाम्रा कानुन व्यवसायी साथीहरूले चुनौती दिइरहेका छन् । अदालतले पनि यसलाई गैरकानुनी घोषणा गर्दछ भन्ने मलाई विश्वास छ । नेपाल बार आफैँले मुद्दा नहाले पनि यसमा हाम्रो पूर्ण सहमति छ ।

**० तपाईंहरूले राजनीतिक दलको उक्साहटमा आन्दोलन गरेको र 'साइजअनुसारको कोट नलगाएको' आरोप छ नि ?**

- हामी राजनीतिक दलबाट प्रेरित छैनौँ । राजनीतिक दलका हामी सदस्य पनि होइनौँ, हामी कसैको भ्रातृ सङ्गठन पनि होइनौँ । हामीमा कसैको लगाम पनि छैन । हाम्रा आधारभूत केही मान्यताहरू छन्, जसको आधारमा हामी चलिरहेका छौँ । हामीमाथि आरोप लगाउनु विकृत मानसिकताको उपज मात्र हो । हामी राजनीतिक दलको पछाडि लागेका छैनौँ । तर, मुलुकको संविधानको पक्षमा बोल्दा कुनै आलोचना आउँछ भने हामी त्यसबाट डराउँदैनौँ ।

**० बन्दी प्रत्यक्षीकरणका मुद्दामा बन्दी छुटाउन तपाईं आफैँ भिडेको देखियो । यस्तो अवस्था पहिले कहिल्यै आएको थियो ?**

- आएको थियो होला । नेपाल बारको भूमिका भनेको अग्रजहरूबाटै प्रेरित छ । कानुन व्यवसायीहरूको यो संस्थाको नेतृत्व गर्नेले आफ्नो समयमा आइपरेका समस्याहरूको सामना गर्ने हो । म जुन समयमा परेँ, त्यो समयको भूमिका मैले निर्वाह गरिरहेको छु । हिजोका साथीहरूले पनि गर्नुभएको थियो । कसले कति गर्‍यो भन्ने कुरा आमजनसमुदाय र कानुन व्यवसायी साथीहरूले मूल्याङ्कन गर्ने कुरा हो ।

**० निरङ्कुशताका विरुद्ध उत्रिएका कारण कुनै अदृश्य शक्तिले तपाईंलाई धम्की दिएको त छैन ?**

- अहिलेसम्म छैन ।

**० आउने खतरातर्फ सचेत हुनुहुन्छ ?**

- म एउटा सामान्य नागरिक हुँ । म संविधानको पक्षमा उभिँदाखेरि मबाट कसैले खतरा महसुस गर्नुपर्दैन, कसैले त्यस्तो सोच्ला भन्ने मलाई लाग्दैन ।

**० तपाईंले प्रतिनिधिसभा पुनःस्थापनाको मुद्दा निरन्तर उठाइरहनुभएको छ । यो संवैधानिक प्रश्न हो र ?**

- बिलकुल संवैधानिक हो । संविधानका हरेक धारामा प्रतिनिधिसभा छ । प्रस्तावनामा छ, धारा १, ३, २७, ३६, ४१, ७२ जहाँतहीं प्रतिनिधिसभा छ । प्रतिनिधिसभाको अभावमा त देशै चल्न सक्दैन ।

**० हरेक धारामा प्रतिनिधिसभा कसरी देखिरहनुभएको छ ?**

- प्रतिनिधिसभाको अभावमा संविधान नै जीवित रहँदैन । संविधानलाई जीवित र क्रियाशील बनाउन प्रतिनिधिसभा चाहिएको हो । कुनै पनि धाराले प्रतिनिधिसभाविहीनताको व्याख्या गर्न सक्दैन ।

**० तर, तीन वर्ष त मुलुक प्रतिनिधिसभाविहीन भइसक्यो ।**

- म कुनै राजनीतिज्ञ त होइन तर राजनीतिक रस्साकसीमा कहिलेकाहीँ यस्तो अवस्था आउँछ भन्ने मलाई लाग्छ । नेपालमा बारम्बार यस्तै घटना हुन्छन् । तीन वा चार वर्ष गयो भन्नेसँग यसको सम्बन्ध छैन । हामी सबैले बुद्धि नपुर्‍याएकाले यो अवस्था आएको होला । यसको दोष, म, तपाईं, राजनीतिक दल, श्री ५ सबैले लिनुपर्छ ।

**० तर, सर्वोच्च अदालतले नै प्रतिनिधिसभा विघटनलाई वैध ठहर्‍याइसकेको छ नि ?**

- सर्वोच्च अदालतले विघटनलाई वैध ठहर्‍याएको हो, पुनःस्थापनालाई अवैध ठहर्‍याएको छैन ।

**० पुनःस्थापनाको मुद्दाका बारेमा अदालत बोलेको छैन नि ?**

- बोलेको छैन । हामीले बोल्नुपर्‍यो भनिरहेका छौँ । सर्वोच्च अदालतका पूर्ववरिष्ठ न्यायाधीश कृष्णजङ्ग रायमाझीले समेत यसबारेमा बोल्नुपर्‍यो भनिसक्नुभयो । विश्वनाथ उपाध्याय, लक्ष्मण अर्याल, दमननाथ ढुङ्गाना, नीलाम्बर आचार्य सबैले यसबारे अदालत बोल्नुपर्‍यो भनिसक्नुभएको छ । श्री ५ बाट पनि असंवैधानिक हुन्छ कि भन्ने धारणा मात्रै आएको छ । श्री ५ पूरै विपक्षमा भन्न मिल्दैन । श्री ५ को विवेक प्रतिनिधिसभा चाहिन्छ भन्नेमा प्रयोग हुन्छ भन्नेमा म विश्वस्त छु ।

**० सर्वोच्च अदालत अनिर्णयको बन्दी किन भएको होला ?**

- सर्वोच्च अदालत अनिर्णयको बन्दी भएको छैन । प्रधानन्यायाधीश निष्क्रिय हुनुभएको हो ।

**' विष्णु रिजाल**